सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ असोज २०८०, बिहीबार (28 Sep 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १६८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ प्रधानमन्त्री प्रचण्ड ल्हासामा

'सबै परम्परागत नाका खोल्न चीन तयार'



बुधबार तिब्बतको ल्हासामा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई स्वागत गर्दै तिब्बत सरकारका कार्यकारी उपाध्यक्ष एवं चिनियाँ कम्युनिस्ट पार्टीको तिब्बत उपसचिव चेन योइछी । तस्बिर : प्रदीपराज वन्त/रासस

■ ल्हासास्थित नेपाली महावाणिज्य दूतावासमा प्रधानमन्त्री प्रचण्डले भने-

ठूला सहमति भए भन्ने त होइन । तर, नेपाल-चीन सम्बन्धमा नयाँ भरोसा र गति पैदा भएको छ । राष्ट्रपति, प्रधानमन्त्री र जनकग्रेसका अध्यक्षसँग खुलेर कुराकानी भएको छ । चिनियाँ प्रधानमन्त्री लीसँग मैले नाकाहरूको नाम नै पढेर सुनाएँ । उहाँसँग परम्परागत स्थानीय नाका खुल्ने कुरा भएको छ । भूकम्प र कोभिडपछि बन्द नाकाहरू खुलेका छन् । अब परम्परागत नाकाहरू पनि खुल्छन् । व्यापार र पारवहनमा फड्को मार्न सकिन्छ भन्ने विश्वास भएको छ ।

■ आज कैलाश मानसरोवर जाने

प्रधानमन्त्री प्रचण्ड बिहीबार पवित्र कैलाश मानसरोवर जाने कार्यक्रम छ । उनी मानसरोवर ताल र कैलाशको दर्शन गरेर बिहीबार त्यहीं बस्नेछन् । शुक्रबार ल्हासा फर्केर उनी साँझ सिचुआन प्रान्तको राजधानी छेन्दु पुग्नेछन् । शनिबार प्रधानमन्त्री स्वदेश फर्किनेछन् ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चीनको तिब्बत क्षेत्रसँग जोडिएका सबै परम्परागत नाका खुल्ने बताएका छन् । बुधबार तिब्बतको राजधानी ल्हासा पुगेका प्रधानमन्त्री प्रचण्डले नेपाली महावाणिज्य दूतावासमा बोल्दै भ्रमण र चिनियाँ नेताहरूसँगको कुराकानी आशा गरेभन्दा राम्रो र सफल भएको जिकिर गरे ।

नेपाल र चीनबीच तातोपानी, रसुवा र हिल्सा अन्तर्राष्ट्रिय नाकाका रूपमा हाल सञ्चालन भएका छन् । किमाथांका र ओलाङचुङगोला नाका द्विपक्षीय व्यापारिक प्रयोजनका लागि खोल्न चीन तयार भइसकेको छ । अब बाँकी नाका पनि क्रमशः खोल्न चीन तयार भएको प्रधानमन्त्रीको भनाइ छ ।

चीन भ्रमणका वेला ठूला सहमति नभए पनि नेपाल-चीन सम्बन्धमा नयाँ भरोसा र गति पैदा भएको प्रधानमन्त्रीको विश्वास छ । 'ठूला सहमति भए भन्ने त होइन । तर, कताकता केही समयदेखि गतिरोधतिर जाने हो कि भन्ने स्थिति चिरिएको छ । नेपाल-चीन सम्बन्धमा नयाँ भरोसा र गति पैदा भएको छ,' प्रधानमन्त्री प्रचण्डले भने, 'राष्ट्रपति, प्रधानमन्त्री र जनकग्रेसका अध्यक्षसँग खुलेर कुराकानी भएको छ ।'

■ जिडिआईमा नेपाल प्रवेश, बिआरआई कार्यान्वयन योजनामा चाँडै हस्ताक्षर

प्रधानमन्त्री प्रचण्डले नेपाल-चीन सीमानाकाबारे समकक्षी ली छियाङसँग विस्तृतमा कुराकानी भएको सुनाए । 'चिनियाँ प्रधानमन्त्री लीसँग मैले नाकाहरूको नाम नै पढेर सुनाएको छु । उहाँसँग परम्परागत स्थानीय नाका खुल्ने कुरा भएको छ । भूकम्पले बन्द भएका र कोभिडपछि बन्द भएका नाकाहरू खुलेका छन् । अब परम्परागत नाकाहरू पनि खुल्छन्,' प्रधानमन्त्रीको भनाइ थियो, 'अब व्यापार र पारवहनमा फड्को मार्न सकिन्छ भन्ने विश्वास भएको छ ।'

प्रधानमन्त्रीस्तरीय औपचारिक वार्ताको भोलिपल्ट मंगलबार जारी संयुक्त वक्तव्यमा चिनियाँ पक्षले परम्परागत नेपाल-चीन सीमा व्यापार नाका खोल्न सहमति गरेको उल्लेख छ । 'चेन्ताङ-किमाथांका, रिबु-ओलाङचुङगोला बन्दरगाह चाँडै खोल्नका लागि काम गर्न नेपाल र चीन सहमत भएका छन्,' संयुक्त वक्तव्यमा छ, 'नेपाललाई भूपरिवेष्टित मुलुकबाट भूजडित मुलुकमा परिणत गर्न चीनको पारवहन यातायात र राजमार्गको उपयोगसम्बन्धी हस्ताक्षर गरिएको सहयोगसम्बन्धी दस्ताबेज कार्यान्वयनमा निरन्तरता दिन दुवै पक्ष सहमत भएका छन् ।'


संयुक्त वक्तव्यअनुसार थप दुई व्यापारिक नाका खोल्ने तथा समग्र सीमाको संयुक्त अनुगमन गर्ने सहमति भएको हो । हाल तातोपानी, रसुवागढी र हिल्सामा यात्रु तथा कार्गो ओहोरदोहोरका लागि तिब्बतसँग नेपालको नाका खुला छ । नयाँ

» पृष्ठ ११ मा क्रमशः

अन्तर्राष्ट्रिय टी-२० मा नेपालको ऐतिहासिक प्रदर्शन

एउटै खेलमा १० विश्वकीर्तिमान

■ शतक, अर्धशतकदेखि सर्वाधिक छक्कासम्मका यस्ता रेकर्ड



जितलाई निरन्तरता दिने कोसिस गर्छौं

● रोहितकुमार पौडेल, कप्तान, नेपाल

मंगोलियाविरुद्ध हामीले पहिलो बलिङ गर्न खोजेका थियौं । हामीले टस हार्यौं र ब्याटिङ गर्न गयौं । हामीलाई थाहा थियो- विकेट कन्डिसन निकै राम्रो थियो । ब्याटिङमा राम्रो गर्ने प्रयास थियो । यो विकेटमा तीन सय रन सहज लाग्यो । कुशल र दीपेन्द्रले उत्कृष्ट ब्याटिङ गरे । दुवै एग्रेसिभ रूपमा खेले । अहिले हाम्रो लक्ष्य पदकभन्दा पनि जितलाई निरन्तरता दिने हो ।

हाङझाउ (चीन)मा **श्रीलोचन राजोपाध्याय**

तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

१९औं एसियन खेलकुद प्रतियोगिता (एसियाड) अन्तर्गत बुधबार हाङझाउमा नेपाली क्रिकेट टोली मंगोलियासँग प्रतिस्पर्धामा उत्रिँदै गर्दा नतिजा लगभग अनुमानित नै थियो । तर, क्रिकेट पण्डितहरूले अनुमान गरेभन्दा पनि उत्कृष्ट प्रदर्शन गर्दै नेपालले एकै खेलमा १० विश्व कीर्तिमान बनाएको छ । मध्यक्रमका ब्याट्सम्यान दीपेन्द्रसिंह ऐरीले ९ बलमै अर्धशतकको दुर्लभ कीर्तिमान बनाएका छन्, जुन आगामी दिनमा पनि 'ब्रेक' हुने सम्भावना अत्यन्त न्यून छ ।

मंगोलियाविरुद्धको खेलमा नेपालले सर्वाधिक योगफल, फराकिलो जित अन्तर, छिटो शतक र अर्धशतक, सर्वाधिक छक्का, स्ट्राइक रेट, सर्वाधिक रनरेट, तेस्रो विकेटका लागि उच्चतम साझेदारी तथा डेथ ओभर र अन्तिम १० ओभरमा सर्वाधिक रन बनाउनेलगायतका विश्व कीर्तिमान बनाएको हो । अन्तर्राष्ट्रिय टी-२० मा मंगोलियाको यो डेब्यु खेल हो ।

टस हारेर पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा तीन विकेट गुमाएर तीन सय १४ रनको योगफल बनाएको थियो । प्रत्युत्तरमा मंगोलिया

» पृष्ठ ११ मा क्रमशः

३४ बल मै शतक

कुशल मल्लले अन्तर्राष्ट्रिय टी-२० मा ३४ बलमै शतक बनाएर विश्वकीर्तिमान राखे । ५० बल सामना गरेका उनले १२ छक्का र आठ चौकाको मद्दतमा १३७ रनको अविजित पारी खेले । यसअघि यो रेकर्ड संयुक्त रूपमा भारतका कप्तान रोहित शर्मा, दक्षिण अफ्रिकाका डेभिड मिलर र चेक रिपब्लिकका सुदेश विक्रमसेखरको नाममा थियो । उनीहरूले समान ३५ बलमा शतक बनाएका थिए ।

९ बलमै अर्धशतक

दीपेन्द्रसिंह ऐरीले पनि ९ बलमै अर्धशतक बनाएर विश्वकीर्तिमान राखे । उनले १० बलमा आठ छक्काको सहयोगमा ५२ रन बनाए । यसअघि भारतका युवराज सिंहले टी- २० मा इंग्ल्यान्डविरुद्ध १२ बलमा ५० रनको रेकर्ड राखेका थिए ।

३१४ रनको कीर्तिमानी योगफल

विपक्षी टोलीविरुद्ध सर्वाधिक धेरै योगफलको कीर्तिमान पनि नेपालले बनाएको छ । २० ओभरमा ३१४ रनको योगफल अहिलेसम्म कुनै राष्ट्रले बनाएका थिएनन् । यसअघि २३ फेब्रुअरी २०१९ मा अफगानिस्तानले आयरल्यान्डविरुद्ध २७८/३ को रेकर्ड राखेको थियो ।

२७३ रनको फराकिलो जित

नेपालले मंगोलियालाई २७३ रनले हराउँदै अहिलेसम्मकै फराकिलो अन्तरको जित निकाल्यो । यसअघि ३० अगस्ट २०१९ मा चेक रिपब्लिकले टर्कीलाई २५७ रनको अन्तरले हराएको थियो ।

सर्वाधिक रनरेट प्रतिओभर १५.७

मंगोलियाविरुद्ध नेपालले प्रतिओभर रनरेट १५.७ मा ब्याटिङ गरेको थियो । यसअघि २३ फेब्रुअरी ०१९ मा अफगानिस्तानले आयरल्यान्डविरुद्ध २७८/३ को योगफल जोड्दा १३.९ को रनरेट राखेको थियो ।



कुशल मल्ल

दीपेन्द्रसिंह ऐरी

२६ छक्काको कीर्तिमान

नेपालले सर्वाधिक छक्का प्रहारको रेकर्ड पनि बनाएको छ । मंगोलियाविरुद्ध नेपाली खेलाडीले २६ छक्का हाने । यसअघि २०१९ मा चेक रिपब्लिकले टर्कीविरुद्ध, अफगानिस्तानले आयरल्यान्ड र वेस्टइन्डिजले दक्षिण अफ्रिकाविरुद्ध समान २२ छक्का प्रहार गरेका थिए ।

तेस्रो विकेटको साझेदारी १९३ रन

कुशल मल्ल र कप्तान रोहितकुमार पौडेलले तेस्रो विकेटका लागि १९३ रनको कीर्तिमानी साझेदारी गरे । कुनै पनि जोडीले तेस्रो विकेटका लागि गरेको यो उच्च साझेदारी हो । यसअघि सन् २०२० मा न्युजिल्यान्डका डेभन कन्वे र ग्लेन फिलिप्सले तेस्रो विकेटका लागि वेस्टइन्डिजविरुद्ध १८४ रनको साझेदारी गरेका थिए ।

५२०.०० को स्ट्राइक रेट

दीपेन्द्रले टी-२० मा अहिलेसम्मकै उच्चतम स्ट्राइक रेट राखेका छन् । उनले ५२०.०० स्ट्राइक रेटमा ब्याटिङ गरे । यसअघि वेस्टइन्डिजका डवेन स्मिथले १३ सेप्टेम्बर २००७ मा बंगलादेशविरुद्ध ४१४.२८ को स्ट्राइकमा ब्याटिङ गरेका थिए ।

डेथ ओभरमा ८९ रन

डेथ ओभरमा सर्वाधिक रन बनाउने रेकर्ड पनि नेपालले आफ्नो नाममा लेखाएको छ । डेथ ओभरमा नेपाली खेलाडीले ८९ रन बटुलेका हुन् । यसअघि सन् २०१९ मा इंग्ल्यान्डले न्युजिल्यान्ड र नर्वेले जर्मनीविरुद्ध डेथ ओभरमा समान ७६ रन बनाएका थिए ।

अन्तिम १० ओभरमा १९२ रनको कीर्तिमान

नेपालले एकपछि अर्को विश्वकीर्तिमान राख्ने क्रममा अन्तिम १० ओभरमा समेत रेकर्ड बनायो । नेपाली ब्याट्सम्यानले अन्तिम १० ओभरमा १९२ रन बनाए । यसअघि टी-२० फर्म्याटमा आइपिएलअन्तर्गत बेंग्लोरले गुजरात लायन्सविरुद्ध १७२ रन बनाएको थियो ।

■ नयाँ शैलीको बैंकिङ ठगी

एसबिआई बैंकले गुमायो डेढ करोड

नवराज मैनाली/नयाँ पत्रिका

अन्तर्राष्ट्रिय एटिएम कार्डमार्फत गरिने भुक्तानीमा नयाँ किसिमको बैंकिङ ठगी हुन थालेको छ । म्यानुअल पिओएस मेसिनबाट भएको एक ठगी घटनामा नेपाल एसबिआई बैंकले एक करोड ५८ लाख रुपैयाँ गुमाएको छ । प्रहरीले एक व्यक्ति पक्राउ गरी अनुसन्धान अघि बढाएको छ ।

प्रहरीका अनुसार प्वाइन्ट अफ सेल्स (पोज मेसिन)बाट हुने भुक्तानीमा ठगी भएको हो । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले ठमेलमा व्यवसाय गर्ने ड्रागन इन्भेस्टमेन्ट प्रालिका सञ्चालक किसनराज सिंहलाई पक्राउ गरी घटनाको अनुसन्धान अघि बढाएको छ ।

नेपाल एसबिआई बैंकको जाहेरीका आधारमा पक्राउ परेका सिंहलाई बैंकिङ कसुर मुद्दामा कारबाही अघि बढाइएको सिआइबी प्रवक्ता एसपी नवराज अधिकारीले बताए । बैंकले उनीविरुद्ध एक करोड ६८ लाख ८१ हजार ६ सय ३६ रुपैयाँको बिगो दाबी गरेको छ । यस्तो

» पृष्ठ ११ मा क्रमशः

पिओएस भुक्तानीले जोखिममा व्यवसायी

अन्तर्राष्ट्रिय कार्डमार्फत हुने भुक्तानीमा व्यवसायी सतर्क हुन थालेका छन् । अन्य घटनामा पनि 'डिस्प्युट'सम्बन्धी उजुरी पर्न थालेपछि ठमेल क्षेत्रका कतिपय व्यवसायीले म्यानुअल पिओएस मेसिनबाट हुने कारोबार बन्द गर्न थालेका छन् । 'म्यानुअल पिओएस मेसिनबाट भुक्तानी गर्ने व्यक्तिको पासपोर्ट, सिसिक्यामेरा फुटेजलगायत विवरण सधैं राख्न सकिन्न,' एक व्यवसायी भन्छन्, 'सम्बन्धित व्यक्तिले नै पछि पैसा दाबी गर्न यस्तो उजुरी गर्नेसमेत देखिएपछि म्यानुअल पिओएसबाट भुक्तानी रोक्न थालेका छौं ।'

दोलखाको सिँगटीमा चार किलो सुन बरामद

काठमाडौं/ दोलखाको सिँगटीबाट तस्करीको सुन बरामद भएको छ । बुधबार राति प्रहरीले करिब चार किलो सुनसहित तीनजनालाई पक्राउ गरेको छ ।

दोलखाका प्रहरी प्रमुख डिएसपी दीपक खड्काका अनुसार इलाका प्रहरी कार्यालय सिँगटीको टोलीले सुन बरामद गरेको हो ।

लप्ची नाकाको लामाबगर हुँदै तस्करहरूले सुन भित्र्याएको अनुमान गरिएको छ । 'करिब चार केजी सुनसहित तीनजना पक्राउ परेका छन्, अहिले मुचुल्का उठाइएको छ,' डिएसपी खड्काले भने, 'भोलि (बिहीबार) सार्वजनिक गर्छौं ।' एक साताअघि मात्रै दोलखाको लप्ची नाका खुला गरिएको थियो ।

नेपाललाई सबैभन्दा बढी ऋण विश्व बैंक र एडिबीको

११ खर्ब ७० अर्ब कुल वैदेशिक ऋणमा विश्व बैंक र एडिबीको हिस्सा ८१ प्रतिशत

कृष्ण रिजाल/नयाँ पत्रिका

नेपालले भुक्तानी गर्न बाँकी वैदेशिक ऋणमा सबैभन्दा बढी विश्व बैंक र एसियाली विकास बैंक (एडिबी)को रहेको देखिएको छ । आर्थिक वर्ष ०७९/८० को अन्त्यसम्ममा नेपालले भुक्तानी गर्न बाँकी वैदेशिक ऋण ११ खर्ब ७० अर्बबराबर पुगिसकेको छ । जसमध्ये विश्व बैंकको पाँच खर्ब ८० अर्ब र एडिबीको तीन खर्ब ७० अर्ब छ । कुल ऋणमा दुई अन्तर्राष्ट्रिय विकास साझेदार विश्व बैंक र एडिबीको मात्रै ८१.२ प्रतिशत हिस्सा छ ।

■ **कुल ऋणमा बहुपक्षीय दाताको हिस्सा अझै बढ्यो**

■ **द्विपक्षीय ऋण सबैभन्दा बढी जापानको**

■ **दुई महिनामै साढे १० अर्ब ऋण थपियो, तिर्न बाँकी कुल ऋण २३ खर्ब १० अर्ब पुग्यो**

» पृष्ठ ११ मा क्रमशः

नेपालले तिर्न बाँकी ऋण कुन दाताको कति ?

ऋणदाता	ऋण रकम (रुपैयाँ)
विश्व बैंक (आइडिए)	५ खर्ब ८० अर्ब ३० करोड
एसियाली विकास बैंक (एडिबी)	३ खर्ब ७० अर्ब ५ करोड
जापान	५३ अर्ब ९५ करोड
अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)	५२ अर्ब ९ करोड
भारत	३९ अर्ब ५९ करोड
चीन	३४ अर्ब ५५ करोड
इन्टरनेसनल फन्ड फर एग्रिकल्चर डेभलपमेन्ट (आइफाइड)	१० अर्ब ५१ करोड
अर्गनाइजेसन अफ दी पेट्रोलियम एक्स्पोर्टिङ कन्ट्रिज (ओपेक)	७ अर्ब ८६ करोड
युरोपियन इन्भेस्टमेन्ट बैंक (इआइबी)	६ अर्ब ७५ करोड
दक्षिण कोरिया	५ अर्ब ८५ करोड
साउदी कोष	२ अर्ब ८९ करोड
नोर्डिक डेभलपमेन्ट फन्ड (एनडिएफ)	१ अर्ब ९४ करोड
कुवेती कोष	१ अर्ब ८९ करोड
फ्रान्स	१ अर्ब ७ करोड
बेल्जियम	६६ करोड
युरोपियन इकोनोमिक काउन्सिल (इइसी)	१९ करोड
एसियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंक (एआइआइबी)	३ करोड
कुल विदेशी ऋण	**११ खर्ब ७० अर्ब २४ करोड**

कर्नर किक

● रवि मिश्र



१४ दिनमा नौ चिकित्सकमाथि कुटपिट



स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी कानुन कार्यान्वयन नहुँदा आक्रमणका घटना बढ्दै

पृष्ठ 3

EUROPE BUSINESS ASSEMBLY "BEST ENTERPRISE AWARD 2016" LONDON, UNITED KINGDOM

"THE BIZZ 2016" BUSINESS EXCELLENCE AWARD WASHINGTON DC, USA

THE GOLDEN EUROPE AWARD FOR QUALITY AND COMMERCIAL PRESTIGE FRANCE

१७ औं वर्षमा प्रवेश

१७ औं वर्षमा प्रवेश

Ever Permeating and Pervading to New Scale of Height of Prosperity

हामी स्थापनाको १६औं वर्ष पूरा गरी १७औं वर्षमा प्रवेश गरेकाछौं । यस सुखद् अवसरमा बैंक परिवार यहाँहरूको सेवामा समर्पित रही बैंकिङ सेवा/सुविधाहरू थप गुणस्तरीय र अझ परिष्कृत गर्दै लैजाने प्रतिबद्धता जाहेर गर्न चाहन्छौं ।

साथै

जस्तोसुकै अवस्थामा पनि बैंकको प्रगति र दिगो उपलब्धिमा सधैं सद्भाव, सहयोग र सदाशयता राख्ने सम्पूर्ण आदरणीय ग्राहकवर्ग, संघ संस्थाहरू, नियामक निकाय, सञ्चारकर्मी, कर्मचारी लगायत शुभेच्छुकहरूमा हार्दिक आभार प्रकट गर्दछौं ।

PRIME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

महानगर र अभियन्ता ई:बीच चारबुँदे सहमति

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकासँग चारबुँदे सहमति भएसँगै अभियन्ता ई: ले थालेको विरोध प्रदर्शन टुंगिएको छ। बुधबार साँझ छिप्पिदै जाँदा प्रमुख बालेनले महानगरले ई: को माग सम्बोधन गर्न नसक्ने भन्दै सामाजिक सञ्जालमा लेखेका थिए। त्यसपछि कतिलाई ई: को आन्दोलन अब के हुन्छ ? भन्ने आशंका थियो। तर, महानगरले बनाएको वार्ता टोलीसँगको वार्ता राति साँढे ९ बजे सफल भयो। त्यससँगै अभियन्ता ई: ले आन्दोलन तोडेको घोषणा गरेका छन्।

विरोधको कार्यक्रम तोडिएको घोषणा गर्दै उनले फुटपाथ व्यवसायीको अस्तित्वलाई महानगरले स्विकारेको बताए। 'हिजो सडक व्यापारीको अस्तित्व स्वीकार गरिएको थिएन। अहिले उहाँहरूको अस्तित्वलाई सम्बोधन गर्ने स्थितिमा पुऱ्याउन सफल भएका छौं। यो उपयुक्त समाधान होइन। तर, पुसमा नीतिगत परिवर्तनका लागि अगाडि बढ्न बाटो खुलेको छ,' उनले भने, 'जनप्रतिनिधि भनेको कानुनको किताब होइन। सेतो र कालो भनेर संसारलाई हेर्न मिल्दैन। कानुनको किताबको मात्र काम गर्ने भए मेयरको रूपमा किन चुनाव गर्ने ? कानुनको किताबलाई मेयरको ठाउँमा लगेर राखिदिए भइहाल्यो नि।



अहिले उहाँहरूले हार्दिकता र न्यूनतम जवाफदेहिता प्रदर्शन गर्नुभएको छ। महानगरपालिका सडक व्यापारीको हकमा महानगर जिम्मेवार छ भनेर लिखितम आएको छ। त्यो कुरालाई स्वागत गर्नैपर्छ। यसका लागि मेयर बालेनलाई धन्यवाद दिनैपर्छ। उपप्रमुख सुनिता डंगोललाई धन्यवाद दिनैपर्छ। सबैभन्दा ठूलो धन्यवादको पात्र स्वयं सडक व्यापारी हुनुहुन्छ।

● अभियन्ता ई:

जनप्रतिनिधिमा चाहिने गुण भनेको हार्दिकता, व्यावहारिकता हो। यसमा प्रतिबद्धता आएको छ। त्यसले नै हामीलाई सहमति गर्नका लागि बाटो खुलेको छ।' बुधबारको वार्तामा कार्यपालिका सदस्य चिनिकाजी महर्जन, प्रमुख बालेनका सचिवालय सदस्य धीरज जोशी र ई: आर्फै सहभागी भएका थिए।

फुटपाथ व्यवसायीको उचित व्यवस्थापन गर्नुपर्ने भन्दै अभियन्ता ई: ले २ असोज, मंगलबार दिउँसोदेखि राष्ट्रिय सभागृहअगाडि उभिएर विरोध सुरु गरेका थिए। सुरुमा उनले ७७ घन्टे आन्दोलन थालेका थिए। आफ्ना माग पूरा नभएपछि यसलाई एक सय ९९ घन्टासम्म लम्ब्याउने घोषणा गरे। महानगरविरुद्ध 'चमेली समूह'अभियान सुरु गर्ने केही स्वतन्त्र युवाहरूसमेतले राष्ट्रिय सभागृहपरिसरमा उभिएर विरोध प्रदर्शन गरेका थिए। उनीहरूको समूहले विगत तीन महिनादेखि 'गरिबको चमेली बाल दिने कोही छैन' भन्ने अभियान सञ्चालन गर्दै बागदरबार घेर्ने, सभागृह घेर्ने, अनलाइन डिस्कोर्स चलाएर फुटपाथको विषयमा आवाज उठाउने काम गर्दै आएका छन्।

यस्तो भयो सहमति

सहमतिअनुसार साबिकमा फूटपाथ-सार्वजनिकस्थलमा व्यापार गरेका व्यवसायीहरूका लागि महानगरपालिकाभित्र कानुनले निषेध गरेको स्थानबाहेक अन्यत्र उपयुक्त स्थलहरू पहिचान गर्न महानगरपालिकाले एक साताभित्र पहल गर्ने भएको छ। फुटपाथ-सार्वजनिकस्थलमा व्यापार गर्ने क्रममा जफत गरिएका सामान महानगरपालिकाको स्टोरमा भएसम्म यकिन गरी सम्बन्धित सामानका धनीलाई फिर्ता गर्ने सहमति भएको छ। त्यसैगरी, अनौपचारिक क्षेत्रमार्फत हुने व्यापार-व्यवसायलाई व्यवस्थित गर्न व्यापार गर्ने स्थल, समय, व्यापार गर्न आवश्यक मानिने व्यक्ति यकिन गर्ने र स्थान उपलब्ध गराउने विधि, प्रक्रिया तथा कानुनी व्यवस्थासमेतको प्रबन्ध गर्नुपर्ने विषयमा ठोस सुझावसहित अध्ययन गरी दुई महिनाभित्र महानगरपालिकामा प्रतिवेदन पेस गर्न समिति गठन गर्ने सहमति पनि भएको छ। समितिमा काठमाडौं महानगरपालिकाले तोकेका तीनजना, अभियानकर्ता ई: को तर्फबाट तोकिएका प्रतिनिधि दुईजना, भौतिक तथा यातायात मन्त्रालयको प्रतिनिधि एकजना, सहरी विकास मन्त्रालयका प्रतिनिधि एकजना र ट्राफिक प्रहरीका प्रतिनिधि एकजना रहनेछन्।

नेताहरूको समर्थन राजनीतिक बेइमानी : बालेन



काठमाडौं/ काठमाडौं महानगरका प्रमुख बालेन्द्र साह (बालेन)ले अभियन्ता ई: को मागमा समर्थन र उपस्थिति जनाएर केपी ओली, बाबुराम भट्टराई, गगन थापा, स्वर्णिम वाग्लेलगायतका नेताहरूले राजनीतिक बेइमानी गरेको आरोप लगाएका छन्।

बुधबार सामाजिक सञ्जाल प्रमुख बालेनले यस्तो लेखेका हुन्। 'जहाँसम्म केपी ओली, बाबुराम भट्टराई, कमल थापा, गगन थापा, स्वर्णिम वाग्लेलगायतको उपस्थिति र जायज माग पूरा गर्नुपर्ने भन्ने तर्क छ, त्यसमा हामी राजनीतिक बेइमानी देख्छौं,' उनले प्रश्न गरेका छन्, 'उहाँहरू नियम बनाउने ठाउँमा हुनुहुन्छ, तर खोइ त्यसबारेमा स्पष्ट नियम बनाउनुभएको ? खोइ त्यसबारेमा प्रयत्न गर्नुभएको ? सस्तो लोकप्रियताका लागि जायज माग पूरा गर भन्ने सतही कुरा गरिदिनुभयो। तर, यो माग जायज र यो नाजायज भनेर उहाँहरूले खोइ छुट्याउनुभएको ? त्यतिवेला उहाँले अहिले रहेको वैधानिक प्रावधानविरुद्धमा नोट अफ डिसेन्ट खोइ लेख्नुभएको ?' उनले कानुनी प्रावधान सही नलागे संशोधन गर्न पाउने अधिकार भएको मानिस उनीहरू नै भएको भन्दै त्यसका लागि पहल हुन नसक्नुबारे प्रश्न गरे। उनले आफूले चुनावी घोषणापत्र नबिर्सिएको भन्दै गरिबको पक्षमा बोल्ने महानगर भएकोसमेत बताएका छन्। 'घोषणापत्रको कुन पेजको कुन बुँदामा लेखेको छु भन्ने पनि थाहा छ। त्यो बुँदा कुनै अमुक व्यक्ति वा समूहको व्यवस्थापनका लागि मात्र थिएन, त्यो गरिबी निर्मूल गर्ने एउटा चरणको रूपमा थियो। महानगरको सीमितता र सम्भावना दुवैको प्रत्यक्ष अध्ययनबाट केही कार्यक्रम थप परिस्कृत गरिएका हुन्। अहिले पनि भन्छौं, संसारैबाट गरिबी हटाउने हो, गरिब होइन,' उनले लेखेका छन्, 'हामी श्रम बैंकमार्फत रोजगारी सिर्जना गर्दै छौं।

सामान्य तालिमबाट प्राप्त गरिने र सहजै बजार पाउने सीप सिकाउनका लागि १० करोडभन्दा बढी बजेट छुट्याएका छौं। गत वर्ष मात्र हामीले १५ हजारभन्दा धेरैलाई छात्रवृत्तिको व्यवस्था गरायौं। स्वास्थ्यमा १० प्रतिशत छुटको प्रक्रिया लागू गर्नेबित्तिकै हरेक दिन ९०० शय्यामा विपन्नले उपचार पाउने हक स्थापित हुन्छ। यसरी धेरै गर्न सकिने ठाउँ हुँदाहुँदै भारत र चीनबाट ल्याइएका सामान फुटपाथमा बेच्न दिएर गरिबी निवारण हुन्छ भन्ने हामीलाई लाग्दैन।'

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको
धितोमा रहेको घर/जग्गा लिलाम बिक्री तथा
गोप्य सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी १५(पन्ध्र) दिने सूचना
(प्रकाशित मिति २०८०/०६/११, नयाँ पत्रिका)

तपसिलमा उल्लिखित ऋणीहरूले यस बैंकबाट प्राप्त गर्नुभएको व्यवसायिक कर्जा सम्बन्धी शर्तबन्देजहरू अनुसार यस बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्नुका साथै मिति २०७९/०४/०९ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणीहरू, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरूलाई समेत कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आवश्यक रकम नतिरी नबुझाई बैंकसँग मञ्जुर गर्नू भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको हुँदा उक्त ऋणकर्जाको सुरक्षण वापत बैंकको नाउँमा घरजग्गा धनीले धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित घर/जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा, बैंक तथा वित्तीय सम्बन्धी ऐन, २०७३, प्रचलित कानून तथा बैंकको नियमानुसार लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सबैको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य सिलबन्दी बोलपत्रको आह्वान गरिएको छ ।

अतः धितोमा रहेको उक्त सम्पत्ति सकार गरी लिन ईच्छुक व्यक्ति /फर्म /कम्पनी वा अन्य संगठित संघ संस्थाले यस बैंकको नयाँ बानेश्वर, काठमाडौं स्थित केन्द्रिय कार्यालय ऋण असूली विभाग तथा विरगञ्ज, आर्दशनगर स्थित शाखा कार्यालयबाट प्राप्त हुने गोप्य सिलबन्दी बोलपत्र फारम रीतपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सोही विभाग तथा शाखा कार्यालयमा बुझाउन सक्नु हुनेछ । गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिएको छ । उक्त बोलपत्र यो सूचना प्रकाशित भएको १६ औं दिनमा बैंकको विरगञ्ज आदर्शनगर स्थित शाखा कार्यालयमा खोलिने छ । (बोलपत्र बुझाउने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ ।) बोलपत्र पेश गर्नुहुने ईच्छुक व्यक्ति /फर्म /कम्पनी तथा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानीकर्ताहरूलाई समेत उक्त दिन बैंकमा उपस्थित हुन समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिलमा उल्लिखित घर/जग्गा लिलाम बिक्री हुन नसकेमा अन्य प्रकृयाबाट बिक्री गर्न सक्ने वा सो धितो बैंक आफैले प्रचलित कानून बमोजिम सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । साथै लिलाम बिक्रीबाट बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तिय संस्था ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, तथा सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जयजेथा, श्रीसम्पत्तिबाट समेत बाकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरू तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ । ऋणी तथा सम्बद्ध व्यक्ति समेतले यो सूचनाको अवधि भित्रमा नै सम्पूर्ण ऋण कर्जा, ब्याज, जरिवाना तथा हर्जाना रकम समेत चुक्ता गरेमा लिलाम बिक्रि सम्बन्धी प्रकृया तत्काले रद्द गर्न सकिने जानकारी गराईन्छ ।

तपसिल

ऋणी/प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ताहरू को नाम, थर र वतन	धितोको विवरण

ऋणी: नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा. फ. रं. नं ४०६६/०७२/०७३ कायम भै मिति २०७२/११/१७ मा दर्ता भएको बारा जिल्ला कलैया उप म.न.पा, वडा नं. १३, मा रजिर्ष्टड कार्यालय रहेको **जय महालक्ष्मी ट्रेडिङ्ग–१**

ऋणी: प्रदेश २ सरकार, उद्योग वाणिज्य तथा उपभोक्ता सरंक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कलैया बारामा प्रा. फ. नं.घ.उ.वि. ७७७३/९२/०७६/७७, कायम भै मिति २०७६/५/१० मा दर्ता भएको बारा जिल्ला कलैया उप.म.न.पा, वडा नं. ५, मा रजिर्ष्टड कार्यालय रहेको **न्यु शितल खाद्य उद्योग–१**

ऋणी: नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य बिभाग, कलैया बारामा प्रा.फ.र.नं. ९९६१/०७७/७८, कायम भै मिति २०७७/८/२१ मा दर्ता भई बारा जिल्ला कलैया उप.म.न.पा, वडा नं. ५, मा रजिर्ष्टड कार्यालय रहेको **शितल किराना स्टोर्स–१**

प्रोप्राइटर/धितो जमानीकर्ता/व्यक्तिगत जमानीकर्ता: भिखम साह तेलीकी बुहारी, अयोध्या लाल साहकी पत्नी, बारा जिल्ला लिपनीमाल वडा नं. ८,स्थायी ठेगाना भै हाल ऐ ऐ बस्ने बर्ष ७४ की **श्री मन्तुरीया साहुनी तेली** (ना.प्र.नं. ५५२७०८६४ जारी मितिः २०३३।०८।२५, जि.प्र.का. पर्सा)

प्रोप्राइटर/व्यक्तिगत जमानीकर्ता: राम चन्द्र साहकी छोरी, अयोध्या लाल साहकी बुहारी, श्याम बाबु साह तेलीको पत्नी, बारा जिल्ला परवानिपुर वडा नं. ४, मा स्थायी ठेगाना भै हाल ऐ ऐ बस्ने बर्ष ५० की **श्री किरण देवी** (ना.प्र.नं. ३३-०१-७५-०६२३९ जारी मितिः २०७५।०७।०९, जि.प्र.का बारा)

व्यक्तिगत जमानीकर्ता/धितो जमानीकर्ता: भिखम साह तेलीको नाती, अयोध्या लाल साह को छोरा, बारा जिल्ला लिपनीमाल वडा नं. ८, मा स्थायी ठेगाना भै हाल ऐ ऐ बस्ने बर्ष ५५ को **श्री श्याम बाबु साह तेली** (ना.प्र.नं. १७५३/०६७१ जारी मितिः २०४५।०२।०१, जि.प्र.का बारा)

धितोको विवरण

सम्पत्ति - १

सि.नं	जग्गाधनीको नाम	न.पा	वडा नं.	कित्ता नं.	क्षेत्रफल (बि-क-धु-क)/ बर्ग.मि
१.	मन्तुरीया साहुनी तेली	भतौडा	२	५७७	०-०-१७-० / २८७.८१ व.मि.
	मन्तुरीया साहुनी तेली	भतौडा	२	५८४	०-०-६-० / १०१.५८ व.मि.

सम्पत्ति - २

सि.नं	जग्गाधनीको नाम	न.पा	वडा नं.	कित्ता नं.	क्षेत्रफल (बि-क-धु-क)/ बर्ग.मि
१.	मन्तुरीया साहुनी तेली	वरेवा	५	१९५९	०-०-६-० / १०१.५८ व.मि.

सम्पत्ति - ३

सि.नं	जग्गाधनीको नाम	न.पा	वडा नं.	कित्ता नं.	क्षेत्रफल (बि-क-धु-क)/ बर्ग.मि
१.	मन्तुरीया साहुनी तेली	भतौडा	२	३५७	०-०-२-० / ३३.८६ व.मि.
	मन्तुरीया साहुनी तेली	वरेवा	४	३५२	०-१-१२-८ / ५५०.२७ व.मि.
	मन्तुरीया साहुनी तेली	वरेवा	४	३५७	०-६-४-८ / २१०७.९८ व.मि.
	मन्तुरीया साहुनी तेली	वरेवा	४	१७०	०-१-०-० / ३३८.६३ व.मि.
	मन्तुरीया साहुनी तेली	वरेवा	४	२७७	०-०-१२-८ / २११.६४ व.मि.
	मन्तुरीया साहुनी तेली	वरेवा	४	२७४	०-०-७-८ / १२६.९९ व.मि.
	नरेश प्रसाद साह	भतौडा	२	७०५	०-०-३-२ / ५२.९१ वर्ग.मि

सम्पत्ति - ४

सि.नं	जग्गाधनीको नाम	न.पा	वडा नं.	कित्ता नं.	क्षेत्रफल (बि-क-धु-क)/ बर्ग.मि
१.	श्याम बाबु साह तेली	भतौडा	२	६३२	०-२-२-८ (७१९.६० वर्ग.मि)

माथि उल्लेखित धितोमा रहेको सम्पत्ति सकार गरी लिन ईच्छुक महानुभावहरूले सबै या कुनै एक सम्पतीमा मात्र पनि बोलपत्र फारम पेश गर्न सक्नुहुनेछ ।

लिलाम बिक्री सम्बन्धी शर्तहरू:

१. बोलपत्र आह्वान तथा लिलाम बिक्रिको सूचना प्रकाशित भएको १६ औं दिन अर्थात मिति २०८०/०६/२६ शुक्रबारका दिन दिनको ठीक ११.०० बजे विरगञ्ज, आर्दशनगर स्थित शाखा कार्यालयमा बोलपत्र खोलिनेछ । बैंकलाई प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू बोलपत्रदाता र/वा निजको प्रतिनिधि, सरकारी निकायका प्रतिनिधि र अन्य उपस्थित साक्षीको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि वा साक्षी अनुपस्थित हुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन ।

२. बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रूपमा समेत स्वीकार गर्न सक्नेछ, र यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

३. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम प्रकिया रोक्का वा बदर हुनेछ । बोलपत्र सदर भएपश्चात ऋणीले सम्पुर्ण रकम बूझाएको अवस्थामा समेत कुनै कारणवश बोलपत्र रद्द गर्नु पर्ने भएमा बोलपत्र रद्द गरी सम्पुर्ण रकम फिर्ता गर्न सकिनेछ ।

४. अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

वसन्तपुरमा सामूहिक कुमारी पूजा



तस्बिर : संजित परियार/नयाँ पत्रिका

काठमाडौं/ इन्द्रजात्राअन्तर्गत बुधबार वसन्तपुर दरबार क्षेत्रमा सामूहिक कुमारी पूजा गरिएको छ। यसअघि मंगलबार इन्द्रजात्रा सुरु भएको संकेत गर्न काभ्रेको नालाबाट ल्याइएको लिंगो ठड्याइएको थियो।

इन्द्रजात्रा पर्वअनुसार लिंगो ठड्याएको भोलिपल्ट कुमारीको पूजा गर्ने परम्परा रहेको छ। तलेजु भवानी मन्दिरअगाडि महिनावारी सुरु नभएका बालिकालाई वैदिक परम्पराअनुसार सामूहिक कुमारी पूजा गरिएको हो। यसरी सामूहिक कुमारी पूजा गर्नाले सुख-शान्ति र समृद्धि प्राप्त हुने धार्मिक विश्वास रहेको छ।

त्यस्तै, कुमारी पूजा गर्दा उनीहरू रोग आदिबाट सुरक्षित हुने जनविश्वास रहेको छ। नेवार समुदायमा इही (बेलविवाह) नगरेका दुई वर्षदेखि आठ वर्ष उमेर समूहका बालिकालाई कुमारीका रूपमा पूजा गर्ने प्रचलन रहेको छ। यहाँ सहभागी कुमारीलाई हनुमानढोकामा रहेको तलेजु भवानीको मन्दिर परिक्रमा गराई मूल स्थानमा पूजा गर्ने गरिन्छ। कुमारी पूजा गरेमा बालिकाहरूलाई तलेजु भवानीले रक्षा गर्ने विश्वास छ।

बुधबार उपत्यकामा

शंखरापुर : शंखरापुर नपा- २ लप्सीफेदीका ६५ वर्षीय मोहन गुरुङको टिनको टहरामा ओखर (जुवा) खेलिरहेका ३६ वर्षीय रोहन गुरुङसहित १८ जनालाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त बौद्ध र प्रहरी प्रभाग साँखुबाट खटिएको प्रहरीले उनीहरूलाई नौवटा ओखर (जुवा) र ३७ हजार एक सय पाँच रुपैयाँसहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

चन्द्रागिरी : चन्द्रागिरी नपा- २ नागढुंगाबाट लागुऔषध नाइट्राभेट र स्पास क्यापसुलसहित तनहुँ देवघाट नपा- २ का १७ वर्षीय किशोरलाई बुधबार बिहान प्रहरीले नियन्त्रणमा लिएको छ। लागुऔषध नियन्त्रण ब्युरो र प्रहरी प्रभाग नागढुंगाबाट खटिएको प्रहरी टोलीले महोत्तरीबाट काठमाडौं आउँदै गरेको म.प्र.०३-००१ ख ९०३० नम्बरको बसलाई जाँच गर्ने क्रममा उनलाई पक्राउ गरेको हो।

सामाखुसी : काठमाडौं मनपा- २६ सामाखुसीबाट दुर्लभ वन्यजन्तु सालकको खपेटासहित सिन्धुपाल्चोक साँगाचोक नपा- १० का ३३ वर्षीय तिले तामाङसहित चारजना अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। सामाखुसीस्थित कल्पना खाजाघरमा दुर्लभ वन्यजन्तु सालकको खपेटा लुकाई लिइबसेको सूचनाका आधारमा प्रहरी प्रभाग गोगंबुबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

तारकेश्वर : सुन पसलमा चोरी गरेको अभियोगमा तारकेश्वर नपा- ९ का ३३ वर्षीया रत्न महर्जन, तारकेश्वर नपा- ४ पुरानो गुह्येश्वरीका २२ वर्षीय सुमन पुतुवार, नुवाकोट बेलकोटगढी नपा- ७ का ३६ वर्षीय वीरेन्द्र विक र भारत महाराष्ट्रका ३७ वर्षीय हनुमन्त फाँडेलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएका प्रहरी टोलीले पक्राउ गरेको हो। प्रहरीका अनुसार पक्राउमध्ये रत्न चोरी गर्ने, सुमन स्कुटरचालक र वीरेन्द्र तथा हनुमन्त चोरी गरेको सुनका गहना खरिद गर्ने व्यक्ति रहेको खुल्न आएको छ।

पर्यटकलाई भादगाउँले टोपीले स्वागत

भक्तपुर/ विश्व पर्यटन दिवसका अवसरमा बुधबार भक्तपुर नगर प्रवेश गर्ने पर्यटकलाई नगरपालिकाले भादगाउँले टोपीले स्वागत गरेको छ। नगरपालिकाले नगर प्रवेश गर्ने खौमा ध्वाका (ढोका)मा एक अस्ट्रेलियन र १६ भारतीय नागरिकलाई खादा, भादगाउँले टोपी, परम्परागत थैली र पुष्पगुच्छाका साथ स्वागत गरेको हो।

'पर्यटन र हरित लगानी' मूल नाराका साथ भक्तपुर नगरपालिका, भक्तपुर पर्यटन विकास समिति, भक्तपुर टुर गाइड व्यवस्थापन समिति र पर्यटक प्रहरीको संयुक्त आयोजनामा पर्यटकलाई स्वागत गरिएको हो। पर्यटकलाई स्वागत गर्दै नगरप्रमुख सुनील प्रजापतिले पुरानो सहर आफैंमा एउटा सम्पदा सहर भएको बताए। उनले भक्तपुरको कला र संस्कृति संरक्षणलाई नगरपालिकाले निरन्तर जोड दिँदै आएको बताए। भक्तपुर निर्माणमा आन्तरिक तथा बाह्य पर्यटकहरूको पनि महत्त्वपूर्ण योगदान रहेको जनाउँदै उनले भने, 'सयौं वर्षदेखि चल्दै आएको भक्तपुरको परम्परा र संस्कृतिलाई व्यवस्थित, मर्यादित र अनुशासित बनाउन भक्तपुर नगरपालिकाले आवश्यक पहल गर्दै आइरहेको छ।'

भक्तपुर प्रवेश गर्ने पर्यटकहरूमध्येका अन्ना सिंहले भक्तपुरले गरेको न्यानो स्वागतबाट आफू निकै प्रभावित भएको बताइन्। यहाँका कलाकृतिहरू आफैंमा अद्वितीय रहेको तथा यहाँको पर्यटन प्रवर्द्धनमा आफ्नातर्फबाट सकारात्मक सहयोग रहने प्रतिबद्धता व्यक्त गरिन्। नगरप्रमुख प्रजापतिले नगर प्रवेश गर्ने पहिलो पर्यटकको टोलीलाई मयुरको भ्याल र पिक्टोरियल बुक उपहारस्वरूप प्रदान गरेका थिए। कार्यक्रममा नपाका कार्यपालिका सदस्यहरू, कर्मचारी र पर्यटनसँग सम्बन्धित सरोकावालाहरूको उपस्थिति रहेको थियो।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाडौं ।

शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लि. तथा तुलसी बहुमुखी सहकारी संस्था लि.का बचतकर्ता, ऋणी, सञ्चालक तथा सरोकारवालाहरुलाई जरुरी सूचना

सहकारी ऐन २०७४ को दफा १०४ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०८०/०५/२५ को निर्णयबाट समस्याग्रस्त घोषणा भई सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न यस समिति समक्ष लेखि आएकोमा सोहि ऐनको दफा १११(१) बमोजिम सो सहकारी संस्थाको सञ्चालक समिति, व्यवस्थापन तथा कर्मचारीको अधिकार स्वतः निलम्बन हुने हुँदा निम्नानुसार को व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

- सञ्चालक तथा कर्मचारीले सो सहकारीसँग सम्बन्धित सम्पूर्ण कागजात तथा सम्पत्तिहरु यस समिति समक्ष बुझाई कार्यालय बन्द गर्नुको साथै कुनै पनि कारोवार नगर्नु नगराउनु हुन ।
- सञ्चालक र कर्मचारीले यस समिति समक्ष उपस्थित भई आवश्यक सहयोग गर्नु हुन ।
- ऋणी सदस्यहरुले यस समितिमा सम्पर्क राखी ऋण भुक्तानी गर्नु हुन साथै साविक सञ्चालक/कर्मचारीसँग भुक्तानी सम्बन्धी कारोवार नगर्नु हुन ।
- वचतकर्ताहरुले वचतसँग सम्बन्धित सम्पूर्ण प्रमाणहरु सुरक्षित राखी यस समितिबाट मागदावी निवेदन आवेदनको सूचना जारी भएपछी यस समिति समक्ष निवेदन पेश गर्नु हुन ।
- समस्याग्रस्त घोषित संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि समितिको कार्यालयसँग मात्र काम कारवाही गर्नु हुन ।
- विस्तृत एवं अध्यावधिक सूचनाको लागि यस कार्यालयको website-www.coopmc.gov.np हेर्नु हुन ।

१४ दिनमा नौ चिकित्सकमाथि कुटपिट

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी कानुन कार्यान्वयन नहुँदा आक्रमणका घटना बढ्दै

शिवहरि घिमिरे/नयाँ पत्रिका

पछिल्लो समय चिकित्सकमाथि आक्रमण, कुटपिट र गालीगलौजसम्बन्धी घटना बढेका छन् । उपचारमा लापरबाही गरेको बहानामा बिरामी तथा उपचारका क्रममा मृत्यु भएका आफन्तले चिकित्सकमाथि बल प्रयोग गर्ने क्रम बढेको हो ।

नेपाल चिकित्सक संघका अनुसार पछिल्लो समय हरेक दिन स्वास्थ्यकर्मीमाथि आक्रमण, कुटपिट र गालीगलौजका घटनामा आधारित उजुरी आउने गरेका छन् । संघका महासचिव डा. सञ्जीव तिवारीका अनुसार एक वर्षअघिसम्म यस्ता घटना कम हुन्थे, तर पछिल्लो समय स्वास्थ्यकर्मीमाथि हुने आक्रमणका घटना ह्वात्तै बढेका छन् । 'पछिल्लो समय स्वास्थ्यकर्मीमाथि हुने आपराधिक घटना बढेका छन् । कतिपय घटना त हामीकहाँ आउँदैनन्, अप्रिय घटना मात्रै आउँछन्,' उनले भने, 'स्वास्थ्यकर्मीमाथि चरणबद्ध शैलीमा आक्रमण बढ्दो छ, राजनीतिक संरक्षण हुँदासम्म यस्ता घटना बढ्ने देखिन्छ ।' उनका अनुसार पछिल्लो समय बिरामीले पनि चिकित्सकविरुद्ध दिने उजुरीको संख्या बढेको छ । तर, त्यसभन्दा पनि बढी चिकित्सकमाथि कुटपिट, गालीगलौज र आक्रमणका घटना हुने गरेका छन् ।

२९ भदौयता १० असोजसम्म डाक्टरमाथि नौवटा कुटपिटका घटना भएका छन् । ती घटनाबारे जिल्ला प्रहरी कार्यालय कञ्चनपुर, मकवानपुर, चितवन, रुपन्देही, लमजुङ, कास्की, सिराहा, मोरङ, तनहुँमा डाक्टरले नै उजुरी दर्ता गरेका छन् । यीमध्ये एउटा उजुरी गालीगलौजसम्बन्धी छ भने अन्य उजुरी कुटपिट तथा आक्रमण सम्बन्धित छन् । उक्त उजुरीको कपी संघ र मेडिकल काउन्सिललाई पीडित डाक्टरहरूले पठाएको संघले जनाएको छ ।

नेपाल मेडिकल काउन्सिलका रजिस्ट्रार डा. कृष्ण अधिकारीले स्वास्थ्यकर्मीमाथि कुटपिट, आक्रमण र गालीगलौजसम्बन्धी घटना बढेपछि उपचारमै समस्या देखिने अवस्था आएको जानकारी दिए । 'अहिले चिकित्सकमाथि हुने हिंसा तथा घटना बढेका छन्, काउन्सिलमा स्वास्थ्यकर्मीविरुद्ध उजुरी पनि परेका छन्,' उनले भने, 'तर, त्यसको तुलनामा पछिल्ला महिनमा चिकित्सकमाथि हुने घटना बढेका छन्, यसले स्वास्थ्य उपचार प्रणाली र चिकित्सकको मनस्थितिमा गम्भीर समस्या निम्त्याउँछ ।'

चिकित्सकमाथि हुने यस्ता घटनाले उनीहरूको मनोबलमै समस्या पर्ने डा. भोला रिजाल बताउँछन् । सरकारी निकायकै कमजोरीले यस्ता घटना हुने गरेको उनको भनाइ छ । 'डाक्टरमाथि हुने घटनाबारे हामीले 'एनालाइसिस' कहिले गर्ने ? यस्ता घटना कसरी रोकिने होलान् भनेर हरेक दिन यसबारे सोच्छु,' उनले भने, 'तर, जब सरकार सुतेको हुन्छ, तब न्यायका ढोका बन्द हुन्छन् । यस्तो असुरक्षित मनस्थिति बोकेर चिकित्सक अस्पतालमा जानुपर्ने बाध्यता छ ।' चिकित्सकको सुरक्षामा सुरक्षा निकाय र स्वास्थ्य मन्त्रालय जिम्मेवार हुनुपर्ने उनको भनाइ छ ।



■ ०७९ मा ६५ चिकित्सक कुटिए

चिकित्सक संघका अनुसार आर्थिक वर्ष ०७९/८० मा डाक्टरमाथि ६५ वटा कुटपिटका घटना भएका छन् । महिनामा ५-६ जना चिकित्सकमाथि कुटपिट हुने गरेको संघका महासचिव डा. तिवारीको भनाइ छ । 'पछिल्ला वर्षमा चिकित्सकमाथि हुने घटना बढेका छन्,' उनले भने, 'महिनामा ५-६ जना डाक्टरमाथि कुटपिटका घटना भएका छन्, तर हामीकहाँ २० जनाजतिले मात्रै निवेदन दिनुभएको छ । कतिपयले घटना लुकाउने गर्नुहुन्छ, कतिपय घटना राजनीतिक आडमा सामसुम पारिन्छ, यस्ता घटना बढ्दो क्रममा छन् ।'

संघका अनुसार ०६३ देखि ०७९ सम्म एक सय ४० जनाभन्दा बढी चिकित्सकमाथि कुटपिट, ज्यान मार्ने धम्कीलगायत दुर्व्यवहारका घटना भएका छन् । स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७९' जारी भएपछि यस्ता घटना कम हुने अनुमान गरे पनि घटना झन् बढेका छन् । पछिल्लो एक वर्ष (०७९/८०) मा ६५ जना चिकित्सकमाथि कुटपिट भएको छ । पछिल्ला १४ दिनमा नौजना चिकित्सक कुटिएका छन् ।



स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले चिकित्सकको सुरक्षाको जिम्मा सरकारले लिने बताए । बुधबार सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले चिकित्सकमाथि भएको घटना निन्दनीय रहेको बताउँदै संलग्नमाथि कारबाही हुने जानकारी दिए । 'दिनप्रतिदिन दुःखद घटना भएका छन्, यो खेदजनक छ,' उनले भने, 'यसबारे पटक-पटक उपप्रधानमन्त्री तथा गृहमन्त्री, स्वास्थ्य तथा जनसंख्यामन्त्री र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीबीच छलफल भइरहेको छ । घटनामा संलग्नलाई कारबाही हुन्छ, चिकित्सकले ढुक्क भएर काम गर्ने वातावरण बनाउँछु ।'

■ अधिकांश घटनामा मिलापत्र हुँदा समस्या

चिकित्सक कुटपिटका अधिकांश घटना मिलापत्रमा टुंगिने गरेका छन् । हाल पाँचवटा कुटपिटका घटनामा संलग्नलाई भने पुर्पक्ष र हिरासतमा राखिएको छ । संघका महासचिव तिवारीका अनुसार राजनीतिक व्यक्तिहरूले घटनामा मिलापत्र गराइदिँदा चिकित्सकमाथि कुटपिट तथा हातपात गर्नेहरू उम्किँदै आएका छन् । 'हाल पाँचवटा घटनामा संलग्नलाई कानुनी कारबाही अघि बढाएको थाहा छ,' उनले भने, 'अधिकांश घटना मिलापत्रमा टुंग्याउँदा यस्ता घटना बढिरहेका छन् ।'

केही दिनअघि हेटौँडाको सञ्चो अस्पताल, लमजुङ जिल्ला अस्पताल, पोखराको मणिपाल मेडिकल कलेजमा कार्यरत चिकित्सकलाई आक्रमण तथा कुटपिट गर्नेलाई थुनामा राखिएको छ । त्यसअघि जुम्ला अस्पताल र चितवन मेडिकल कलेजमा कार्यरत चिकित्सकलाई कारबाही गर्ने पनि थुनामा रहेको तिवारीको भनाइ छ ।

बिरामी पक्षले उपचारमा लापरबाही गर्ने डाक्टरविरुद्ध मेडिकल काउन्सिल, जिल्ला प्रशासन कार्यालय, अदालतलगायतमा उजुरी हाल्न पाउँछन् । तर, डाक्टरलाई उजुरी हालेर कानुनी कारबाही गराउनेबारे थाहा नहुँदा पनि बिरामी पक्षका आफन्तले डाक्टरमाथि कुटपिट, गालीगलौज र आक्रमण गर्ने गरेको संघका महासचिव तिवारीको भनाइ छ । डाक्टरमाथि आक्रमण, कुटपिट वा गालीगलौज गरे कस्तो कारबाही हुन्छ भन्नेबारे सचेतना दिनु जरुरी रहेको उनले बताए ।

■ चिकित्सकविरुद्धको उजुरीमा पनि छैन कारबाही

उपचारमा लापरबाही गर्ने चिकित्सकमाथि पनि कारबाही भएको छैन । बिरामीको उजुरीअनुसार चिकित्सकलाई कारबाही गर्ने निकाय मेडिकल काउन्सिलले चिकित्सकलाई कारबाही गरेको उदाहरण भेटिँदैन । काउन्सिलका अनुसार डाक्टरले उपचारमा लापरबाही गरेपछि बर्सेनि ६० भन्दा बढी उजुरी पर्ने गरेका छन् । चिकित्सकको लापरबाही र कमजोरीका कारण बिरामीको मृत्यु भएको तथा स्वास्थ्य झन् बिग्रिएको, किर्ते रिपोर्ट बनाएकोलगायत आरोप लगाएर दर्ता गरेका उजुरीउपर काउन्सिलले कुनै कदम चालेको देखिँदैन ।

आव ०७६/७७ यता ०७९/८० सम्म मेडिकल काउन्सिलमा एक सय ६० भन्दा बढी उजुरी दर्ता भएका छन् । तर, कुनै पनि उजुरीमाथि कारबाही भएको देखिँदैन । 'बिरामीमाथि डाक्टरले लापरबाही गरेको भनेर उजुरी पर्ने क्रम पनि बढ्दो छ,' काउन्सिलका रजिस्ट्रार अधिकारीले भने, 'यस वर्ष परेका उजुरी अहिले सार्वजनिक गर्न मिल्दैन । हरेक वर्ष ६० वटा उजुरी पर्छन्, डाक्टरले पनि आचारसंहिता पालना गरेका छैनन्, डाक्टरको व्यवहार पनि उही सहचालकले यात्रुलाई तानातान र हप्काएजस्तो छ । डाक्टरहरूको व्यवहार पनि सुधिन जरुरी छ, उनीहरूले पनि आचारसंहिता पालना गनुपर्छ ।'

■ कानुन बने पनि रोकिएनन् कुटपिटका घटना

सरकारले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा हुने घटनालाई नियन्त्रण गर्न स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी अध्यादेश, २०७८ जारी गरेको थियो । तर, कानुन बने पनि कार्यान्वयन नहुँदा स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीमाथि आक्रमण बढ्न थालेको छ । अध्यादेशमा स्वास्थ्य संस्थामा आगजनी तथा तोडफोड गर्ने वा अन्य कुनै कार्य गरी हानि-नोक्सानी पुऱ्याउने तथा स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्न वा शारीरिक रूपमा चोट पुऱ्याएको देखिए मुद्दा हेर्ने अधिकारीले अभियुक्तलाई पुर्पक्षका लागि थुनामा राख्ने प्रावधान छ । त्यस्तै, स्वास्थ्य संस्थामा तोडफोड र आगजनी गर्नेविरुद्ध पाँच वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

चिकित्सकमाथि हुने कुटपिट तथा हिंसात्मक घटना रोक्न कानुनबारे थाहा दिन सूचनापाटी राख्न थालिएको छ । स्वास्थ्य मन्त्रालयले देशभरका सबै स्वास्थ्य संस्थालाई चिकित्सकमाथि दुर्व्यवहार तथा स्वास्थ्य संस्थामा आक्रमण गर्ने व्यक्तिलाई कारबाही हुने कानुनी व्यवस्थासम्बन्धी जानकारी सूचना पाटीमा टाँस्न परिपत्र गरेको हो । मन्त्रालयले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ को दफा ३ र दफा १५ को कानुनी व्यवस्थालाई सेवाग्राही एवं सरोकारवाला सबैले देखिने गरी जानकारीमूलक सूचनापाटी 'फ्लेक्स बोर्ड' बनाई अस्पताल परिसरमा राख्न आग्रह गरेको छ । मंगलबार गृह मन्त्रालयमा सरोकारवालाहरूबीच भएको छलफलले यस्तो निर्णय गरेको हो ।

चिकित्सकले ढुक्क भएर काम गर्ने वातावरण बनाउँछु

● मोहनबहादुर बस्नेत, स्वास्थ्यमन्त्री



दिनप्रतिदिन चिकित्सकमाथि कुटपिटका घटना हुनु खेदजनक छ । यसबारे पटक-पटक गृहमन्त्री, स्वास्थ्यमन्त्री र शिक्षामन्त्रीबीच छलफल भइरहेको छ । घटनामा संलग्नलाई कारबाही हुन्छ । चिकित्सकले ढुक्क भएर काम गर्ने वातावरण बनाउँछु ।

यसरी नै स्वास्थ्यकर्मीमाथि आक्रमण भइरहे काम गर्न कठिन हुन्छ

● डा. सञ्जीव तिवारी, महासचिव, नेपाल चिकित्सक संघ



पछिल्लो समय स्वास्थ्यकर्मीमाथि हुने आपराधिक घटना बढेका छन् । कतिपय घटना त हामीकहाँ आउँदैनन्, अप्रिय घटना मात्रै आउँछन् । स्वास्थ्यकर्मीमाथि चरणबद्ध शैलीमा आक्रमण बढ्दो छ, राजनीतिक संरक्षण हुँदासम्म यस्ता घटना बढ्ने देखिन्छ । यसरी नै स्वास्थ्यकर्मीमाथि आक्रमण भइरहने हो भने काम गर्न कठिन हुन्छ ।

डाक्टर पनि नियममा बस्नुपर्छ

● डा. कृष्ण अधिकारी, रजिस्ट्रार, नेपाल मेडिकल काउन्सिल



स्वास्थ्यकर्मीमाथि कुटपिट, आक्रमण र गालीगलौजसम्बन्धी घटना बढेका छन् । काउन्सिलमा स्वास्थ्यकर्मीविरुद्ध पनि उजुरी परेका छन् । डाक्टरले पनि आचारसंहिता पालना गरेका छैनन् । डाक्टरको व्यवहार उही सहचालकले यात्रुलाई तानातान र हप्काएजस्तो छ । डाक्टर पनि नियममा बस्नुपर्छ ।

असुरक्षित मनस्थिति बोकेर चिकित्सक अस्पताल जानुपर्ने बाध्यता छ

● डा. भोला रिजाल



डाक्टरमाथि हुने घटनाबारे हामीले 'एनालाइसिस' कहिले गर्ने ? यस्ता घटना कसरी रोकिने होलान् भनेर हरेक दिन यसबारे सोच्छु । तर, जब सरकार सुतेको हुन्छ, तब न्यायका ढोका बन्द हुन्छन् । यस्तो असुरक्षित मनस्थिति बोकेर चिकित्सक अस्पताल जानुपर्ने बाध्यता छ । अहिले चिकित्सकहरूमा विदेश जाने मनस्थिति आउनुको कारण पनि यस्तै घटना हुन् । यसप्रति जिम्मेवार सुरक्षा निकाय र स्वास्थ्य मन्त्रालय हुनुपर्छ ।

फेवातालको ६५ मिटरवरपरका संरचना ६ महिनाभित्र हटाउन परमादेश

०१८ देखि ०३१ सम्म कायम ताल क्षेत्रलाई सर्वोच्चको वैधता

● कास्कीमा रोहितराज पराजुली
● काठमाडौंमा शिल्पा कर्ण

सर्वोच्च अदालतले फेवातालको ६५ मिटरवरपरका संरचना ६ महिनाभित्र खाली गराउन परमादेश दिएको छ । गत ४ असारमा भएको फैसलाको पूर्णपाठअनुसार ०१८ देखि ०३१ सम्म कायम रहेको तालको नापीलाई आधिकारिक मान्दै त्यसभन्दा बाहिर पर्ने जग्गाका हकमा मात्र मुआब्जा दिने व्यवस्था मिलाउन आदेश दिएको हो ।

ताल संरक्षणको जिम्मा पाएको पोखरा महानगरपालिकाको १६ चैत ०७८ मा बसेको ५५औँ कार्यपालिका बैठकले सर्वोच्चको आदेशलाई हवाला दिँदै फेवातालको मापदण्ड ६५ मिटरबाट घटाएर ३० मिटर बनाउने, रूपा र बेगनास तालको ५५-५५ मिटर, खास्टे, दिपाङ, मैदी, न्युरेनी, गुँदे तालको मापदण्ड २०-२० मिटर कायम गर्ने निर्णय गरेको थियो । सर्वोच्चले १६ वैशाख ०७५ मा गरेको आदेशविपरित महानगरले तालको नयाँ मापदण्ड कायम गरेपछि ११ जेठ ०७९ मा अधिवक्ताहरू खगेन्द्र सुवेदी, सरोजनाथ प्याकुरेल, कृष्णहरि खड्का र दीपेन्द्रप्रसाद घिमिरेले नयाँ मापदण्ड बदर गर्न माग गर्दै सवोच्चमा रिट दायर गरेका थिए । रिटमा पोखरा महानगरपालिका, पोखरा उपत्यका नगर विकास समिति, ताल संरक्षण तथा विकास प्राधिकरण कास्कीसँगै राष्ट्रिय ताल संरक्षण विकास समिति काठमाडौंलाई विपक्षी बनाइएको थियो ।

सर्वोच्चको संयुक्त इजलासबाट भएको दुई रिटमाथिको फैसलाको पूर्णपाठ तीन महिनापछि सार्वजनिक भएकोमा यी विषय उल्लेख छन् । रिटहरूमाथि न्यायाधीशद्वय कुमार रेग्मी र हरिप्रसाद फुँयालको इजलासबाट यस्तो फैसला भएको हो । आदेशमा विपक्षीहरूका नाममा चारबुँदे परमादेश जारी गरिएको छ । साथै, आदेशको कार्यान्वयनका सम्बन्धमा निरन्तर अनुगमन गर्न फैसला कार्यान्वयन निर्देशनालयलाई जानकारी पठाउन भनिएको छ ।



'फेवातालवरिपरि वर्षायामको उच्चतम पानीको बिन्दु किनाराबाट ६५ मिटरसम्मको क्षेत्रमा रहेका घर, भवन, व्यापार-व्यवसाय, होटेल, रेस्टुराँ, रिसोर्ट आदि तथा अन्य सबैखाले व्यक्तिगत, सरकारी वा सार्वजनिक भौतिक संरचना यो आदेश प्राप्त भएको मितिले ६ महिनाभित्र अनिवार्य रूपमा हटाई खाली गर्नू-गराउनू र उक्त ६५ मिटरको मध्यवर्ती क्षेत्रलाई पूर्ण तवरले हरियाली क्षेत्र घोषित गरी सोहीबमोजिम कायम गर्नू-गराउनू,' फैसलामा भनिएको छ । फेवाताल संरक्षित जलाधार घोषणा गरिएकाले यसको स्रोतदेखि नै संरक्षण गर्न भू तथा जलाधार संरक्षण ऐन, २०३९ अनुसारका कार्य गर्न विपक्षीलाई सर्वोच्चले आदेश दिएको हो ।

पोखरा महानगरको स्थानीय सरकार सञ्चालन ऐनबमोजिम ०७८ चैतमा फेवातालको सिमाना वरिपरि ३० मिटर मापदण्ड कायम गर्ने निर्णयलाई सर्वोच्चले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । मुआब्जा विवादसमेत पहिल्यै टुंगिसकेको फैसलामा छ । उक्त फैसलामा भनिएको छ, 'फेवातालको वि.सं. २०१८ देखि वि.सं. २०३१ सालसम्म कायम रहेको जग्गाको मुआब्जासम्बन्धी विवादसमेत रहेको नदेखिएको र भए सोही समयमा टुंगिएको मानिनुपर्ने तालको जग्गा र सोको डिल नेपाल सरकारको सरकारी जग्गा भएको र मालपोत ऐन, २०३४ को दफा २४ (२) बमोजिम फेवातालको नाममा रहने गरी नेपाल सरकारको नाममा गर्नू-गराउनू ।' ०३२/३३ को नापीभन्दा पहिलेदेखिको साबिक दर्ता, श्रेस्ता, तिरो, निरन्तर भोगमा रहेकाको हकमा फैसलामा भनिएको छ, 'फेवातालको वर्षायामको उच्चतम पानीको बिन्दुको किनाराबाट ६५ मिटरको मध्यवर्ती हरियाली क्षेत्र कायम गर्नका लागि आवश्यक पर्ने वि.सं. २०१८ देखि वि.सं. २०३१ सालसम्म कायम रहेको ताल र तालको डिलभन्दा बाहिरको जग्गाको हकमा मात्र कानुनबमोजिम मुआब्जा दिनुपर्ने देखिँदा सो पहिचान गरी उचित मुआब्जा दिने व्यवस्था मिलाउनू ।'

फैसलमार्फत अदालतले तीनै तहलाई संविधानले वातावरण तथा जैविक संरक्षणको दायित्व सुम्पिएको उल्लेख गरेको छ । तर, स्थानीय तहलाई बढी जिम्मेवार बनाइएको फैसलामा छ । संविधानले संघको व्यवस्थापकीय अधिकारको एकल सूचीमा जलस्रोतको संरक्षणलाई पनि राखेको छ । प्रदेशलाई दिइएको एकल अधिकार सूचीमा प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग र वातावरण व्यवस्थापन पर्छन् । यसैगरी, स्थानीय तहलाई पनि वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी विषय तथा जलाधार वन्यजन्तु, खानी तथा खनिज पदार्थ संरक्षणजस्ता विषयलाई एकल अधिकारभित्र राखिएको छ ।

गृहका अधिकृतले १५ मिनेट अनिवार्य योग गर्नुपर्ने

काठमाडौं/ गृह मन्त्रालयले मातहतका कर्मचारीलाई कार्यालय समयमा अनिवार्य रूपमा योग गर्न निर्देशन गरेको छ । यसका लागि गृहले मातहतका कर्मचारीका लागि परिपत्र नै जारी गरेको छ । परिपत्रअनुसार मातहतका अधिकृत तहका कर्मचारीलाई कम्तीमा १५ मिनेट योग गर्न भनिएको छ । योग गर्ने समय भने १० देखि १०:१५ बजेसम्म निर्धारण गरिएको छ । जुन कार्यालय सुरु हुने समय हो । र, सोही समयमा सेवाग्राहीको सम्बन्धित कार्यालयमा घुइँचो लाग्ने गर्छ ।

पूर्वगृहसचिव उमेश मैनालीले कार्यालय समयमा महत्त्वपूर्ण निकायका कर्मचारी योग अभ्यासमा लाग्नु गलत रहेको बताए । '१० बजेदेखि कार्यालय समय सुरु हुन्छ । यो सेवाग्राहीका लागि छुट्याइएको समय हो । उक्त समयमा सेवाग्राहीलाई कर्मचारीले सेवा दिनुपर्छ । तर, सोही समयमा कर्मचारी योग अभ्यासानमा लाग्दा सेवाग्राही मारमा पर्छन् । कार्यालय समयमा योगाभ्यास गर्नु ठीक होइन ।'

गृहको कार्यालय व्यवस्थापन तथा जिन्सी शाखाबाट जारी भएको परिपत्रअनुसार योगाभ्यास अधिकृत तहका कर्मचारीका लागि अनिवार्य गरिएको छ । योगाभ्यास बिहानको १०:१५ अघि गरिसक्नुपर्ने परिपत्रमा उल्लेख छ । अधिकृतभन्दा तल्लो तहका कर्मचारीलाई पनि योग अभ्यासको तालिम दिई कार्यालय समयभन्दा अघि अभ्यास गराउने वातावरण तयार गर्न परिपत्रमा भनिएको छ । तर, गृहले यस सम्बन्धमा आफ्नो धारणा सार्वजनिक गरेको छैन । मन्त्रालयका प्रवक्ताको जिम्मेवारीसमेत सम्हालेका प्रशासन महाशाखाका प्रमुख सहसचिव केदारनाथ शर्माले यस विषयमा पछि बोल्ने भन्दै पन्छिए ।

आज मधेशमा सार्वजनिक बिदा

जनकपुरधाम/ मोहम्मद जन्मजयन्तीका अवसरमा मधेश प्रदेश सरकारले बिहीबार सार्वजनिक बिदा दिएको छ । इस्लाम धर्मका प्रवर्तक हजरत मोहम्मद सल्लाहुवलैहेवुलमको जन्मजन्यती अर्थात् 'मोहम्मद डे'का अवसरमा बिदा दिइएको प्रदेशको गृह तथा सञ्चार मन्त्रालयले जनाएको छ । इस्लाम धर्मका अन्तिम पैगम्बरका रूपमा हजरत मोहम्मदको जन्म इसापूर्व ५७१ अर्थात् इस्लामिक तिथिअनुसार १२ रविउल्लऔएलका दिन साउदीको मक्कामा भएको थियो । मोहम्मद डेमा मुस्लिम समुदायले मिलाद, फातिहा, कुरयानखानी तथा व्रत बस्ने गर्छन् ।



महासमिति निर्वाचन हुन बाँकी क्षेत्रमा कांग्रेसले टुंग्यायो कारबाही

नयाँ पत्रिका

कांग्रेस केन्द्रीय अनुशासन समितिले महासमिति निर्वाचन हुन स्थानको अनुशासनको कारबाहीको टुंगो लगाएको छ। समिति सदस्य तथा कांग्रेस केन्द्रीय सदस्य सञ्जय गौतमका अनुसार निर्वाचन हुन बाँकी रहेका २३ जिल्ला र क्षेत्रमा कारबाहीको टुंगो लागेको हो।

महासमिति बैठकले नीति अधिवेशनसमेत गर्ने भएकाले समितिले कारबाहीलाई केन्द्रमा राखेको थियो। 'महासमिति निर्वाचनलाई मध्यनजर गरेर हामीले अनुशासनको कारबाहीलाई केन्द्रित गरेका छौं। महासमिति सदस्य निर्वाचनका लागि अनुशासनको कारबाहीका कारण समस्या छैन,' गौतमले नयाँ पत्रिकासँग भने।

कांग्रेसले १३ देखि १५ मंसिरमा काठमाडौंमा महासमिति बैठक गर्ने निर्णय गरेको छ। यसका लागि सभापति शेरबहादुर देउवाको संयोजकत्वमा तयारी समिति गठन गरेर तयारीमा केन्द्रित बनेको छ। निर्वाचन समितिले असोज मसान्तभित्र निर्वाचन सम्पन्न गर्न सबै जिल्लामा निर्देशन जारी गरेको छ। निर्वाचन समिति सदस्य जगन्नाथ श्रेष्ठका अनुसार बुधबारसम्ममा ३५ जिल्लामा पूर्ण रूपमा निर्वाचन सम्पन्न भएको जानकारी समितिलाई गराएका छन्। १४औं महाधिवेशनमा समय अभाव देखाएर कांग्रेसले नीति छाडेर नेतृत्व चयनमा केन्द्रित बनेको थियो।

कांग्रेस संखुवासभाका सभापति खड्काको राजीनामा

काठमाडौं/ कांग्रेस संखुवासभाका सभापति दीपक खड्काले पदबाट राजीनामा दिएका छन्। संसद्को भूमिकाका कारण जिल्लामा पर्याप्त समय दिन नसकेको भन्दै उनले बुधबार राजीनामा दिएका हुन्। १४औं महाधिवेशनबाट उनी जिल्ला सभापति निर्वाचित भएका थिए। खड्काले मुख्यसचिव कृष्णप्रसाद पौडेलमार्फत सभापति शेरबहादुर देउवालाई राजीनामा बुझाएका छन्। प्रतिनिधिसभा सदस्यमा संखुवासभाबाट निर्वाचित बनेका थिए। सांसदको भूमिकाका कारण जिल्लाको पार्टी संगठनलाई पर्याप्त समय दिन नसकेको उल्लेख गरेका छन्। खड्काले जिल्ला सभापति नरहे पनि पार्टी हितमा क्रियाशील हुने राजीनामा पत्रमा उल्लेख गरेका छन्।

डडेल्धुरा मेडिकल कलेजलाई अध्यापन अनुमति

डडेल्धुरामा **नवराज पनेरू**

डडेल्धुरा मेडिकल कलेजले अध्यापन अनुमित पाएको छ। सरकारले डडेल्धुरा अस्पताललाई मेडिकल कलेज घोषणा गरेपछि सञ्चालनको प्रक्रिया अगाडि बढाएकोमा चिकित्सा शिक्षा आयोगले कक्षा सञ्चालनका लागि अनुमति दिएको हो।

डडेल्धुरा अस्पतालका अध्यक्ष करुणाकरण ओझाका अनुसार ब्याचलर इन मेडिकल ल्याब टेक्नोलोजीको कक्षा सञ्चालनको अनुमति पाइएको हो। त्यसका लागि चिकित्सा शिक्षा आयोगले १० जनाको कोटा पनि निर्धारण गरेको ओझाले बताए। अब आयोगले १८ कात्तिकमा इन्ट्रान्स लिने र त्यसपछि विद्यार्थी पठाउने जानकारी प्राप्त भएको ओझाले



जानकारी दिए। माघदेखि कक्षा सञ्चालनको तयारी रहेको छ।

आयोगले यसअघि डडेल्धुरा मेडिकल कलेजमा अध्यापन अनुमति प्रदान गर्नका लागि अनुगमन गरेको थियो। सुदूरपश्चिम विश्वविद्यालय, स्वास्थ्य विज्ञान संकायका डिन हेमनाथ जोशीका अनुसार डडेल्धुरा मेडिकल कलेजमार्फत पाँचवटा विषय अध्यापनका लागि चिकित्सा शिक्षा आयोगसँग अनुमति माग गरिएको थियो। 'ब्याचलर इन मेडिकल ल्याब टेक्नोलोजी, पब्लिक हेल्थ, फार्मेसी, फिजियोथेरापी र बिएस्सी नर्सिङका कक्षा सञ्चालन गर्नका लागि अनुमति माग गरेका थियौं,' डडेल्धुरा मेडिकल कलेजका डिन जोशीले भने, 'ती विषयका कक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार र उपकरण छन् वा छैनन् भनेर चिकित्सा शिक्षा आयोगको टोलीले अनुगमन गरेको थियो। पाउनुपर्ने तीनवटा थियो, तर अहिले एउटा पाइएको छ। यो पनि उपलब्धि हो।'

मेडिकल कलेज सञ्चालनका लागि सुदूरपश्चिम विश्वविद्यालयको नाममा डडेल्धुराको तुफानडाँडास्थित ८४ रोपनी जग्गा प्राप्त भइसकेको छ। त्यसैगरी, डडेल्धुरा अस्पतालको नाममा दुई सय ३४ रोपनी जग्गा छ। सुदूरपश्चिम विश्वविद्यालयले डडेल्धुरामा डिनको कार्यालय स्थापना गरिसकेको छ। भौतिक संरचना निर्माणका लागि डिपिआर निर्माणको काम पनि भइरहेको सुदूरपश्चिम विश्वविद्यालयले जनाएको छ।

■ बागमतीमा नेतृत्व छान्दै एमाले

अध्यक्ष र उपाध्यक्षमा पाँच-पाँच उम्मेदवार

आज मतदान, सहमतिका लागि पार्टी नेताहरू अझै प्रयासरत



काठमाडौं/ सहमतिको प्रयास असफल भएपछि एमाले बागमती प्रदेशको नेतृत्व चयन निर्वाचनबाट हुने भएको छ। सहमतिको प्रयास असफल भएपछि अध्यक्षका लागि पाँचजनाले उम्मेदवारी दर्ता गराएका छन्। अध्यक्ष, उपाध्यक्ष, सचिव र दुई उपसचिवसहित पाँच पदका लागि २६ जनाको उम्मेदवारी परेको छ। अध्यक्षमा पाँचजनाले उम्मेदवारी दर्ता गरेका छन्। निवर्तमान अध्यक्ष नुवाकोटका केशव पाण्डे, मकवानपुरका कृष्णप्रसाद दाहाल, काठमाडौंका सानुकुमार श्रेष्ठ तथा रामेछापका कैलाश ढुंगेल र केशरबहादुर बुढाथोकीले अध्यक्षका लागि उम्मेदवारी दर्ता गरेका छन्। पार्टी नेताहरूले अध्यक्षमा ढुंगेलका नाममा सहमतिको प्रयास गरेका थिए।

उपाध्यक्षमा पनि पाँचैजनाको उम्मेदवारी परेको छ। सुवासचन्द्र ठकुरी, नारायणप्रसाद खतिवडा, दावादार्जे लामा, ईश्वरचन्द्र पोखरेल र राजेन्द्र राजथलाले उपाध्यक्षमा उम्मेदवारी दर्ता गराएका छन्। सचिवमा रत्न गुरुङ, नवराज सिलवाल, हस्त पण्डित र डा. रामकुमार अधिकारीले उम्मेदवारी दर्ता गराएका छन्।

उपसचिव (खुला र महिला)मा खड्गबहादुर खत्री, गंगादेवी श्रेष्ठ, डबल पाण्डे, टासी लामा, भक्तकुमारी लामा, ओमराज पन्त, ठाकुरप्रसाद गजुरेल, कृष्णहरि थापा, रमेश महर्जन, प्रेमबहादुर महर्जन, राजेन्द्र श्रेष्ठ र रिता गौतम ढकालले उम्मेदवारी दिएका छन्। गंगादेवी, भक्तकुमारी र रिता महिलातर्फ हुन्। बागमती प्रदेश कमिटीका इन्चार्ज गुरु बरालको नेतृत्वमा तामाङ, देवी ज्ञवाली, आनन्द पोखरेल, गोकुलप्रसाद बाँस्कोटा, कमल चौलागाईं, रामेश्वर फुँयाल, कृष्णबहादुर राई, सुशीला नेपाल, पार्वत गुरुङ, रत्ना गुरुङ सदस्य रहेको अध्यक्षमण्डलले सहमतिको प्रयास जारी राखेको छ।

आगामी चुनावमा एकल बहुमत आउँछ : ओली



सुर्खेतमा **रमेश रावल**

एमाले अध्यक्ष केपी ओलीले ०८४ मा हुने निर्वाचनमा एमालेले एकल बहुमत ल्याउने दाबी गरेको छन्। सुर्खेतको वीरेन्द्रनगरमा आयोजना गरिएको प्रथम प्रदेश अधिवेशनलाई सम्बोधन गर्दै ओलीले आगामी निर्वाचनमा एमालेको स्पष्ट बहुमत आउने दाबी गरेका हुन्।

'समय छ अहिलेदेखि नै लाग्नुस्। हरेक वडामा ५१ प्रतिशत एमाले। यही नै एमालेको मिसन ०८४ हो,' उनले भने, 'विकास हामीले गरेका छौं। नागरिकलाई त्यो बुझाउनुस्।' ओलीले नेपालमा कम्युनिस्ट पार्टी भनेको एमाले मात्र रहेको जिकिर गरे। 'एकीकृत समाजवादीमा रहेका कार्यकर्ता यतै आइरहेका छन्। माओवादीका साथीहरू पनि आउने क्रम जारी छ,' ओलीले भने, 'हाम्रा कार्यकर्ताले अब आफ्नो घरमा पनि सम्झाउनुपर्छ। आफूलाई एमाले भन्ने, तर छोराछोरी अर्कै पार्टीमा रहेको कसरी हुन्छ। पहिला घरमा सम्झाउनुस्।'

समाजमा द्वन्द्वको सिर्जना गर्न खोजिएको अवस्थामा पनि हालको सरकारले कुनै चासो नदिएको उनले जिकिर गरे। 'असमानता, भेदभाव तथा थिचोमिचोविरुद्ध राष्ट्रिय एकताका लागि एमाले सदैव लागेको छ,' उनले भने, 'नेपालमा द्वन्द्व फैलाउने काम भइरहेको छ। सरकारले यसतर्फ चासो दिएको छैन।'

विविधताको धनी रहेको नेपाल सामाजिक सद्भावका साथ राष्ट्रिय एकताका साथ अघि बढ्नुपर्ने उनले बताए। 'यो सरकारले जनताको वास्ता गर्दैन। सरकारले शिक्षक आन्दोलनमा पनि उनीहरूलाई फुटायो। करार शिक्षकका मागहरू सम्बोधन भएनन्। मान्छे मार्नेलाई सरकारले सुरुक्क छोडेको छ। अपराधीलाई संरक्षण गरेका छन्,' उनले भने। पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीले अपराधी कारागारमा बस्न नपर्ने भए अपराधीका लागि कानुन किन बनाएको भन्दै सरकारलाई प्रश्न गरे। सरकारले अरूमाथि झुटा मुद्दासमेत लगाउने गरेको उनको दाबी थियो।

Government of Nepal
Ministry of Urban Development
Department of Local Infrastructure (DOLI)
Local Infrastructure Development Project Office (LIDPO)
Karnali Province
Birendranagar, Surkhet

NOTICE FOR EXPRESSION OF INTEREST(EOI)

Date of publication: 2080/06/11, 12:00 PM.

Local Infrastructure Development Project Office, Surkhet invites for the **"Detailed Engineering Survey, Soil Investigation, Hydrological Study, Detailed Design and Report Preparation of Various Motorable Bridges** (Contract Identification No: LIDPO/Surkhet//EOI-BR/2080/081/01)". Eligible consultants may download the EOI form for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp and shall submit the form before the date of 2080/06/26, 12:00 PM.

Office Chief

Government of Sudur Pashchim Province
Ministry of Social Development
Province Health Logistic Management Center
Dhangadhi, Kailali Nepal

Notice For Bid Amendment

Date of publication: ***2080/06/11 (Sept 28,2023)***

This notice has been published to inform all the concerned. In reference to Invitation for electronic bid, ***IFB No:- PHLMCSP/G/NCB-1.1/2080-081 & PHLMCSP/G/NCB-1.2/2080-081*** *notice published on* ***2080/05/18(Sept 04,2023)*** *and* ***IFB No:- PHLMCSP/G/NCB-2.1/2080-081, PHLMCSP/G/NCB-2.2/2080-081 & PHLMCSP/G/NCB-2.3/2080-081*** *notice published on* ***2080/05/19(Sept 05,2023)*** *some amendment has been made as per ITB 9 Of Bid Documents. Interested Eligible Bidders may obtain further information and inspect the bidding document Addendum at PPMO eGP system* **www.bolpatra.gov.np/egp**. *For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com.*

Acting Director

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
राष्ट्रिय सूचना प्रविधि विकास समिति
राष्ट्रिय सूचना प्रविधि केन्द्र
सिंहदरवार, काठमाडौं

डाटा एवं इन्टरनेट एक्सचेन्ज केन्द्र भवन निर्माणको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८०-०६-११

बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका-१५ स्थित खुमलटारमा राष्ट्रिय सूचना प्रविधि केन्द्रद्वारा निम्न बमोजिमका प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय राष्ट्रिय सूचना प्रविधि विकास समिति राष्ट्रिय सूचना प्रविधि केन्द्र, सिंहदरवार, काठमाण्डौ
प्रस्तावको व्यहोरा	प्रस्ताव मुलभूत रुपमा डाटा एवं इन्टरनेट एक्सचेन्ज केन्द्र भवन निर्माणको लागि रहेको छ । यस अन्तर्गतको गुरुयोजनाले मुख्य कार्यालय भवन), कर्मचारी आवाश, गार्ड पोष्ट, गार्ड क्वाटर, पार्किंग, पावर ब्याकअप/जेनेरेटर घर, बाटो र बगैंचा समेटेको छ । यसरी आजोजनको कुल built-up area करिब ७६३१ वर्ग मिटर रहने छ । यसको लागि आवश्यक जग्गा राष्ट्रिय सूचना प्रविधि केन्द्रको नाममा रहेको छ ।
प्रभाव पर्न सक्ने जिल्ला/महानगरपालिका	ललितपुर जिल्ला, ललितपुर महानगरपालिका-१५

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका र त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

रायसुझावका लागि पत्राचार गर्ने ठेगाना

प्रस्तावकको नाम ठेगाना	परामर्शदाताको नाम ठेगाना
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय राष्ट्रिय सूचना प्रविधि विकास समिति राष्ट्रिय सूचना प्रविधि केन्द्र, सिंहदरवार, काठमाण्डौ इमेलः info@nitc.gov.np फोन : ०१-४२११९१७, ४२११५२७	अल्पाइन कन्सल्टेन्सी प्रा.लि. नयाँबानेश्वर, काठमाडौं ईमेलः consultancyalpine@gmail.com

Chhedagad Municipality
Office of the Municipal Executive
Karkigaun, Jajarkot

Invitation for Bids

Date of Publication: 2080/06/11

1. **Chhedagad Municipality, Jajarkot** invites electronic bids from Nepalese eligible bidders for the supply of following work under National Competitive Bidding procedure.

Contract Identification No.	Description of work	Estimated Amount including VAT	Bid Security Amount	Bid Validity Period after Bid Opening
CM/NCB/WORKS /05/80/81	Construction of (8 Room) Acadamic Building Construction Janapriya ma vi Dasera	15233670.82	382000	120 Days

2. Bidder who chooses to submit their bid electronically may downloadthe bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,** Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3,000 (Non-refundable) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Global Ime bank Limited

   Branch: Chhedagad Branch

   Name of Office: Chhedagad Municipality Jajarkot

   Office Account no.: S304010000007Rajaswa (Antarik Rajaswo Khata)

3. Only electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hrs. of of 29 oct june 2023.Bids received after this deadline will be rejected.

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs. of 29 oct 2023 at the Office of ChhedagadMunicipalityKarkigaunJajarkot. Bid Security in the form of cash should be deposited in the Deposit

   Account A/C No.: S304010000001

   Account Name: Sthaniyataha Dharauti account

   Bank name: Global Ime bank

For-Chief Administrative Officer

महेश मुखिया सुनुवारको 'जापानी टाइफन'



गायक महेश मुखिया सुनुवारको आवाजमा नयाँ गीत 'जापानी टाइफन' बोलको गीत सार्वजनिक भएको छ। गीतमा उनलाई गायिका दीपानारायण झाले साथ दिएकी छिन्। बलराम गौतमको शब्द रहेको गीतको संगीत महेश ज्ञवालीले भरेका हुन्। सुनुवारको यसअघि 'भिज्यो तिम्रो राते पछ्यौरी (रिमेक), 'माथि माथि लेकमा', 'शनीले छोड्छ बोरु' लगायत सार्वजनिक भइसकेका छन्।

करण जोहरको 'जिगरा'मा आलिया



करण जोहरको निर्माणमा चलचित्र 'जिगरा' बन्ने भएको छ। निर्माण टिमले एक भिडियो सार्वजनिक गर्दै चलचित्रको घोषणा गरेका छन्। वसन बालाको निर्देशनमा बन्ने चलचित्रमा अभिनेत्री आलिया भट्टको मुख्य भूमिका रहनेछ। यो चलचित्र २७ सेप्टेम्बर २०२४ मा प्रदर्शन हुनेछ। पछिल्लो समय आलियाको करण जोहरले निर्देशन गरको चलचित्र 'रानीकी प्रेम कहानी' प्रदर्शन भएको थियो।

नुनथेरापीमार्फत प्राकृतिक उपचार

नुन भन्नेबित्तिकै झ्वाट्ट मन मस्तिष्कमा आउँछ- सेतो रङको धुलो पाउडर। यो हाम्रो भान्सामा दैनिक प्रयोग हुन्छ। नुनको काम खाद्य पदार्थलाई नुनिलो स्वाद दिनु मात्रै हैन, यसले प्राकृतिक रूपमा खाद्य पदार्थलाई बिग्रनबाट समेत बचाउन मद्दत गर्छ। हामीले दैनिक प्रयोग गर्नेभन्दा फरक किसिमका नुन पनि बजारमा उपलब्ध छन्। परम्परागत रूपमा प्रयोग हुने ढिके नुन, बिरे नुन, सिरे नुन, हिमालयन पिंक साल्टजस्ता नुन पाइन्छन् र प्रयोगमा छन्। नुनको प्रयोग भान्सामा मात्रै सीमित छैन। यसलाई प्राकृतिक चिकित्सामा पनि प्रयोगमा ल्याइन्छ।

नुनले हेलोथेरापी

यही हिमालयन पिंक साल्ट प्रयोग गरी गरिने थेरापीलाई हेलोथेरापी भनिन्छ। जसलाई सामान्य भाषामा नुन थेरापी/नुन चिकित्साका नामले समेत चिनिन्छ। यसलाई स्पेलियो थेरापीका नामले समेत चिनिन्छ। हेलोथेरापी गर्दा 'साल्ट रुम'मा स्पा गरेजसरी थेरापी गरिन्छ। यो थेरापीले आराम मिल्छ। छालाजन्य समस्या समाधानमा सहायता मिल्छ। एलर्जी हुनबाट बचाउनुका साथै एलर्जी भइहालेको खण्डमा समेत यो थेरापी लाभदायक हुन्छ। त्यसो त परम्परागत रूपमा हेर्ने हो भने विशेषगरी पूर्वी युरोपमा स्पेलियो थेरापीका लागि नुन भएका गुफाहरू भ्रमण गर्ने अभ्यास थियो। जुन चिकित्सकीय रूपमा लाभदायक मानिन्थ्यो। साल्ट थेरापी सामान्यतया साल्ट रुममा नै गरिन्छ। यस्तो कोठामा हेलो जेनरेटर मेसिन राखिन्छ। यसमा नुन हुन्छ, थप्दै गइन्छ। मेसिनले कोठामा घुम्ने नुनका कणलाई टुक्र्याउँछ। थेरापीका लागि एक्टिभ र प्यासिभ गरी दुई किसिमका साल्ट रुम हुन्छन्।



डा. डिबी सुनुवार
प्राकृतिक चिकित्सक
होलिस्टिक युनिभर्सल हस्पिटल



प्यासिभ रुममा नुनका कण फुटाउने मेसिन हुँदैन। यस्तो रुम हिमालयन नुनजस्ता विभिन्न प्रकारका लवणले नै भरिएको हुन्छ। नियन्त्रित तापमान र आर्द्रताका कारण थेरापी गर्नका लागि तयार गरिएको साल्ट रुम एक प्रकारको नुन गुफाजस्तै देखिन्छ। प्यासिभ साल्ट रुममा नुनको मात्रा एक्टिभ साल्ट रुममा भन्दा कम हुन्छ। प्यासिभ साल्ट रुम हेलोथेरापीको सट्टा विश्राम र ध्यानको लागि बढी प्रयोग गर्न सकिन्छ।

दुई थरी थेरापी

साधारणतया साल्ट थेरापीलाई दुई प्रकारमा विभाजित गर्न सकिन्छ। जसमध्ये एक हो, ड्राई साल्ट थेरापी। यो थेरापीलाई हेलोथेरापी नै भनिन्छ। हेलोजेनरेटरको सहयोगमा साल्ट रुममा थेरापी गरिन्छ। यसले साना, सुक्खा नुनका कणहरूलाई हावामा फैलाउन र फोक्सो तथा छालामा प्रवेश गर्न मद्दत मिल्छ।

अर्को वेट नुन थेरापी हो। यसमा नुनलाई पानीका माध्यमबाट शरीरका विभिन्न अंगमा उपचारका लागि प्रयोग गरिन्छ। यसमा खनिजहरू भएको नुनिलो पानीमा नुहाउने, नुनिलो पानीले मुख कुल्ला गर्ने, पिउने, नाकबाट नुनिलो पानी बगाउनेजस्ता क्रियाकलाप गरिन्छ।

यस्ता छन् फाइदा

नुन एक प्राकृतिक र सुरक्षित खाद्य तत्त्व हो। सन्तुलित रूपमा प्रयोग गरेको खण्डमा यसबाट कुनै साइड इफेक्ट हुँदैन।

नुनमा म्युकोएक्टिभ, जीवाणुरोधी, रोगप्रतिरोधात्मक क्षमता बढाउने, एन्टि-एलर्जीजस्ता गुण हुन्छन्।

अध्ययनअनुसार यस्ता गुणका कारण, हेलोथेरापीलाई उपचारको एक प्रभावकारी उपायको रूपमा प्रयोग गर्न सकिन्छ। हेलोथेरापी दम तथा रुघाखोकीजस्ता फोक्सोजन्य समस्याको सामाधानका लागि उपयोगी हुन्छ।

त्यसैले हेलोथेरापीलाई फोक्सोको वैकल्पिक उपचार विधिका रूपमा समेत लिइन्छ। फोक्सोको संक्रमण, घाँटीको संक्रमण वा फरिन्जाइटिस, क्रोनिक अब्सट्रक्टिभ पल्मोनरी डिजिज (सिओपिडी), धूम्रपानका कारण सास फेर्न समस्या भएका व्यक्तिका लागि यो थेरापी लाभदायक हुन्छ। श्वासप्रश्वासको एलर्जी, दम, ब्रोन्काइटिस, चिसो लागेको तथा खोकी लागेको, निमोनिया, साइनसाइटिस, राइनाइटिस, टन्सिलाइटिस, सिस्टिक फाइब्रोसिसजस्ता समस्या समाधान तथा हुन नदिनका लागि यो थेरापी लाभदायक छ। हेलोथेरापीमा प्रयोग हुने साना नुनका कणहरूले छालाका कोषिकाहरू पुनः उत्पादन गर्न मद्दत मिल्छ।

छालालाई चाँडै पाको हुनबाट बचाउन र संक्रमणबाट जोगाउनसमेत मद्दत मिल्छ। त्यसैगरी, छालाको एलर्जी, दाग, पिम्पल तथा डन्डिफोर, सोरायसिस, डर्मेटाइटिसजस्ता छालाजन्य समस्यामा हेलोथेरापी लाभदायक हुन्छ।

छालामा हुने फंगल संक्रमणको समस्याबाट छुटकारा पाउन लाभदायक हुन्छ। तर, विभिन्न किसिमका दीर्घरोगको समस्या छ भने चिकित्सकको सल्लाहमा मात्रै हेलोथेरापी गर्नुपर्छ।

कपाल झर्न नदिने उपाय



डा. ललन खतिवडा
छालारोग विशेषज्ञ
नेपाल स्किन हस्पिटल

हिजोआज उमेर नपुग्दै कपाल झर्ने समस्या भएका पुरुषको संख्या बढ्दो छ। जसले गर्दा पुरुषको व्यक्तित्वमा असर पुऱ्याइरहेको हुन्छ। कपाल झर्दा उनीहरूका लागि टाउको दुखाइ बनिरहेको नै छ। दिनमा सयवटा जति कपाल झर्नुलाई सामान्य रूपमा लिइन्छ। तर, योभन्दा बढी कपाल एकैचोटि झर्न थाल्यो भने समस्या भनेर बुझ्नुपर्छ।

कारण

पुरुषमा कपाल झर्नुको मुख्य कारण वंशानुगत गुण हो। तर, यो सबैमा देखिन्छ भन्ने हुँदैन।

दैनिक काम वा अन्य विभिन्न कारण अत्यधिक तनाव भएमा हर्मोनमा गडबडी आउँछ। यसले गर्दा प्रतिक्रियास्वरूप बाक्लो कपाल झर्न थाल्छ।

धूम्रपान गर्दा पाइने निकोटिनका कारण रक्तनली खुम्चिने हुन्छ। यसले गर्दा शरीरमा अक्सिजनको मात्रा कम भई कपाल झर्ने हुन्छ। त्यस्तै, मद्यपान गर्ने अधिकांश पुरुषमा टक्सिनको मात्रा बढ्ने, आइरन र जिंक कम हुन्छ। जसका कारण पनि कपाल झर्छ।

पुरुषको तालुमा हुने एउटा इन्जाइमले टेस्टोस्टेरोन हर्मोनलाई डिएचटीमा परिवर्तन गरिदिन्छ। त्यस कारणले कपाल झर्न थाल्छ। टेस्टोस्टेरोन हर्मोन तीव्र गतिमा बढ्न थालेपछि बाक्लो कपाल बिस्तारै झर्न सुरु गर्छ।

कतिपय पुरुषले फरक स्टाइल दिने नाममा कपाल कलर गर्ने गर्छन्। यसरी प्रयोग गरिने विभिन्न रसायनयुक्त वस्तुका कारण कपाल टुक्रिएर झर्ने गर्छ। अत्यधिक मात्रामा कपाल हाइलाइट र कलरिङ गरिरहेका हुन्छन्। जसले कपालमा समस्या उत्पन्न हुन्छ र झर्न सुरु गर्छ।

अस्वस्थ खानेकुरा खाँदा कपाल स्वस्थ रहन आवश्यक आइरन, जिंक, क्याल्सियमलगायतको कमी हुन्छ र कपाल झर्ने हुन्छ।



रोकथाम

वंशानुगत गुण, बढ्दो उमेर, हर्मोनका कारणले कपाल झरेको भए यसलाई रोक्न मुस्किल हुन्छ। तर, अस्वस्थ खानपान, धूम्रपान, मद्यपान, तनाव, रसायनयुक्त पदार्थको प्रयोग आदि कुराले कपाल झरिरहेको भए यसलाई रोक्न भने सकिन्छ। स्वस्थ जीवनशैली तथा खानपान आवश्यक हुन्छ। धूम्रपान र मद्यपान गर्नुहुँदैन। तनाव व्यवस्थापन गर्ने र रसायनयुक्त पदार्थको प्रयोग नगर्दा कपाल झर्न कम हुन्छ।

निर्देशनमा पनि इंगिहोपोलाई सफलता



नेपाली रंगमञ्चका उम्दा कलाकार हुन्, इंगिहोपो कोइच सुनुवार। दशकअघि गुरुकुलमा साथीसँग नाटक 'सुइना कर्णाली' हेरेपछि उनको नाटकप्रतिको दृष्टिकोण बदलियो। यो नाटक हेरेपछि नाटकप्रति थप मोह जाग्यो। बिस्तारै समय मिलाएर आफैं पनि नाटक हेर्न जान थालें। दशकअघि कलाकार बनेर स्टेजमा कला प्रदर्शन गर्ने सोच हुर्किसकेको थियो। अहिले उनी रंगमञ्चको संसारमा रमाइरहेका छन्।

मण्डला थिएटरमा मञ्चन भएको उनी निर्देशित पहिलो नाटक 'दमिनी भीर' ले दर्शकबाट राम्रो प्रतिक्रिया पाएको छ। राजन मुकारुङद्वारा लिखित उपन्यासमा आधारित यो नाटक २२ भदौदेखि १० असोज (बुधलबार) सम्म प्रदर्शन भएको थियो। पुस्तकलाई उनले समयसापेक्ष बनाएर मञ्चमा ल्याएका हुन्। उनलाई 'दमिनी भीर'ले भने नाम मात्रै होइन, कामको पनि प्रशंसा दिलाएको छ। उनको डेब्यु निर्देशनबारे रंगमञ्चमा सकारात्मक चर्चा सुरु भएको छ। उपन्यासका पात्रलाई समयसापेक्ष बनाएर मञ्चमा ल्याएका छन्। उनी भन्छन्, 'पुस्तकमा वर्गीय विभेद, जातीय विभेद, शोषण, उत्पीडन, वर्गसंघर्षलाई समेटिएको छ। त्यसैलाई हामीले नाटकमा उतारेका हौं।'

> रंगमञ्चका चर्चित अभिनेता इंगिहोपो कोइचको डेब्यु निर्देशनमा तयार भएको 'दमिनी भिर'ले दर्शकबाट राम्रो प्रतिक्रिया पाएको छ।

उनले यसअघि आफ्नो अभिनय कौशलबाट प्रशंसा पाइसकेका थिए। नाटक 'जार'मा मुखियाको भूमिका, एनिमल फार्म, दयालु रूखजस्ता नाटकमा उनले आफ्नो अभिनय क्षमता देखाइसकेका छन्। नाटकमा फरक भूमिकाले कलामा निपूर्ण उनले दर्शकमाझ गहिरो छाप छोडिसकेका छन्।

नाटकका हरेक कथामा फरक-फरक भूमिकामा देखिने उनले स्टेज डिजाइनमा आफ्नो कला देखाइसकेका छन्। कस्ट्युम डिजाइनमा कपडाको रङलाई कथासँग मिलाउन माहिर छन्।। नेपथ्यदेखि स्टेजसम्म, कलाकारितादेखि निर्देशनसम्म उनले आफूलाई प्रमाणित गरे।

छोटो चलचित्र 'सेनाको चेली' निर्देशनसमेत गरेका उनले केही चलचित्रमा अभिनय पनि गरिसकेका छन्। तर, उनको मोह भने नाटकमै छ। भन्छन्, 'दर्शकलाई प्रत्यक्ष अभिनय देखाउन पाउँदाको मज्जा नै बेग्लै छ।' यसबाहेक उनले विभिन्न स्कुलमा अभिनय सिकाउँदै आइरहेका छन्।

पर्यटक लोभ्याउँदै गुरुङ होमस्टे


• अर्जुन श्रेष्ठ

झुरुप्प १६ घर। कतिपय भूकम्पपछि बनेका नयाँ घर छन्। केहीले भूकम्पले ढाल्न नसकेका ढुंगामाटोको पुरानो घरलाई लिपपोत गरी चिटिक्क पारिएका छन्। हेर्दा उस्तै देखिने सबै घर सफा, चिरिच्याँट्ट छन्। आँगन र बाटोमा छापिएका ढुंगाले गाउँको मौलिकता झल्काएको छ।

बाटोमा रंगीबिरंगी विभिन्न प्रजातिका ढकमक्क फूल, कफी तथा फलफूलको मगमग बास्नाले पर्यटकलाई लोभ्याउँछ। धादिङको गंगाजमुना गाउँपालिका-३ अम्बोटेमा रहेको गुरुङ गाउँ नमुना होमस्टे अहिले पर्यटकको रोजाइको गन्तव्य बनेको छ। यहाँ पुग्न सदरमुकाम धादिङबेंसीदेखि ३५ किलोमिटर उत्तरतर्फ लाग्नुपर्छ।

गुरुङ समुदायले सुरु गरेको यो होमस्टेमा मौलिक खानपानको स्वाद लिन पाइन्छ। पाहुनालाई फलफूल, खाद्यान्न तथा मदिरासमेत स्थानीयले खुवाउँछन्। भुटेको मकै, विभिन्न फलफूलबाट तयार पारिएका लस्सीको स्वाद बिर्सिनसक्नुको छ। लोकल कुखुराको झोलसँग स्थानीय चामलको भात पाहुनाहरूको रोजाइमा पर्छ। विभिन्न जातजातिका कला, संस्कृति, भेषभूषा परम्परा, रीतिरिवाजले पनि पर्यटकलाई आकर्षित गर्ने गरेको छ। होमस्टे व्यवसायले समाज रूपान्तरण र यस्ता संस्कृतिको पुस्तान्तरणमा टेवा पुगेको नेपाल पत्रकार महासंघ धादिङका अध्यक्ष राजाराम शर्माले बताए। पछिल्लो समय मानिसहरू सहर तथा विदेशकेन्द्रित भइरहँदा होमस्टेले एकपटक गाउँ पुर्गौं न भन्ने वातावरण बनेको छ। उनले भने, 'जो होमस्टे पुग्छन्, गाउँले जीवनलाई राम्रोसँग बुझ्न, विभिन्न जातिजातिको संस्कृति र पहिचान थाहा पाउन तथा अर्गानिक उत्पादनको स्वाद लिन पाउँछन्। होमस्टेमा साँच्चै रमाइलो र आनन्दमा हराउन सक्छन्। यसले स्थानीयको आर्थिक अवस्था सुधारसँगै गाउँकै विकासमा पनि सहयोग पुग्छ।'

होमस्टे सञ्चालित घरका करेसामा कागती, अम्बा, भोगटे, कफीलगायतका फल फलिरहेका छन्। मौसमअनुसारका फलफूल सबै घरका करेसामा पाइन्छन्। वातावरण हेरेर पर्यटकहरू रम्ने गरेका छन्। दिनभरि कहिले फूलसँग त कहिले फलफूलका बोट हेर्दै सुस्केरा मार्दै मस्त रमाएर साँझ परेपछि घाटु, चुड्का र दोहोरीमा छमछमी नाच्न पाइन्छ। पाहुनाको मनोरञ्जनका लागि स्थानीय महिला र पुरुषले गाउने घाटु, चुड्का र दोहोरी गुरुङ गाउँ नमुना होमस्टेको अर्को विशेषता हो।



अन्यत्रबाट होमस्टे पुग्ने पाहुनालाई यहाँका गुरुङ जातिले फूलका गुच्छा र मालाले गेटैमा स्वागत गर्छन्। गाउँका १६ घरका नौ घरमा भूतपूर्व सैनिक छन् भने चार घरका बहालवाला सैनिक हुन्। त्यस्तै, एक घरका सदस्य निजामती सेवामा कार्यरत छन्। सेनामा छँदा गरेको मिहिनेत र अनुशासनलाई आफूहरूले होमस्टेमा प्रयोग गरेको मानबहादुर गुरुङ बताउँछन्। 'निकै संघर्ष गरेर लाहुरे भइयो, त्यहाँ सरसफाइ र अनुशासनबारे सिक्ने मौका मिल्यो। जागिरको वेला ब्यारेकभित्र सिकेको ज्ञान अहिले गाउँमा लागू गरिरहेका छौं,' उनले भने।

देश-विदेश घुमेर आफ्नो पुख्यौंली थलो फर्किएका लाहुरेहरूले सुरु गरेको सरसफाइ अभियान पछिल्लो समयमा होमस्टेको रूपमा परिणत भएको स्थानीय यतनबहादुर गुरुङ बताउँछन्। होमस्टे हेर्न छिमेकी गाउँबाट पनि आइपुग्छन्। उनले भने, 'गुरुङ समुदायको आत्मीयता, एकता, संस्कार र संस्कृति देश-विदेशमा चिनाउने लक्ष्य छ। मिहिनेत गर्दै छौं, भविष्यमा अझै राम्रो बनाउने योजनासहित अघि बढेका छौं।'

यसकारण गरौं हिपहप डान्स


हिपहप पाश्चात्य नृत्यको एउटा विधा हो। हिपहप 'फ्री स्टाइल'को नृत्य हो, जसमा शारीरिक कसरत बढी हुन्छ। यसका लागि धेरै मिहिनेत चाहिन्छ। युवापुस्तामा हिपहपको राम्रो क्रेज छ। अहिलेका युवा डान्सलाई 'फेम'सँग जोड्छन्। तर, यो स्टारडमको माध्यम नभई प्यासन र साधना हो।

मानिसहरू आफ्नै ढंगले नृत्य गर्छन्। फ्रिस्टाइल डान्स भएकाले हिपहप पनि आफैं गर्न सकिन्छ। युट्युब र अनलाइन भिडियोमार्फत सिक्न पनि सकिन्छ। तर, यसक्रममा कतिपयले स्टेप नै बिगारिरहेका हुन्छन्, जो राम्रो होइन। आफ्नो करिअर र सीपलाई निखार्नका लागि तपाईंले हिपहपको महत्त्वलाई राम्ररी बुझ्न जरुरी छ र यसका लागि तपाईंले यस डान्सको प्रशिक्षण लिनु राम्रो हुन्छ।

धेरै मान्छे जिम जान्छन्। शरीर सुगठित बनाउन निकै मिहिनेत गर्छन्। तर, जिम भनेको आधा मान्छे र आधा मेसिनको सहकार्य हो। जिम छोडेको केही समयमै शरीर बिग्रिन थाल्छ। कसैको बोसो पलाउने त कसैको एब्स बिग्रिने हुन सक्छ। हिपहप फरक छ। संगीतको बहावमा शरीरलाई ढाल्नुपर्ने भएकाले यो ध्यान गरेजस्तै हो। त्यसबाट 'स्ट्रेस' घट्छ।

संगीतले हामीलाई शान्त र मग्न बनाउँछ। तर, यसको कुनै नकारात्मक असर हुँदैन।

घरका साना समस्याको पहिचान र समाधान



अर्जुन राई
कार्यकारी निर्देशक
होमवर्क नेपाल



घरमा पानी, ढललगायत स-सना कुराको व्यवस्थापन नमिल्दा अनावश्यक समस्याहरू भेल्नुपर्छ। नचाहेर पनि यस्ता समस्या बारम्बार आइरहन्छन्। जसले गर्दा तपाईंको दैनिकीलाई असर गरिरहेको हुन्छ। यस्ता केही समस्याको समाधान आफैं गर्न सकिन्छ। यदि समस्या धेरै भयो भने दक्ष प्राविधिकबाट समाधान गराउनुपर्छ, जसकारण समस्या नदोहोरियोस्, पैसा र समय पनि बचत हुन सकोस्।

पानी लिक हुने र छत चुहिने

सहरी क्षेत्रका घरमा वेला-वेलामा पानी लिक भइरहन्छ। पानी लिक पाइप फुटेर हुन सक्छ। यसबाहेक घरको छत चर्केको, प्वाल परेको कारणले पनि वर्षात्को समयमा पानी छिर्न सक्छ। पानी लिक भएपछि घरका भित्ताको रङ खुइलिने हुनाले फोहोर देखिन्छ र कमजोर बनाउँछ। जसका कारण घरका फर्निचर, कार्पेट आदि पनि बिगार्छ। यसले घरको सौन्दर्यमा ह्रास ल्याउँछ।

पानीको लिकेजले सर्किट सट हुने जोखिम पनि रहन्छ। घरमा पानी लिक हुने, छत चुहिने समस्या छ भने मर्मत गरिहाल्नुपर्छ। पानी लिक हुने समस्या सामान्य छ भने प्राविधिकको सहयोगमा आफैं बजारबाट सामग्री किनेर समाधान गर्न सकिन्छ। तर, छतको चुहावटका लागि चाहिँ विशेषज्ञकै जरुरी हुन्छ।

पानीको पाइप फुट्ने समस्या


अधिकांश घरधनीलाई पानीको पाइप फुट्ने समस्याले सताइरहेको हुन्छ। यस्तो किसिमको समस्या अत्यधिक मात्रामा देखिन्छ। पाइप फुटेर पानी लिक भएको थाहा पाउन फुटेको स्थान पत्ता लगाउनुपर्छ। पाइप थोरै मात्र फुटेको छ भने आफैंले मर्मत गर्न सकिन्छ। पानीलाई सिल गर्ने टेप बजारमा सजिलै उपलब्ध हुन्छ। यदि पाइप धेरै नै फुटेको छ भने प्राविधिकलाई बोलाएर मर्मत गर्ने लगाउनुपर्छ।

झ्याल र ढोकाको समस्या

झ्याल र ढोका घरमा निरन्तर प्रयोग हुन्छ। सामान्य गल्तीबाट घरको झ्याल-ढोका बिग्रने वा फुट्न सक्छन्। यदि ढोका बिग्रिएको छ वा लक राम्रोसँग नहुँदा तुरुन्तै मर्मत गर्नुपर्ने हुन्छ। ढोका जाम भएमा फोड्नुपर्ने हुन सक्छ। त्यसैले यस्ता समस्या देखिएमा प्राविधिकलाई बोलाउनु उचित हुन्छ।

ट्याटु खोप्दा ध्यान दिनुस्

युवाहरू शरीरका विभिन्न अंगमा आफ्नो प्रिय आइकन, कलाकार, प्रेमी-प्रेमिकाको आकृति कुँदाउने गर्छन्। कतिपयले आफूलाई मन पर्ने जनावर, देउताको पनि आकृति बनाएको देखिन्छ। ट्याटु हाउसका सञ्चालक सन्दीप लामा आफ्ना प्रेरक पात्रको सम्झनामा ट्याटु खोपाउने जमात ठूलो रहेको बताउँछन्। 'छोरा-छोरीले बुबा-आमाको चित्र बनाउँछन्, कतिपयले आफ्नो श्रीमान्-श्रीमतीको फोटो राखेर पनि बनाउँछन्। घरमा पालेका पेट (कुकुर-बिरालो) खोपाउने पनि हुन्छन्,' लामाले बताए।



उनले आफूले ग्राहकलाई ट्याटुबारे बुझाएर मात्रै खोप्ने गरेको बताए। 'सबैले ट्याटु खोप्न मिल्दैन। ट्याटु खोप्नुअघि आफ्नो स्वास्थ्य जाँच गर्न आवश्यक छ। शारीरिक रूपमा अशक्त तथा सुगर, ब्लडप्रेसरजस्ता समस्या भएको अवस्थामा ट्याटु खोप्नु उचित हुँदैन। शरीरमा सुगर ब्यालेन्समा छ भने मात्रै खोप्दा हुन्छ,' उनले भने, 'ब्लडप्रेसरको समस्या भएका व्यक्ति फेन्ट हुन सक्ने खतरा हुन्छ। त्यसैले यस्तो समस्या भएका व्यक्तिले ट्याटु नखोप्दा हुन्छ।' १८ वर्षभन्दा माथिका व्यक्तिलाई मात्रै ट्याटु खोप्न दिइने उनले बताए।

फेसनेबल देखिन शरीरमा ट्याटु खोप्दा भने विशेष ख्याल गर्नैपर्छ। कस्ता किसिमका सामग्री प्रयोग गरेर खोपाईंदै छ भन्ने कुरा विचार गर्नुपर्छ। निर्मलीकरण गरिएका सामग्रीले ट्याटु खोपाउँदा ठूलो समस्या आउँदैन। तर, निर्मलीकरण नै नगरिएका सामग्री ट्याटु खोप्न प्रयोग गरिएको छ भने गम्भीर खालका रोग पनि सर्न सक्छ।

किन चाहिन्छ शिक्षकमैत्री वातावरण ?

शिक्षककको सक्रिय सहभागितामा मात्र विद्यालयलाई गुणस्तरीय शिक्षा हासिल गर्ने उत्कृष्ट शिक्षण संस्था बनाउन सकिन्छ



● बाबुकाजी कार्की

अग्रलेख

शिक्षक उड्यो भने विद्यार्थी दौडिन्छ। शिक्षक दौडियो भने विद्यार्थी हिँड्छ। शिक्षक हिँड्यो भने विद्यार्थी बस्छ। शिक्षक बस्यो भने विद्यार्थी सुत्छ। शिक्षक सुत्यो भने विद्यार्थी मर्छ। यो चिनियाँ प्रख्यात भनाइ हो। अर्थात् राम्रो योग्यता भएको पेसाप्रति समर्पित शिक्षकले मात्र विद्यार्थीको आवश्यकता र चाहनाअनुसार शिक्षण गर्न सक्छ। शिक्षण सिकाइ क्रियाकलाप शिक्षक, पाठ्यक्रम र विद्यार्थीबीचको सन्तुलित त्रिकोणात्मक सम्बन्धमा मात्र अर्थपूर्ण हुन्छ। विद्यार्थी र पाठ्यक्रमबीच रोचक र जीवन्त सम्बन्ध कायम राख्ने प्रमुख दायित्व शिक्षकको हो। शिक्षकको योग्यता, क्षमता र पेसाप्रतिको समर्पणले पाठ्यक्रमको मर्म र विद्यार्थीको चाहनाबीच समन्वयमा उत्साहजनक गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन सकिन्छ। गुणस्तरीय शिक्षारूपी डुंगाको बहना शिक्षकको हातमा हुन्छ। सावधानीपूर्वक शिक्षकले बहना राम्रोसँग चलाउन नसकेमा विद्यार्थीको भाग्य र भविष्य डुब्छ, चौपट हुन्छ।


शिक्षक परिवर्तनका संवाहक हुन्। शिक्षण सबै पेसाको जननी हो। शिक्षकले डाक्टर, इन्जिनियर, वकिल, प्रशासक आदि उत्पादन गर्छन्। तथापि, कतिपय अवस्थामा आफैंले जन्माएका पेसाका पदाधिकारीबाट शिक्षक प्रताडित भएको गुनासो स्वयं शिक्षकबाटै सुनिन्छ। यस्तो विडम्बनापूर्ण अवस्था शिक्षक उत्प्रेरणा र शिक्षकमैत्री विद्यालय निर्माणमा तगारो मानिन्छ। भनिन्छ, एकजना डाक्टरले गल्ती गर्दा एकजना बिरामीको ज्यान जान सक्छ, एकजना इन्जिनियरले गल्ती गर्दा भवन, पुल भत्केर दुर्घटना परी केही मानिसको जीवन जोखिममा पर्न सक्छ। तर, एकजना शिक्षकले गलत शिक्षा दिएमा एक पुस्ताको भाग्य र भविष्य नै तहसनहस हुन्छ। देशको उन्नति र प्रगतिमा गम्भीर आघात पुग्छ। तसर्थ, कुनै पनि अर्थमा शिक्षण पेसालाई कम आँक्नु अपरिपक्व र अदूरदर्शी सोच हो।

विद्यालयको शैक्षणिक क्रियाकलापलगायत गतिविधिमा शिक्षकको सक्रिय र सकारात्मक सहभागितामा मात्र विद्यालयलाई गुणस्तरीय शिक्षा हासिल गर्ने उत्कृष्ट शिक्षण संस्था बनाउन सकिन्छ। बालमैत्री विद्यालयबारे धेरै चर्चा, लगानी र समय खर्च भइसकेको छ। तर, विद्यार्थीको उपलब्धिस्तरमा खासै परिवर्तन नभएको अध्ययन अनुसन्धानले पुष्टि गरेको छ। यस प्रकारको शैक्षिक क्षतिको न्यूनीकरण गर्ने उपाय खोजिनुपर्छ। पेसाप्रति समर्पित शिक्षकको लगनशीलताबाट मात्र यो सम्भव छ। विद्यार्थीको चौतर्फी विकासका लागि आवश्यक बालमैत्री विद्यालय व्यवस्थापन गर्न शिक्षकको अहं भूमिका हुन्छ। कक्षाकोठाको व्यवस्थापन र शिक्षण सिकाइ क्रियाकलापको स्तरले बालमैत्री विद्यालयको हैसियत निर्धारण गर्छ। शिक्षण सिकाइ क्रियाकलाप तर्जुमा गर्ने प्रमुख दायित्व शिक्षकको हो। शिक्षकले शिक्षण सिकाइ क्रियाकलापका अतिरिक्त विद्यालयका गतिविधिमा हौसलापूर्वक सहभागिता जनाउने ऊर्जाशील शिक्षकमैत्री वातावरणमा मात्र बालमैत्री विद्यालयको परिकल्पना साकार हुन्छ। बालमैत्री विद्यालय बनाउने गहन दायित्व बोकेका शिक्षकका लागि विद्यालयमा मैत्रीपूर्ण वातावरण छ त ? अध्ययनको विषय बन्नुपर्छ। शिक्षकले आफ्नो पेसागत सुरक्षा र मर्यादाको दिगो सुनिश्चित महसुस गर्न राज्यले शैक्षिक नीति-नियममा केकेमा परिमार्जन गर्नुपर्ला ? नीति-निर्माता गम्भीर हुनुपर्छ। शिक्षकमैत्री विद्यालय बनाउन व्यवस्थापन समितिले केकस्तो नीति र रणनीति अवलम्बन गर्नुपर्ला ? शिक्षाविद् तथा सरोकारवालाले आपसमा छलफल गरी अनुभव र सिद्धान्तलाई समायोजन गरी व्यावहारिक निष्कर्षमा पुग्नु सार्थक निकास हुन्छ। शिक्षकमैत्री विद्यालयमा मात्र बालमैत्री वातावरणको परिकल्पना यथार्थमा फस्टाउन सक्छ। तसर्थ, शिक्षकले आफ्नो योग्यता र क्षमतालाई विद्यालयमा सहजतापूर्वक प्रदर्शन गर्ने खालको शैक्षिक, भौतिक तथा मानवीय वातावरणको चुस्तदुरुस्त व्यवस्थापन अपरिहार्य हुन्छ।

निर्णय प्रक्रियामा शिक्षकको सहभागिता : विद्यालयका हरेक गतिविधिमा शिक्षकको जाँगरिलो सहभागिता आवश्यक हुन्छ। शिक्षकको अपनत्व, जवाफदेहिता र उत्तरदायित्व बढाउन विद्यालयले बनाउने नीति तथा कार्यक्रममा उनीहरूको सक्रिय सहभागितालाई प्रोत्साहित गरिनुपर्छ। यसै तथ्यलाई ध्यानमा राखेर विद्यमान शिक्षा ऐन-नियमले विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघमा शिक्षकको उपस्थितिलाई अनिवार्य गरेको छ।

भौतिक पूर्वाधार : विद्यालयको भौतिक पूर्वाधार शिक्षकमैत्री विद्यालयका लागि आधारस्तम्भ हो। विद्यालय भौतिक रूपमा स्वच्छ, स्वस्थ र साधनस्रोत सम्पन्न चित्ताकर्षक भएमा स्वतः गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सहज हुन्छ। विद्यालय भवन, कक्षाकोठा, पुस्तकालय, फर्निचर, खेल्ने चौर, खानेपानी, शौचालय, प्रयोगशाला, छात्रावास, चमेनागृहलगायत स्थान र सामग्रीमा शिक्षकको आवश्यकता र क्षमताअनुसार सहज पहुँच हुने तथा लैंगिक एवं अपांगमैत्री हुनुपर्छ। कक्षाको पठनपाठनका अतिरिक्त समयमा आराम र अर्को कक्षाका लागि तयारी गर्न साधनस्रोत सम्पन्न स्वस्थकर कोठा जरुरी छ।

शिक्षण विषय र विधि : शिक्षकले आफूले पढाउने विषयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण विधिबारे गहिरो अध्ययन र रुचि हुनुपर्छ। शिक्षकले अध्ययन गरेर विशेष दक्खल हासिल गरेको विषयमा मात्र पढाउने व्यवस्था गरिनुपर्छ। विद्यमान प्रावधानअनुसार प्राथमिक तहका शिक्षकले सबै कक्षामा सबै विषय पढाउने



अवधारणालाई अँगिकार गरेको छ। शिक्षाको जगका रूपमा रहेको प्राथमिक तहको पठनपाठनलाई विशेष महत्त्व दिनुपर्छ। अतः शिक्षाको जगलाई मजबुत बनाउन सबभन्दा योग्यतम जनशक्तिलाई प्राथमिक शिक्षकमा नियुक्ति गर्नु बुद्धिमानी ठहर्छ। साथै, शिक्षकलाई विषयगत विशेषज्ञताबाट सुसज्जित मात्र नगरेर उनीहरूलाई उच्च मनोबलसाथ पेसाप्रति समर्पित हुन उत्प्रेरित गर्नुपर्छ।

विद्यालय व्यवस्थापन समितिको भूमिका : गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय संरचनासहितको योग्यतम शिक्षकको चयन हुनु पहिलो सर्त हो। विद्यमान शिक्षा नीतिअनुसार शिक्षकको नियुक्तिलगायत पेसागत वृत्तिविकासका योजना तथा कार्यक्रम ल्याउने प्रमुख दायित्व व्यवस्थापन समितिको हो। तर, अहिले व्यवस्थापन समितिको गठनमा देखिएका अशोभनीय र अनियमित गतिविधिले समितिका पदाधिकारीले तोकिएको काम, कर्तव्य र अधिकार दुरुपयोग नगर्लान् भन्न सकिन्न। अझ व्यवस्थापन समितिको गठन समझदारीमा भन्दा पनि अघोषित रूपमा पार्टीको प्यानलका रूपमा उम्मेदवार उठ्ने र चुनाव नै गरेर हारजितको आधारमा पदाधिकारी चयन गरेको पाइन्छ। यो विद्यमान शिक्षा ऐन नियमको मर्म र भावनाप्रतिकूल हो।

> शिक्षकले शिक्षण सिकाइ क्रियाकलापका अतिरिक्त विद्यालयका गतिविधिमा हौसलापूर्वक सहभागिता जनाउने ऊर्जाशील शिक्षकमैत्री वातावरणमा मात्र बालमैत्री विद्यालयको परिकल्पना साकार हुन्छ

प्रधानाध्यापकको भूमिका : विद्यालयको शैक्षिक, व्यवस्थापकीय तथा प्रशासनिक कार्यका लागि राज्यका तर्फबाट स्थायी नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिम्मेवार व्यक्तिका रूपमा प्रधानाध्यापकलाई चिनिन्छ। विद्यमान शिक्षा ऐन-नियमको परिधिभित्र रहेर योग्यता, क्षमता, अनुभव तथा ज्येष्ठतासमेतलाई ध्यानमा राखी प्रधानाध्यापक चयन गरिनुपर्छ। पारदर्शिता, सहभागितामूलक निर्णय प्रक्रिया, तथा विकेन्द्रित जिम्मेवारीजस्ता सुशासनका आधारभूत विषयलाई प्रधानाध्यापकले आफ्नो मार्गदर्शन बनाउनुपर्छ। शिक्षकको कार्यको अनुगमन निरीक्षणलगायत कार्यक्षमताको निष्पक्षतापूर्वक मूल्यांकन गरी आवश्यक सल्लाह सुझाब सौहार्द वातावरणमा दिनुपर्छ। प्रत्येक शिक्षकको वैयक्तिक पृष्ठभूमि तथा उनीहरूको लक्ष्यबारे जानकारी राख्नाले उनीहरूको दुःखसुखको साथी बन्न सहयोग पुग्छ। अतः शिक्षकमैत्री वातावरण बनाउन सके मात्र एक अब्बल र सफल प्रधानाध्यापक बन्न सक्ने यथार्थलाई बिर्सन हुन्न।

स्वस्थ र अनुशासित वातावरण : विद्यालयको मानवीय तथा भौतिक वातावरण स्वस्थ, स्वच्छ र चित्ताकार्षक भएमा मात्र शिक्षकले धकफुकाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न उत्साहित हुन्छन्। बालबालिका पनि शिक्षकको पठनपाठनप्रति आकार्षित हुन्छन्। जसबाट एकातर्फ शिक्षकलाई आत्मसन्तुष्टि प्राप्त हुने भएकाले पेसाप्रति थप उत्साहित बनाउँछ भने अर्कातर्फ रमाइलो वातावरणमा मात्र बालबालिकाको शारीरिक तथा मानसिक विकास सन्तुलित रूपमा हुन्छ।

कक्षाकोठा, धारा, शौचालय, खेल्ने चौर, बाटो नियमित सरसफाइ तथा फोहोरमैलाको उचित व्यवस्थापन गरिनुपर्छ। शिक्षक स्टाफको स्वस्थकर बानी-व्यहोराले बालबालिकाको बानी-व्यहोरामा पनि सकारात्मक प्रभाव पार्छ। सामाजिक, धार्मिक संस्कार, संस्कृति, मानवीय सद्भाव र सहयोग तथा भ्रातृत्वको भावनालाई उच्च प्राथमिकता दिएर नवीनतम ज्ञान र सीपबाट सुसज्जित भई सफल जीवनयापन गर्न सक्षम नागरिक उत्पादनका लागि अनुशासित शैक्षिक वातावरण अपरिहार्य हुन्छ। विद्यालयमा अनुशासित वातावरण कायम राख्न व्यावहारिक आचरसंहिता तथा त्यसको सहज रूपमा परिपालन गर्ने निष्पक्ष परिपाटी अवलम्बन गरिनुपर्छ। अनुशासनका नाममा गरिने मानसिक तथा शारीरिक यातनालाई पूर्ण रूपमा वर्जित गर्दै लोकतान्त्रिक मूल्य-मान्यताअनुरूप कक्षा तथा विद्यालय सञ्चालन गर्ने संस्कारको विकास गरिनुपर्छ। शिष्ट, सदाचार, सौहार्द एवं नम्र बानी-व्यहोरालाई प्रोत्साहित गर्ने मानवीय वातावरण विद्यालयमा हुनुपर्छ।

शिक्षकमैत्री विद्यालय बनाउन विद्यालयसँग प्रत्यक्ष र परोक्ष सरोकार राख्ने खासगरी विद्यार्थी, अभिभावक, समुदायलगायत संघसंस्था र पदाधिकारीको निरन्तर सकारात्मक सल्लाह सुझाब अपरिहार्य हुन्छ। शिक्षकले पनि आफ्नो योग्यता र क्षमतालाई निरन्तर परिमार्जन र परिष्कृत गर्न प्राप्त सुझाबलाई सदाशयतापूर्वक ग्रहण गर्न हिचकिचाउनु हुँदैन। सुझाबको आवश्यकता र औचित्यका आधारमा मार्गदर्शनका रूपमा अवलम्बन गर्नु बुद्धिमत्तापूर्ण काम हो। शिक्षण पेसा निश्चय नै अन्य पेसाका तुलनामा बढी परिश्रम, जवाफदेही तथा समयको महत्त्वलाई बुझेर व्यवस्थापन गर्नुपर्ने मर्यादित पेसा हो। शिक्षकले एक दिनमा सामान्यतया विभिन्न कक्षाका विभिन्न संस्कार र संस्कृतिमा हुर्केका कम्तीमा दुई सय विद्यार्थीलाई पढाउनुपर्ने हुन्छ। अझ प्राथमिक विद्यालयमा त घन्टी बजाउने, झ्यालढोका लगाउने खोल्ने, सरसफाइ गर्नेसमेत शिक्षकले नै गर्नुपर्ने बाध्यता छ। त्यस्तै विद्यालयका अतिरिक्त क्रियाकलाप, बैठक, विभिन्न सरकारी गैरसरकारी संघसंस्थासँगको सहकार्य बैठक आदिमा सहभागी हुनुपर्ने बाध्यता शिक्षकलाई हुन्छ। यसरी धेरै कार्यबोझले थिचिएका शिक्षक कतिपय अवस्थामा पेसाप्रति निराश भएका छन्। यस्तो विषम परिस्थितिमा शिक्षकमैत्री विद्यालयको अपेक्षा चुनौतीपूर्ण छ। शिक्षकको आधारभूत आवश्यकताका अतिरिक्त थप सुविधाको आकर्षण र ढाडसबाट विद्यालयमा शिक्षकमैत्री वातावरण बनाउन टेवा पुग्छ।

शिक्षाका नीति-नियम र योजना शिक्षक विद्यार्थीलाई सर्वोपरी मानी उनीहरूको हितलाई केन्द्रमा राखेर बनाउनुपर्छ। परम्परागत प्रविधि र प्रवृत्तिमा परिमार्जन तथा परिष्कृत गर्दै वासी विषयवस्तुको सट्टा समयको माग तथा विद्यार्थीको रुचि, क्षमता र आवश्यकता एवं चाहनाअनुसार नवीनतम साजी वा ताजा विषयवस्तु तथा शिक्षण सिकाइ क्रियाकलाप तर्जुमा र प्रयोग सौहार्द वातावरण भएमा बालबालिका विद्यालयबाट भागेर घरमा होइन, घरबाट भागेर विद्यालय जानेछन्। जसलाई शिक्षक तथा बालमैत्री विद्यालयको महत्त्वपूर्ण सफल सूचकको रूपमा लिन सकिन्छ। सचेत अभिभावक, समर्पित शिक्षक, कुशल व्यवस्थापक तथा अनुशासित विद्यार्थी एवं शिरमा समझदारी, काँधमा जिम्मेवारी र हृदयमा इमानदारी बोकेका व्यवस्थापन समिति पदाधिकारी, प्रधानाध्यापकलगायत सरकारी निकायका पदाधिकारीको सहकार्य, सहमति, समन्वय, समझदारी, सद्भाव, समर्पण र समीक्षा (सात स) मा मात्र शिक्षक तथा बालमैत्री विद्यालय फस्टाउन सक्छ। वास्तवमा बालमैत्री विद्यालय बनाउन पहिले शिक्षकमैत्री विद्यालय बन्नुपर्छ भन्ने वास्तविकतातर्फ हेक्का राख्न बिर्सन हुँदैन।

(कार्की पूर्वीजिशिअ हुन्)

३ प्रश्न

उपभोक्त अधिकार अनुसन्धान मञ्चका अध्यक्ष **माधव तिमल्सिना**लाई



बजारमा छोइनसक्नु महँगी बढिरहेको अवस्थामा तपाईंहरू के गर्दै हुनुहुन्छ ?

हालसम्म बजार अनुगमनको काम गर्दै आएका सम्पूर्ण निकाय असफल भइसकेका छन्। त्यसैले, हामीले धेरै अघिदेखि नै सार्थक र प्रभावकारी बजार अनुगमनका लागि प्रधानमन्त्री कार्यालयमातहत रहने गरी एक उच्चस्तरीय अनुगमन संयन्त्र बनाएर जानुपर्छ भन्दै आएका छौं। तर, सरकार उपभोक्ता हक र अधिकारप्रति जिम्मेवार देखिएन। त्यसैले, चुस्त आपूर्ति व्यवस्थापन र प्रभावकारी बजार अनुगमनमा समस्या देखिएको हो। जसले गर्दा बजारमा व्यापारीले कृत्रिम अभाव सिर्जना गरिरहेका छन्। उपभोक्तामाथि चरम शोषण भइरहेको छ। तैपनि, सरकार मूकदर्शक बनेर बसेको छ। सरकारका मन्त्रालयबीच समन्वय छैन। बजारको माग र आपूर्तिको अवस्थाबारे कसैलाई चासो छैन।

सरकारले गरिरहेको अनुगमन बजार अनुगमनको अवस्था कस्तो छ ?

विगतमा पनि यस्ता अनुगमन हुने गरेकै हुन्। तर, संख्यात्मक अनुगमन बढे पनि त्यसको बजारमा कुनै सकारात्मक प्रभाव परेको देखिन्न। जहिल्यै एकै प्रकारको कैफियत देखिन्छ। ठुल्ठूला बदमासी गर्नेलाई सामान्य जरिवाना गरेर छाडिन्छ। उपभोक्ता हित संरक्षण कानुन नै फितलो छ। त्यसमा समयानुकूल संशोधनका लागि पटक-पटक माग गर्दा पनि सुनुवाइ भएको छैन। कर्मकाण्डी अनुगमनले बजार अनुशासित हुँदैन।

उपभोक्ता हितका नाममा खुद्रा पसलजस्ता कमजोर संस्था धेरै भएर सरकारले वास्ता नगरेको त होइन ?

हामी धेरै होइनौं, थोरै छौं। त्यसैले, हाम्रो आवाज नसुनिएको हुन सक्छ। तर, हामीले सरकारलाई घचघच्याउन र दबाब दिन छाडेका छैनौं।

प्रेरक प्रसंग

जीवनको जोखिम

तीर्थयात्राको समय थियो। पतिपत्नी नै यसको लाभ लिन चाहन्थे। दुवै धार्मिक प्रवृत्तिका थिए। उनीहरू जुन-जुन धामको दर्शनका लागि जान चाहन्थे, ती हजारौं किलोमिटरको दूरीमा थिए। त्यसैले, उनीहरूले रेलको टिकट बुक गरे। जब उनीहरू तीर्थयात्रामा निस्कने तयारीमा थिए, त्यति नै बेला छिमेकीबाट सुने, अघिल्लो साँझ भएको रेलको भयानक दुर्घटनामा कैयौं यात्रुको ज्यान गयो। उनीहरू दुवै डराए। तीर्थयात्राका लागि जोखिम उठाउन उनीहरू तयार भएनन्।



पतिपत्नी दुवैले फेरि बसबाट यात्रा गर्ने तयारी गरे र सामान मिलाउन थाले। त्यतिखेरै टेलिभिजनबाट समाचार आयो- तीर्थयात्री लिएर गइरहेको बस दुर्घटना, कैयौंको मृत्यु। दुवैलाई समाचारले स्तब्ध बनायो। उनीहरूले फेरि भने- तीर्थयात्राका लागि यति धेरै जोखिम उठाउनु ठिक होइन।

अन्त्यमा, उनीहरू दुवै पैदलै तीर्थयात्रामा निस्कने निर्णय गरेर घरबाट निस्किए। बाटामा एउटा भयानक दुर्घटना भएको थियो। एउटा ट्रकले किच्दा दुईजना पैदलयात्रीको घटनास्थलमै मृत्यु भएको उनीहरूले थाहा पाए। त्यो सुनेपछि दुवैले एकै स्वरमा भने- भगवान्! हामी तीर्थयात्राका लागि यति ठूलो जोखिम लिन सक्दैनौं, कृपया हामीलाई माफ गर्नुहोस्। दुवै घर फर्किए। भोलिपल्ट बिहानै घरमा पत्रिका आइपुग्यो। पतिले पत्रिका उठाए। पहिलो पानामा समाचार थियो- घरको छत खस्दा परिवारका दुई सदस्यको मृत्यु। अब दुवै पतिपत्नी समस्यामा परे। जोखिम छ भन्दै उनीहरू घर छाडेर कतै जान सक्ने अवस्था थिएन। त्यसैले, उनीहरूले बुझे- जिन्दगीमा जोखिम नलिनु नै सबैभन्दा ठूलो जोखिम रहेछ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

वार्ता निष्कर्षमा नपुग्नु दुर्भाग्य

अभियन्ता ईः र महानगरबीचको वार्ता एउटा निष्कर्षमा पुग्नुको साटो निष्कर्षविहीन भएछ। कस्तो किसिमको बजार कहाँ-कहाँ व्यवस्थापन गर्ने भन्ने विषय महानगरकै अधिकार क्षेत्र हो। महानगरले सहरका मुख्य-मुख्य सडकका फुटपाथमा देखिने गरेका अव्यवस्थित व्यवसायलाई रोक लगाएपछि सहरको सौन्दर्यमा भएको वृद्धि र फुटपाथमा हिँड्ने आममानिसले महसुस गरेको राहतलाई पनि यहाँ बिर्सन मिल्दैन। सार्वजनिक स्थल भन्नेबित्तिकै त्यहाँ सबैले आ-आफ्ना अनेक व्यवसाय गर्न पाउनुपर्छ भन्ने एकथरी सोच र महानगरले सहर स्वच्छ, सुन्दर र व्यवस्थित पार्न केही पनि गर्दैन भन्ने अर्काथरी सोचबीच कसरी सामञ्जस्य ल्याई काम गर्ने भन्ने विषय महानगरका लागि चुनौती बनेको देखिन्छ।

● **महेशप्रसाद ढुंगाना**, नयाँबानेश्वर, काठमाडौं
maheshdhungana810@gmail.com

माफी प्रावधानको दुरुपयोग

संविधानमा राखिएको माफी दिन सकिने प्रावधानको अहिले पूर्ण रूपमा दुरुपयोग भइरहेको छ। संविधानले राष्ट्रपतिलाई प्रदान गरेको अधिकार बन्दी जीवन बिताउँदा बन्दीको दैनिक व्यवहार र आचरणमा सुधार आएमा तथा आफ्नो अपराध स्वीकार गरी आफूलाई सुधार्न चाहनेलाई माफी दिन दिइएको हो। तर, आफ्ना गुन्डा कार्यकर्तालाई छुटाउने प्रावधानका रूपमा सरकार र राजनीतिक दलहरूले बुझेको देखिन्छ। स्वतन्त्र अदालतले गरेको सजाय पूरा नहुँदै माफीका नाममा जघन्य अपराधमा संलग्नलाई कैदमुक्त गर्नु शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनविपरीतको प्रावधान हो।

● **जोनाथन तामाङ**
सल्लाघारी, भक्तपुर

महँगी नियन्त्रण कसले गर्ने ?

चाडपर्व नजिकिँदै गर्दा बजारमा छोइनसक्नु महँगी बढेको छ। सरकारले बजार अनुगमनको कर्मकाण्ड पूरा गरेर व्यापारीको लुटलाई छुट दिइरहेको छ। बजारमा महँगो मूल्य तिरेपछि नपाइने कुनै सामान छैन। तर, पहिलेकै मूल्यमा खोज्ने हो भने चाहिँ धेरैजसो सामग्रीको अभाव देखिन्छ। यस्तो अभाव भनेको कृत्रिम अभाव नै हो। तर, सरकार त्यस्ता कालाबजारियालाई कारबाही गर्नबाट हच्किरहेको छ। यो भनेको उपभोक्ताको ढाड सेकेर व्यापारीलाई पोस्ने कार्य हो। सरकारले नगरी महँगी नियन्त्रण कसले गर्ने हो ?

● **वन्दना महर्जन**
ढल्को, काठमाडौं

हरेक क्षेत्रमा आन्दोलन गर्नैपर्ने हो ?

आन्दोलन नगरी नसुन्ने सरकार र आन्दोलन नै आन्तिम विकल्प ठान्ने जनमानसका कारण देशमा अराजकता बढेको छ। केही दिनअघि सरकारी विद्यालयका शिक्षकले आन्दोलन गरे। केही शिक्षक माग पूरा भयो भनेर काममा फर्किए पनि राहत शिक्षकका नाममा सो आन्दोलन अझ जारी छ। शिक्षकजस्तो पेसामा आबद्ध व्यक्ति अराजक बन्दै गएको देख्दा अचम्म लाग्छ। महानगरले राजधानीलाई हरियालीयुक्त बनाउन लाखौं खर्चेर बनाएको बगैंचा आफूलाई जान्नेसुन्ने ठान्ने शिक्षकले आन्दोलनका नाममा तहसनहस पारे। आफ्ना माग शान्तिपूर्ण तरिकाले राख्न पाइन्छ, तर अराजकता देखाउन पाइन्न।

अस्पतालमा डाक्टरले बिरामी चाँच्न छाडेर आन्दोलन गर्दै छन्। अफिसमा कर्मचारी काम रोकेर आन्दोलन गर्छन्। बाटामा गाडी चलाउने चालकले अन्दोलन गर्न गाडी चलाउँदैनन्। अनि सरकार तिनीहरूप्रति नतमस्तक भएर बार्ताका लागि बोलाउने अनि वार्ता गरेर तत्काल सबै माग पूरा गर्ने सहमति गर्छ। यदि कसैले नियमसंगत ढंगमा काम गर्दैन भने कारबाही हुनुपर्छ अनि मात्र विधिको शासन लागू भएको मान्न सकिन्छ। अस्पतालमा डाक्टरले काम किन नगर्ने ? अफिसमा कर्मचारीले काम किन नगर्ने ? काम नगर्नेलाई कारबाही गर सरकार, अनि पो डराउँछन्। राजनीति दलको संरक्षणमा कर्मचारी छन्, अनि कसले छुने ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

साम्प्रदायिक गालीगलोज भारतीय संसद्मा पुग्नुको अर्थ

जब कुनै समुदायका प्रतिनिधिलाई खुलमखुल्ला गाली दिइन्छ, तब सिंगो समुदाय बिचरापनको अवस्थामा धकेलिन्छ



देश / विदेश

● अपूर्वानन्द

यदि तिमी सडकका मानिसको नेता बन्न चाहन्छौ भने तिमीले सडकछाप भाषा बोल्नुपर्नेछ : गोयबल्स
कुनै राजनेताको भाषणको मूल्य कुनै प्राध्यापकमाथि पर्ने प्रभावमा नभई सडकमा हिँड्ने आममानिसमा पार्ने प्रभावले तय गर्छ : एडोल्फ हिट्लर

भारतीय जनता पार्टी (भाजपा)का सांसद रमेश बिधुडीले मुसलमान सांसद कुँवर दानिस अलीलाई गालीगलोज गर्दै संसद्को विशेष सत्र समाप्त भएको छ। केही भलाद्मी भाजपाका गालीगलोज गर्ने सांसदको गालीगलोजयुक्त भिडियोले स्तब्ध भए होलान्, तर हामीले सन् २०१४ मा जुन यात्रा तय गरेका थियौं, त्यसको गन्तव्य यो गालीगलोज पनि थियो। हाम्रो सरकार, हाम्रा नेताको मुसलमानविरोधी छवि हामीले बारम्बार देखिरहन आवश्यक छ। अली आफैंले आफूमाथि प्रयोग गरिएका गालीगलोज मिडियासामु दोहोऱ्याएका छन्। एक मुसलमान सांसद हामीलाई यस्तो भाषा भाजपाको हो भनेर याद दिलाइरहेका छन्। वास्तवमा यो हाम्रो मुलुकको असली छवि हो, सबैले हेरून्। प्रायः ट्विट गरिरहने प्रधानमन्त्री नरेन्द्र मोदी आफ्ना सांसदको यो मुसलमान गालीगलोजमा मौन रहनु अनौठो होइन। ससाना मुद्दामा विपक्षी सांसदलाई निलम्बन गर्ने लोकसभा अध्यक्षले गालीगलोज गर्ने सांसदलाई चेतावनी दिएर छोड्नु पनि आश्चर्य होइन। मोदीको नेतृत्वले बकाइदा मुसलमानविरोधी गालीगलोजको संस्कृति निर्माण गरिरहेको छ। यसैकारण मुसलमान समुदायबाट ठूलो लाभ लिएका सांसदद्वय डाक्टर हर्षवर्धन र वकिल रविशंकरप्रसाद आफ्ना मित्र सांसदको गालीगलोजमा मजा मानिरहेको दृश्य कसैबाट छिपेको छैन। बिधुडीले जे बोलेका छन्, यी सांसदद्वयको मनमा पहिल्यै थियो भन्ने देखिन्छ, नभए यी भाजपामा कसरी अटाउँथे ?

जब भाजपा त्यसमा पनि मोदीको नेतृत्वमा यो मुलुकका हिन्दूको एक ठूलो तप्काको इच्छा पूरा गर्न सरकार बनिरहेको थियो, तब संसद् गालीगलोजको मञ्च बन्छ भन्नु असम्भव थिएन। सन् २००२को मुसलमानविरोधी हिंसाका लागि जिम्मेवार नरेन्द्र मोदीलाई मुलुकका ठूला उद्योगपति र बुद्धिजीवीले मुलुकको आशाका रूपमा प्रस्तुत गर्दै काँधमा चढाए संसद् र सरकारसम्म पुऱ्याए। मोदीले हिंसाप्रति आफ्नो लगाव र बोलीमा कहिल्यै अस्पष्टता व्यक्त गरेनन्। मुसलमान र इसाईप्रति आफ्नो घृणालाई कहिल्यै लुकाएनन्। उनले मुसलमानको हितको अर्थ हिन्दूको अहित हो भन्ने बारम्बार व्यक्त गरेका छन्। 'हामी पाँच हाम्रा पच्चीस' (चार श्रीमती पच्चीस सन्तान) भन्ने भनाइ वा गुजरातमा सन् २००२ को हिंसाबाट विस्थापित मुसलमान समुदायको राहत शिविरलाई आतंकवादी उत्पादन कारखानाको संज्ञा दिएर मोदीले म यस्तै हुँ भन्ने स्पष्ट पारिसकेका थिए। अर्थात् तिमीहरूले यसै रूपमा मलाई नेताका रूपमा चुन्ने हो। अन्ततः नरेन्द्र मोदीलाई भारतका भद्र हिन्दू समाजले आफ्ना नेताका रूपमा चयन गऱ्यो।

नश्लीय हिंसा वा घृणा र असभ्यताबीचको सम्बन्ध स्पष्ट छ। अश्लीलतालाई नश्लीय हिंसाबाट अलग्याउन सकिँदैन। गालीगलोज घृणा र हिंसाको शाब्दिक अभिव्यक्ति हो। यसलाई भारतका दलितले राम्रोसँग बुझेका छन्। जसलाई गालीगलोज गरिँदै छ, उसले जवाफ दिन सक्दैन भन्ने गालीगलोज गर्नेलाई राम्रोसँग थाहा छ। गालीगलोज गरिने व्यक्तिलाई नीच देखाउन बारम्बार तिम्रो केही औकात छैन भनेर गालीगलोज गरिन्छ। मुसलमानलाई यस्ता गालीगलोज सडक, विद्यालयलगायत स्थानमा दिइन्छ। आधुनिक प्रविधिमा जानकार सामाजिक सञ्जालका माध्यमबाट मुसलमानलाई गालीगलोज गर्छन्। मुसलमान जावाफी गालीगलोज दिन सक्दैनन्, यो सर्वविदित छ। त्यसैगरी



तस्बिर : द वायर

दलितलाई गालीगलोज गर्ने सवर्णलाई पनि तिनले गालीगलोज फर्काउन सक्दैनन् भन्ने थाहा छ। भाजपा सांसदले मुसलमान सांसदलाई दिएको गालीगलोजबाट हिन्दू समाज अछुतो छैन। यी गालीगलोज पवित्र आनन्द दिने उद्देश्यले हिन्दूलाई तिनका चाडपर्वमा गीत र नाराका रूपमा घन्काइन्छन्। अहिलेसम्म यस्ता गालीगलोज बजाउने लाउडस्पिकरलाई कुनै हिन्दूले बन्द गरेको देखिँदैन। अहिले अधिकतम हिन्दूले मुसलमानविरोधी गालीगलोज ओकल्ने र हिंसा भड्काउने 'बाबा' र 'साध्वी'लाई पछ्याउँछन्। गाली सुनेर मौन रहनुपर्ने बाध्यताको अपमानलाई बुझ्न गाह्रो छैन। जब यो बाध्यता सिंगो समुदायको हुन्छ भने सो समुदायको आत्मछविको अवस्था के होला, के हामी यसबारे अनभिज्ञ छौं ? जब कुनै समुदायका प्रतिनिधिलाई खुलमखुल्ला गाली दिइन्छ, तब सिंगो समुदाय बिचरापनको अवस्थामा धकेलिन्छ। 'यी गालीगलोज नौला होइनन्, मुसलमान त हरेक दिन आमहिन्दूबाट यी गालीगलोज सुन्छन्, यसमा यतिविधि स्तब्ध हुनुपर्ने के छ ?' भन्दै हामी भाजपा सांसदको धृष्टता र कुकृत्यको गम्भीरतालाई मत्थर बनाइरहेका छौं। जे सडकमा हुने गर्छ, त्यो संसद्मा पनि हुन्छ। मुसलमानविरोधी गालीगलोजको विशेषाधिकार सांसदसँग छ। संसद्लाई मुसलमानको अपमान गर्ने ठाउँ बनाउन सकिन्छ। संसद्मा हिन्दू शक्तिको प्रतीक सेंगोल (राजदण्ड) स्थापनाको पूर्ण अर्थ भाजपा सांसदको मुसलमानविरोधी गालीगलोजबाटै पुष्टि हुन्थ्यो। गालीगलोज गर्नेको असलियत, सभ्यता, सुसंस्कृत हुँ भन्ने दाबीको पोल पनि यो प्रकरणसँगै खुलेको छ। राष्ट्रिय स्वयंसेवक संघ, जसको राजनीतिक शाखा भाजपा हो,

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ, फोन: ०१- ४५२३४३२ | केन्द्रीय कार्यालय: भरतपुर, चितवन, फोन: ०५६- ५३३२४०/४१ | केन्द्रीय कार्यालय: धरान, सुनसरी, फोन: ०२५- ५३३०४८/४९

को

केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी पुन: १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०६/११ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलामा बिक्री गर्ने सम्बन्धि १५ (पन्ध्र) र ७ (सात) दिने अन्यन्त जरुरी सार्वजनिक सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना पुन: प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरूको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/०१/०४ मा दर्ता नं. ९२४७६/०६८/०६९ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २२, नयाँसडक स्थित **बराहा नेशनल इन्भेष्टमेन्ट प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.-१२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७२०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

२. टिकाराम लामगादेको नाति, कृष्ण बहादुर लामगादेको छोरा, झापा जिल्ला, अर्जुनधारा वडा नं. २, स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **प्रकाश लामगादे (ना.प्र.प.न. ६२७१०२२, झापा)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **सरिता कालिकोटे (वि.क.)** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १० (सिट नं. १०/ग) स्थित कित्ता नं. ९३२ र ९३४ को क्रमश : क्षेत्रफल ०-१-२-० र ०-०-४-० (बिघा) को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **सम्भु मोक्तानको** नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ७ (सिट नं. ७/ग) स्थित कित्ता नं. २५३ र २५५ को क्रमश : क्षेत्रफल ०-०-१०.५-० र ०-०-८-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. **शुभ राज खातीको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ४ (सिट नं. ९५६) स्थित कित्ता नं. ९८८ को क्षेत्रफल ०-०-६-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

४. **शुभ राज खातीको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ४ (सिट नं. ९७५) स्थित कित्ता नं. ९२० र ९९१ को क्रमश : क्षेत्रफल ०-०-१-० र ०-०-०-०.२५ (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

५. **अवनिन्द्र निरौलाको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाझगारा गा.वि.स/न.पा. वडा नं. २ (सिट नं. २/क) स्थित कित्ता नं. ८३४६ को क्षेत्रफल ०-०-१९-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

६. **रोशना मोक्तानको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी गा.वि.स/न.पा. वडा नं. ७ (सिट नं. ७/ख) स्थित कित्ता नं. ७१६ को क्षेत्रफल ०-१-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

७. **अम्बर बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ९ (सिट नं. ९/ख) स्थित कित्ता नं. ७३८ को क्षेत्रफल ०-०-५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

८. **मान बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ९ (सिट नं. ९/ग) स्थित कित्ता नं. १८२ को क्षेत्रफल ०-०-१०.७५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

९. **मान बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाझगारा गा.वि.स/न.पा. वडा नं. ५ (सिट नं. ५/ग) स्थित कित्ता नं. ६९२, ७१५ र ७१६ को क्रमश : क्षेत्रफल ०-०-७-०, ०-०-७-० र ०-०-१६.५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१०. **मान बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाझगारा गा.वि.स/न.पा. वडा नं. २ (सिट नं. २/क) स्थित कित्ता नं. ८३४४ को क्षेत्रफल ०-०-१९-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०६४/१०/२९ मा दर्ता. नं. ५१६५२/०६४/०६५ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२, नयाँसडक स्थित **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.-१२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७२०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

२. रणध्वोज विश्वकर्माको बुहारी, इन्द्र कुमार विश्वकर्माको पत्नी, झापा जिल्ला, अर्जुनधारा वडा नं. २, स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **विष्णु माया विश्वकर्मा (ना.प्र.प.न. ६२७१३०२, झापा)**

३. छविलाल विश्वकर्माको नाति, धनविर विश्वकर्माको छोरा, भोजपुर जिल्ला, बैकुण्ठे वडा नं. १, स्थित स्थायी ठेगाना भएको **मान बहादुर विश्वकर्मा (ना.प्र.प.न. २२४३/१२११७, सुनसरी)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२ स्थित कित्ता नं. ६३०, ६३१, १९४५, १९४७ र १९४९ को क्रमश : क्षेत्रफल ०-०-२-०, ०-०-२-०, ०-०-०-१, ०-०-०-१ र ०-०-०-१ (रोपनी) को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ५ (सिट नं. ५) स्थित कित्ता नं. ३४० को क्षेत्रफल ०-०-८-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स/न.पा. वडा नं. ९ (सिट नं. ९/घ) स्थित कित्ता नं. १८४३, २६६ र १११७ को क्रमश : क्षेत्रफल ०-६-०-०, ०-२-१७-१ र ०-५-३-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

४. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धनकुटाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनकुटा जिल्ला, कार्कीछाप गा.वि.स/न.पा. वडा नं. ५(सिट नं. ५) स्थित कित्ता नं. ९६४, ९६२, १०२३, ९६१ र ९६३ को क्रमश : क्षेत्रफल ०-३-०-०, ०-१-०-०, ०-५-०-०, ०-५-२-० र ०-२-०-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

५. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धनकुटाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनकुटा जिल्ला, कार्कीछाप गा.वि.स/न.पा. वडा नं. ७ (सिट नं. ७) स्थित कित्ता नं. ५६५, ५५२, ५५५ र ५५३ को क्रमश : क्षेत्रफल ०-६-०-१, ०-७-२-०, १-१०-३-० र ०-७-२-३ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

६. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं. ९/ख) स्थित कित्ता नं. ८६३ र ८६० को क्रमश : क्षेत्रफल ०-०-३-० र ०-०-३.२५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

७. **मान बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, घोपा गा.वि.स./न.पा. वडा नं. २ (सिट नं. २/क) स्थित कित्ता नं. ५३२२, २६२७ र २६२९ को क्रमश : क्षेत्रफल ०-०-३.७५-०, ०-०-७.५-० र ०-०-२.५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

८. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाझगारा गा.वि.स/न.पा. वडा नं. २ (सिट नं. २/ग) स्थित कित्ता नं. १६२२ को क्षेत्रफल ०-०-६-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

९. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, बाझगारा गा.वि.स/न.पा. वडा नं. ३ (सिट नं. ३/ङ) स्थित कित्ता नं. १९३० को क्षेत्रफल ०-०-१७.५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१०. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, घोपा गा.वि.स/न.पा. वडा नं. ४ (सिट नं. ४/क) स्थित कित्ता नं. ६१९, ५४३ र ५४२ को क्रमश : क्षेत्रफल ०-०-५-०, ०-१-०-० र ०-१-०-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

११. **मान बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ३ (सिट नं. ३/ख) स्थित कित्ता नं. ७७३ को क्षेत्रफल ०-०-१९-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१२. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ३ (सिट नं. ३/झ) स्थित कित्ता नं. ७६२, ७४० र ७६३ को क्रमश : क्षेत्रफल ०-०-१३-०, ०-०-६-० र ०-०-७-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१३. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, हांसपोसा गा.वि.स./न.पा. वडा नं. ६ (सिट नं. ६/क) स्थित कित्ता नं. १०३९, १०७७ र १०३७ को क्रमश : क्षेत्रफल ०-०-१०-०, ०-०-१-० र ०-०-५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१४. **शिव कुमार विश्वकर्मा (लामीछाने)** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ७ (सिट नं. ७/क) स्थित कित्ता नं. १३०२, ४३९८, ८६१८ र ८६१५ को क्रमश : क्षेत्रफल ०-०-१०-०, ०-१-०-०, ०-०-१०.५-० र ०-०-९.५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१५. **विष्णु माया विश्वकर्माको** नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं. ९/ग) स्थित कित्ता नं. ७७ को क्षेत्रफल ०-१-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१६. **रिना राईको** नाममा मालपोत कार्यालय भरतपुर, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.वि.स./न.पा. वडा नं. ६ (सिट नं. ६/ख) स्थित कित्ता नं. ७४५१ को क्षेत्रफल ०-०-६.२५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१७. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ७ (सिट नं. ७/क) स्थित कित्ता नं. ५६३४ को क्षेत्रफल ०-२-१३-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१८. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ९ (सिट नं. ९/ग) स्थित कित्ता नं. ११२, २२७, २२८ र २३४ को क्रमश : क्षेत्रफल ०-०-१६-०, ०-०-१५-०, ०-०-४.२५-० र ०-०-२.५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

१९. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान न.पा. वडा नं. ५ स्थित कित्ता नं. ३४१ र ३९६ को क्रमश : क्षेत्रफल ०-०-१२-१ र ०-०-४-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२०. **विष्णु माया विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामीछाने)** को संयुक्त नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९ (सिट नं. ९/ग) स्थित कित्ता नं. ३४ र ३३८ को क्रमश : क्षेत्रफल ०-०-११-० र ०-१-७-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२१. **मान बहादुर विश्वकर्माको** नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, घोपा गा.वि.स./न.पा. वडा नं. ६ (सिट नं. ६/ख) स्थित कित्ता नं. ६८४ को क्षेत्रफल ०-१-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२२. **बराह ज्वेलरी ईन्डष्ट्रिज प्रा.लि.** को नाममा मालपोत कार्यालय लगानखेल, ललितपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ४ (सिट नं. ४/ट) सनराइज अपार्टमेन्ट स्थित कित्ता नं. २५, २८, २९, ३१, ३७, ३८, ३९ र २२४ को जम्मा क्षेत्रफल १०३६ वर्ग फिट को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२३. **शिव कुमार विश्वकर्मा (लामीछाने)** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, चतरा गा.वि.स./न.पा. वडा नं. ४ (सिट नं. ४/ङ) स्थित कित्ता नं. ८७४, ८८१ र ८७५ को क्रमश : क्षेत्रफल ०-१-१८.५-०, ०-१-११.५-०, ०-०-३.५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८/०४/२८ मा दर्ता नं. २६७९२५/०७८/०७९ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ८, घनकुटे रोड स्थित **श्रीपा सुपर मार्केट स्टोर प्रा. लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७२०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

२. रणध्वोज विश्वकर्माको बुहारी, इन्द्र कुमार विश्वकर्माको पत्नी, झापा जिल्ला, अर्जुनधारा वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **विष्णु माया विश्वकर्मा (ना.प्र.प.न. ६२७१३०२, झापा)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **श्रीपा सुपर मार्केट स्टोर प्रा.लि.** को नाममा मालपोत कार्यालय धरान, सुनसरीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स/न.पा. वडा नं. ७ (सिट नं. ७/ख) स्थित कित्ता नं. ९६३, १२३०, २३८३, २४५०, १२२९, १२३२ र २५४४ को क्रमश : क्षेत्रफल ०-०-०.५-०, ०-३-१२.५-०, ०-०-१९.२५-०, ०-०-४-०, ०-१-०-०, ०-०-९-० र ०-०-०.५-० (बिघा) को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

२. **डम्बर विश्वकर्मा लामिछानेको** नाममा मालपोत कार्यालय धनकुटाको लगतमा दर्ता श्रेस्ता कायम रहेको धनकुटा जिल्ला, कार्कीछाप गा.वि.स/न.पा. वडा नं. ७ स्थित कित्ता नं.७८५ को क्षेत्रफल ३-१५-२-२ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

३. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन :**

क्र.सं.	सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
१.	NISSAN Magnite - 2021	016786C	MDHFBADD0M9033371	बागमती प्रदेश-०१-०२६ च ६३३५

४. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०६/०२ मा दर्ता नं. २२५७०५/०७६/०७७ कायम भई दर्ता भएको सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२, महेन्द्र पथ स्थित **बराह डिपार्टमेन्ट स्टोर प्रा. लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७२०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

२. छविलाल विश्वकर्माको नाति, धनविर विश्वकर्माको छोरा, भोजपुर जिल्ला, बैकुण्ठे वडा नं. १, स्थित स्थायी ठेगाना भएको **मान बहादुर विश्वकर्मा (ना.प्र.प.न. २२४३/१२११७, सुनसरी)**

३. रणध्वोज विश्वकर्माको नातिनी, इन्द्र कुमार विश्वकर्माको छोरी, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भएको **मन्दीरा लामिछाने विश्वकर्मा (ना.प्र.प.न. २४२०६/०६१/६२, सुनसरी)**

४. लालविर सुनार (वि.क.) को नाति, लक्ष्मण सुनार (वि.क.) को छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **रवि सुनार (वि.क.) (ना.प्र.प.न. ३२१६७/०६५/६६, सुनसरी)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन :**

क्र.सं.	सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
१.	NISSAN Magnite XV- 2021	017003C	MDHFBADD0M9032564	बागमती प्रदेश-०१-०२६ च ३०२७

५. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/०२/२६ मा दर्ता नं. ८३८४३/०६७/०६८ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ११, सुन्धारा स्थित **टाइम्स रेमिट प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. धर्म रत्न स्थापित (सिलाकार) को नाति, सप्र रत्न स्थापित (सिलाकार) को छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भएको **प्रमिल स्थापित (सिलाकार) (ना.प्र.प.न. ५६५४, काठमाण्डौ)**

२. रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७२०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

६. ऋणीको विवरण

रणध्वोज विश्वकर्माको नाति, इन्द्र कुमार विश्वकर्माको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **शिव कुमार विश्वकर्मा (लामीछाने) (ना.प्र.प.न. २७२०६८/०५४/५५/११७७२, काठमाण्डौ)**

व्यक्तिगत जमानतकर्ताको विवरण

रणध्वोज विश्वकर्माको बुहारी, इन्द्र कुमार विश्वकर्माको पत्नी, झापा जिल्ला, अर्जुनधारा वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. २२, काठमाण्डौ बस्ने **विष्णु माया विश्वकर्मा (ना.प्र.प.न. ६२७१३०२, झापा)**

नोट : माथि उल्लेखित ऋणीको विवरण नं. २ को धितोमा रहेको सम्पत्तिको विवरण नं. १ मा रहेको सम्पत्ति ऋणी टाइम्स रेमिट प्रा. लि. र शिव कुमार विश्वकर्मा (लामीछाने) को लागि समेत धितोमा रहेको ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०६/११ गते बिहिबारदेखि यस बैंकको कर्जा असुली विभाग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालयहरु धरान, सुनसरी र भरतपुर, चितवनबाट प्राप्त गर्न सकिनेछ ।

२. छट्टाछुट्टै धितोको लागि छट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०६/२५ गते बिहिबार कार्यालय समय भित्र २ नं. ऋणीको धितोमा रहेको सम्पत्तिको विवरण नं. १ र २२ तथा सवारी साधनको हकमा यस बैंकको कर्जा असुली विभाग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौमा २ नं. ऋणीको धितोमा रहेको सम्पत्तिको विवरण नं. १६ को हकमा शाखा कार्यालय भरतपुर, चितवनमा र अन्य धितोमा रहेको सम्पत्तिको हकमा शाखा कार्यालय धरान, सुनसरीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०६/२६ गते शुक्रबार दिउँसो १:०० बजे कार्यालय समय भित्र २ नं. ऋणीको धितोमा रहेको सम्पत्तिको विवरण नं. १ र २२ तथा सवारी साधनको हकमा यस बैंकको कर्जा असुली विभाग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौमा २ नं. ऋणीको धित

अनुसन्धान र विकासको अपरिहार्यता

नीतिगत तथा संस्थागत कमजोरीले गर्दा नेपाल अनुसन्धान र विकासको सुरुवाती चरणमा नै रुमल्लिइरहेको अवस्था छ



अर्थ संवाद

● हरिप्रसाद शर्मा

महान् वैज्ञानिक स्टेफेन हकिङले भनेका छन्, 'ज्ञानको सबैभन्दा ठूलो शत्रु भनेको अज्ञानता हैन, ज्ञानको भ्रम हुनु हो ।' तत्वदर्शी महापुरुषले साधनाबाट आत्मज्ञान प्राप्त गरेर मानव कल्याणमा होमिएका दृष्टान्त हाम्रा पूर्वीय दर्शनमा प्रशस्त छन् । आध्यात्मिक प्रगतिको बाटो आध्यात्मिक साधनाबाट खुलेझैं भौतिक प्रगतिको बाटो अनुसन्धान र विकासबाट खुल्छ । जहाँ अँध्यारो हुन्छ, त्यहाँ उज्यालो जाने अवसर सिर्जना गर्नुपर्छ । हामी जुन धरातलमा उभिएका छौं, त्यहाँबाट अघि बढ्नलाई तथा गन्तव्यमा पुग्नलाई हामी बाटो तय गर्न सक्षम छौं या छैनौं भन्ने कुराले धेरै कुरा निर्धारण गर्छ ।

अनुसन्धान र विकास अहिलेको विश्व परिवेशमा प्राथमिकतामा परेको अवधारणा हो । अहिले जसलाई पनि नयाँपन चाहिएको छ, प्रतिस्पर्धामा अब्बल ठहरिन परेको छ, अनि अरूले नदेखेका बाटाहरू पहिल्याउनुपरेको छ । असली मज्जा त त्यतिबेला आउँछ, जतिबेला हामी आफ्नै बाटो पहिल्याउन सक्छौं र अरूलाई पनि हाम्रो नवीनताको बारेमा उदाहरण दिन सक्छौं । मनको लड्डु घ्यूसँग खाने भनेझैं यो त्यत्तिकै आउने चिज होइन । यसका लागि त अनुसन्धान र विकास राज्यको व्यापक प्राथमिकतामा पर्नुपर्छ । यो प्राथमिकता यससँग सम्बन्धित योजना, रणनीति र लगानीमार्फत प्रकट हुने गर्दछ ।

विश्वका समृद्ध भनिएका देशहरू त्यत्तिकै समृद्धिको सफल यात्रातिर लम्किएका हैनन् । यो यात्राप्रतिको विछट्टैको लगाव अनि अनुसन्धान र विकासमा गरिएको राज्यको व्यापक लगानी नै उनीहरूका सफलताका कारक तत्व हुन् ।

संयुक्त राज्य अमेरिकाको सन् २०२३ को बजेटले वैज्ञानिक आविष्कार, प्रविधिगत ब्रेकथ्रु, तथा नवप्रवर्तनलाई मानव ज्ञान विस्तार तथा एक्काइसौं शताब्दीका चुनौती र अवसरहरूलाई सम्बोधन गर्ने इन्जिनका रूपमा लिएको छ । उक्त बजेटले अनुसन्धान र विकासलाई २०४.९ बिलियन अमेरिकी डलर छुट्याएको छ । सन् २०२२ मा अमेरिकाको अनुसन्धान र विकासका लागि खर्च कुल गार्हस्थ्य उत्पादनको २.६ प्रतिशत, चीनको ३.१ प्रतिशत, जापानको ३.४ प्रतिशत, दक्षिण कोरियाको ५ प्रतिशत तथा सबैभन्दा धेरै इजरायलको ५.९ प्रतिशत रहेको थियो । तर, अनुसन्धान र विकासको नेपालको सरदर खर्च कुल गार्हस्थ्य उत्पादनको ०.३ प्रतिशत मात्र रहेको एक अध्ययनले देखाएको छ ।

अनुसन्धानलाई सामान्यतः विकास प्रक्रियाको पहिलो खुड्किलोका रूपमा लिने गरिन्छ । अर्थात्, अनुसन्धानबाट उपलब्ध भएका तथ्यहरूका आधारमा मात्र नीति बनाउनुपर्छ र ती नीतिले विकासका भावी गोरेटा कोर्न सजिलो हुन्छ । त्यही भएर तथ्यमा आधारित नीति निर्माण अहिलेको परिवेशको प्रचलित अवधारणाको रूपमा विकास भएको छ । राज्यको योजना, नीति र रणनीतिक हस्तक्षेप शब्दहरूको मिठासमा भन्दा तथ्यको विकासमा खोजिनुपर्छ । तथ्यको विकास अनुसन्धानबाट मात्र हुन सक्छ । अनुसन्धान र विकासलाई नतिजामुखी बनाउनका लागि विभिन्न चरण हुन्छन् । यसका लागि अनुसन्धानको क्षेत्र पहिचान गर्ने, अनुसन्धान योजना बनाउने, अनुसन्धान गर्ने, अनुसन्धानबाट प्राप्त तथ्यहरूलाई सम्बन्धित क्षेत्रमा आबद्ध गर्ने, परीक्षण गर्ने, परिष्कृत गर्ने, ठूलो स्केलमा लागू हुने गरी विकास गर्ने तथा यसको बजारीकरण गर्नेजस्ता चरण पार गर्नुपर्छ ।

अनुसन्धान तथा विकासको अवधारणा जति धेरै आकर्षक छ, त्यति नै चुनौतीपूर्ण पनि छ । एकातिर यसका लागि ठूलो रकम खर्च गर्नुपर्छ भने अर्कोतर्फ नतिजाको सुनिश्चिततासमेत हुँदैन । यसको प्रक्रिया आफैंमा लामो हुन्छ । विद्वान् कार्ल सागनले भनेका छन्, 'अनुसन्धानमा सत्यसम्म पुग्ने छोटो बाटो हुँदैन ।' यसमा सफलता हात लाग्न पनि सक्छ, असफलता हात लाग्न पनि सक्छ । त्यही भएर यसमा 'रिवार्ड द फेलियर' अर्थात् 'असफलतालाई पुरस्कृत गर' भन्ने मान्यता छ । असफलतालाई सफलताको सिँढीको रूपमा लिनुपर्छ भन्ने मान्यतासहित यसमा ठूलो रकम लगानी गरिन्छ । हाम्रो देशमा अनुसन्धान तथा विकासमा समर्पित सफल संस्थागत संरचना स्थापना भइसकेको अवस्था छैन । भएका संरचना पनि कार्यमूलक हुन सकेका छैनन् । योग्य जनशक्तिको अभाव छ । अब्बल मानव पुँजी स्वदेशमा बस्नसमेत आकर्षित हुन नसकेको अवस्था छ । नीतिगत तथा संस्थागत कमजोरीले गर्दा नेपाल अनुसन्धान र विकासका सुरुवाती चरणमा नै रुमल्लिइरहेको अवस्था छ ।

चुनौतीको सम्बोधन गर्ने प्रयासमा नै सफलताका कथाहरू लुकेका हुन्छन् । सर्वप्रथम भएका संस्थागत संरचनामा अब्बल जनशक्तिको व्यवस्था गर्ने, प्राथमिकताका क्षेत्र पहिचान गर्ने तथा त्यसका लागि अध्ययन अनुसन्धान गर्ने गरी राज्यले लगानी गर्नुपर्छ । दीर्घकालीन रूपमा नीतिगत हस्तक्षेप गरी अन्तरतह तथा अन्तरनिकाय समन्वय हुने गरी अनुसन्धान र विकासका कामलाई अघि बढाउनुपर्ने देखिन्छ । साथै, निजी क्षेत्रलाई समेत अनुसन्धान तथा विकासमा आकर्षित गर्न करछुटलगायतका निजी क्षेत्रमैत्री तथा प्रोत्साहन गर्ने नीति सरकारले लिनुपर्छ ।

कुल गार्हस्थ्य उत्पादनको अनुपातमा विश्वमा सबैभन्दा धेरै अनुसन्धान तथा विकासमा खर्च गरेको राष्ट्र इजरायलमा यस क्षेत्रमा सरकारले भन्दा बढी निजी क्षेत्रले लगानी गरेको छ । तसर्थ, नेपालका तीन तहका सरकार, निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रलगायत अन्य शासनका सहयात्रीहरूले अनुसन्धान तथा विकासका क्षेत्रमा लगाव देखाउनुको विकल्प देखिँदैन । हामी एक्लाएक्लै हिँड्ने हैन, सबै शासनका सहयात्रीहरू सँगसँगै हिँड्ने बाटो तय गर्नुपर्छ ।

अहिलेसम्म नेपालमा अनुसन्धान र विकासका लागि सर्वोच्च निकाय विकास हुन सकेको छैन । राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले अनुसन्धान कार्यमा संलग्न निकायहरूबाट नतिजामूलक प्रतिफल प्राप्त गर्न नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानलाई वैज्ञानिक अनुसन्धानको सर्वोच्च निकायको रूपमा विकास गर्ने र संघीयताअनुरूप सांगठनिक सुदृढीकरण, सुधार एवं पुनर्संरचना गरिने रणनीति लिइएको भए तापनि यसलाई पूर्ण कार्यान्वयन गर्न बाँकी नै छ । कतिपय अन्तरसम्बन्धित विषयगत क्षेत्रमा समेत अध्ययन अनुसन्धान गर्नुपर्ने भएकाले सोका लागि समेत समन्वय गर्ने गरी सांगठनिक पुनर्संरचना गर्नु जरुरी छ । साथै, द्रुत रूपमा परिवर्तन हुँदै गएको प्रविधि र परिवेशलाई मध्यनजर गरी उक्त नीतिको समीक्षा तथा मूल्यांकन गरी परिमार्जन गर्नसमेत जरुरी छ ।

अन्य देशमा निजी क्षेत्रबाट समेत अनुसन्धान र विकासमा उल्लेख्य फड्को मारेका छन् । हाम्रो देशमा निजी क्षेत्रको यसतर्फको प्रयास शून्यप्रायः देखिन्छ । अमेजन कम्पनीको सन् २०२२ को अनुसन्धान तथा विकास बजेट ७३.२ बिलियन अमेरिकी डलर, एप्पल कम्पनीको २६.२५ बिलियन अमेरिकी डलर तथा माइक्रोसफ्ट कम्पनीको २४.५ बिलियन अमेरिकी डलर रहेको थियो । हाम्रो देशको आव ०८०/८१ को वार्षिक कुल बजेट साढे १७ खर्ब नेपाली रुपैयाँ मात्र रहेको छ । हाम्रो कुल बजेटभन्दा यस्ता कम्पनीहरूको अनुसन्धान तथा विकास बजेट कैयौं गुणा बढी छ ।



> दीर्घकालीन रूपमा नीतिगत हस्तक्षेप गरी अन्तरतह तथा अन्तरनिकाय समन्वय हुने गरी अनुसन्धान र विकासका कामलाई अघि बढाउनुपर्छ । यसमा निजी क्षेत्रलाई समेत सरकारले समेट्नुपर्छ ।

यसबाट निजी क्षेत्रहरू अनुसन्धान तथा विकासतर्फ कति धेरै सचेत छन् भन्ने देखिन्छ । 'पर्फर्म ओर पेरिस' अर्थात् 'काम गर, नसके मर' अहिलेको प्रतिस्पर्धाको दुनियाँमा मूलमन्त्र बनिरहेको छ । नयाँ-नयाँ शैली र आविष्कारबाट आफ्नो प्रभाव सिद्ध गर्ने दौडमा निजी क्षेत्र लागिरहेका छन् । प्रतिस्पर्धाको बजारमा नेतृत्व गरिरहेका कतिपय कम्पनीहरूले अनुसन्धान तथा विकासबाट नवप्रवर्तन गर्न नसक्दा टाट पल्टेका उदाहरणसमेत हामीले देख्न सक्छौं । कुनै समयको अत्यन्त लोकप्रिय क्यामेरा कम्पनी 'कोडाक' परिवर्तित डिजिटल प्रविधिसुहाउँदो नवप्रवर्तन गर्न नसक्दा सन् २०१२ आर्थिक रूपमा टाट पल्टेको थियो । अहिलेको प्रविधि यति छिटो परिवर्तन हुँदै गएको छ कि यसको परिवर्तित बहावलाई समातेर अनुसन्धान तथा विकास गर्दै अघि बढ्नुको अर्को विकल्प देखिँदैन ।

सन् १९३८ मा सानो ग्रोसरी स्टोरबाट आफ्नो व्यवसाय सुरु गरेको स्यामसङ अहिले दक्षिण कोरियाको सबैभन्दा सफल कम्पनीहरूमध्येको एक हो । यो र योजस्तै कम्पनीका सफलताका कथाहरू दक्षिण कोरियाले अनुसन्धान तथा विकासमा गरेका लगानी र नीतिगत हस्तक्षेपले गरेका सफलताका कथाहरूसँग जोडिएका छन् । बीसौं शताब्दीको मध्यसम्म जापानको उपनिवेश र त्यसपछि युद्धमैदानको रूपमा रहेको दक्षिण कोरिया सन् १९६१ मा पार्क चुङ हीको उदयपछि जादुमयी विकास गर्दै अहिले संसारकै नवप्रवर्तनको हबमध्ये एक रहेको छ । सन् १९६२ मा तयार पारिएको दक्षिण कोरियाको प्रथम पञ्चवर्षीय योजनामा अनुसन्धान तथा विकासलाई प्राथमिकताका साथ राखिएन मात्रै, यसको कार्यान्वयनसमेत गरियो । यसको परिणामस्वरूप कोरिया विज्ञान तथा प्रविधि प्रतिष्ठान (किस्ट) तथा विज्ञान तथा प्रविधि मन्त्रालयजस्ता कार्यमूलक संस्थागत संरचना स्थापित भए । यी संस्थागत संरचनाहरूले 'चेबोल' भनिने ठूला औद्योगिक समूहहरूको उत्पत्तिमा सहयोगी भूमिका खेले । यस्ता चेबोलहरू दक्षिण कोरियाली नागरिकको स्वामित्वमा थिए । सरकारले यी चेबोललाई ठूलो धनराशि अनुसन्धान र विकासमा लगानी गर्ने वातावरण तयार गऱ्यो ।

सरकारको नीतिगत सहायतासहित स्यामसङ, एलजीजस्ता कम्पनीले अनुसन्धान र विकासमा गरेको प्रयासले यिनीहरू ठूला तथा सफल कम्पनीको रूपमा स्थापित भए । अहिले एउटा कम्पनी स्यामसङले दक्षिण कोरियाको कुल गार्हस्थ्य उत्पादनमा १० प्रतिशतभन्दा बढी योगदान गर्दछ । हामीले सिक्ने अरूका सफलताका कथाहरूबाट हो । अझ दक्षिण कोरियाका सफलताका दृष्टान्तहरूले हामीलाई झन् धेरै झकझक्याउनुपर्छ । कारण, सन् १९६० सम्म दक्षिण कोरियाको विकासको स्थिति त्यो वेलाको नेपालकै हाराहारी थियो । हामीलाई छिटो विकास र समृद्धि चाहिएको छ । दक्षिण कोरियाले पनि छोटो समयमा जादुमयी ढंगले आर्थिक विकास र समृद्धिको ढोका खोल्यो । अहिले नेपाली जनतामा पर्खिने धैर्य छैन । र, विश्व परिवेशले पनि तत्काल केही नगरी बस्ने छुट हामीलाई दिँदैन । यसका लागि प्रस्थान बिन्दु भनेको अनुसन्धान र विकासका लागि हाम्रो रणनीतिक हस्तक्षेप नै हो ।

(शर्मा नेपाल सरकारका उपसचिव हुन्)

नेपाल–चीन–तिब्बतबीचको आर्थिक र सामाजिक दूरी

वस्तु विनिमयको तत्कालीन आर्थिक व्यवस्थामा आफूसँग भएको कृषि उपज दिएर त्यससँग नेपालीले नुन, ऊन, भेडा र खच्चड साट्थे



● दिलीपप्रकाश कार्की

नेपालमा चीनको प्रभाव बढ्दै गएको र द्विपक्षीय व्यापार ओरालो लागेको तथ्यांक सार्वजनिक भएका छन् । नाकामा सहज आवातजावतको व्यवस्थाका लागि पहल गर्ने प्रतिबद्धतासहित प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड चीन भ्रमणमा जाँदै छन् । तर, नेपाल-चीन र चीनशासित तिब्बतभन्दा पहिलेको अवस्थामा सम्बन्ध कस्तो थियो भन्ने विश्लेषण यहाँ गरिएको छ ।

'भृकुटी तारा उदाइन्, उत्तर चीन तिब्बत' भन्ने वाक्यांश हाम्रो जनजिब्रोमा छ । लिच्छिवीकालीन राजा अंशुवर्माले आफ्ना दुईवटा छोरीमध्ये एउटीको भारतीय कन्नौजका राजा हर्षवर्द्धनसँग र अर्की छोरीको विवाह इ. ६३० को दशकमा तिब्बतका तत्कालीन राजा श्रोनचोङ गोम्पोसँग गरिदिएका थिए । त्यसैगरी, चौधौं शताब्दीमा चीनका सम्राट कुबला खाँको अनुरोधमा नेपालबाट बलबाहु (अरनिको)को नेतृत्वमा ८० जना शिल्पकारहरूको टोली तिब्बत हुँदै चीन पुग्यो र सम्राटको अनुरोधमा चीनमै बसेको पाइन्छ । यसरी भृकुटी र अरनिकोले हिमालपारिको देशसँग नेपालको सामाजिक सम्बन्ध कायम गर्न ठूलो योगदान गरेकै कारण उनीहरूलाई राष्ट्रिय विभूतिको रूपमा सम्मान गरिएको छ । भृकुटी र अरनिकोको तिब्बत/चीन यात्रापछि नेपाल र चीनका प्रतिनिधिमण्डलहरूको दोहोरो आउजाउ चलिरह्यो, दुवै राज्यले सामाजिक सम्बन्धसँगै व्यापारिक सम्बन्धलाई बलियो बनाउन थाले ।

१७औं शताब्दीमा नेपाल र तिब्बतबीच व्यापारिक सम्झौता भयो । आदिकालदेखि नै हिमालय वारपार गर्ने नेपाल-तिब्बतका ३५ वटा नाकामध्ये २४ वटा भञ्ज्याङ प्रयोगमा थिए । जसमा पनि कुती र केरुङ कम उचाइमा भएका कारण आवतजावत सहज हुने हुँदा यी दुई नाकालाई व्यापारिक मार्गको रूपमा प्रयोग गर्न थालियो । तिब्बतमा आन्तरिक कलह बढ्दै गइरहेको मौकामा गोरखाका राजा रामशाह र कान्तिपुरका राजा प्रताप मल्लले क्रमशः केरुङ र कुतीमाथि कब्जा गरे ।

लिच्छविकालीन ठकुरी राजा अंशुवर्माको समयदेखि सुदृढ बन्दै आएको नेपाल-चीन-तिब्बत सम्बन्धमा क्षणिक तिक्तता र युगौन मित्रताको लहर चल्दै आएको पाइन्छ । तिब्बतको आग्रहमा सन् १६४५-५० मा कान्तिपुरका राजाले ८ वटा सर्त राख्दै सम्झौता गरेका थिए । नेपाल-तिब्बत कूटनीतिक सम्बन्धको आधार उक्त सम्झौतालाई मानिए पनि तिब्बत पक्षले पालना नगर्दा सम्बन्धमा समस्या सिर्जना भए ।

असन्तुष्टि बढ्दै गएपछि नेपाल-तिब्बत/चीनबीच सन् १७८८, सन् १७९१ र सन् १८५५ मा गरी तीनपटक ठूला युद्ध भए । पहिलो युद्धमा हारपश्चात् तिब्बतले नेपाललाई वार्षिक ५० हजार रुपैयाँ सलामी तिर्ने गरी केरुङ सन्धि भयो । र, त्यो रकम नतिरेपछि नेपालले दुई वर्षपछि फेरि तिब्बतमाथि हमला गऱ्यो । यसपटक भने तिब्बतको मद्दतका लागि चिनियाँ फौज आएको थियो । तिब्बतमा नेपालको प्रभुत्व बढ्दै र आफ्नो प्रभाव घट्दै गएकोमा चिन्तित बनेको चीनको सहयोगमा तिब्बतले उक्त युद्ध जित्यो र बेत्रावती सन्धि भयो ।


बेत्रावती सन्धिले नेपाल र भोटबीच करिब ६० वर्षसम्म शान्ति कायम गरेको बताइए पनि नेपाली पक्षले भने अपमान महसुस गरेको थियो । त्यसको बदला लिन वि.सं. १९११ मा तिब्बतमाथि आक्रमण गरियो । उक्त युद्धमा तिब्बत हार्ने स्थितिमा पुगेपछि वार्ताका लागि गुहार गऱ्यो र तिब्बती पक्षको करिब दुई महिनाभन्दा लामो आग्रहपछि थापाथली दरबारमा १० बुँदे सन्धि भयो । जसमा तिब्बतले नेपाललाई प्रतिवर्ष रु. १० हजार सलामीस्वरूप बुझाउनुपर्ने, ल्हासा सरकारले नेपाली व्यापारीहरूमाथि भन्सार महसुल नलिनेलगायतका बुँदा समेटिएका थिए ।

नेपालका व्यापारीले भन्सार महसुल तिर्नपर्ने भएपछि व्यापार सहज हुन थाल्यो र काठमाडौंका कैयौं नेवार तथा महाजनहरूले ल्हासामा नै बसेर व्यापार-व्यवसाय गर्न थाले । नेपालका उच्च हिमाली क्षेत्रका मानिसहरू रुसुवागढी नाका भएर केरुङ तथा हालको हिल्सा, यारी भएर ताक्लाकोटसम्म नुन र दैनिक जीविकोपार्जनको वस्तु खरिद गर्न चीनको तिब्बतसम्म पुग्थे । वस्तु विनिमयको तत्कालीन आर्थिक व्यवस्थामा आफूसँग भएको कृषि उपज दिएर त्यससँग नेपालीहरू नुन, ऊन, भेडा र खच्चड साट्थे ।

थापाथली सन्धिअनुसार तिब्बतले चीनको अंग बन्नुअगाडिसम्म सलामी तिऱ्यो नै, सन् १९४९- १९५४ सम्म तिब्बतको नामबाट चीनले समेत नेपाललाई सलामी तिरेको थियो । सन् १९२० मा तिब्बतका लागि बेलायती मिसनमा रहेक चार्ल्स बेलले आफ्नो पुस्तक 'तिब्बत : पास्ट एन्ड प्रिजेन्ट'मा ल्हासामा तिब्बतीहरूभन्दा नेपालीहरू बढी स्वतन्त्र र खुला भएको उल्लेख गरेका छन् । उनले नेपालीहरूले त्यहाँको स्थानीय कानुन मान्नसमेत अस्वीकार गरेको उल्लेख गर्दै लेखेका छन्, 'तिब्बतमा सार्वजनिक स्थलहरूमा धूम्रपान निषेध गरिएको थियो र उक्त निषेधित कुरा हामी सोच्न पनि सक्दैनथ्यौं, तर नेपालीहरू भने सार्वजनिक स्थलमै धूम्रपान गर्थे र कुनै कारबाही हुँदैनथ्यो ।'

यसरी नेपालीहरूले ल्हासामा स्थानीय कानुन नै अस्वीकार गर्न थालेपछि नेवारी व्यापारीहरू र स्थानीयबीच १८५४, १८६२ र १८७१ मा झडप हुने र साम्य हुने क्रम चलेको थियो । सन् १८८४ मा भएको झडपले भने फरक रूप लियो । नेवार व्यापारी र तिब्बती महिलाबीच भएको झडपले उग्र रूप लिएपछि तिब्बतीहरूले ८० वटा नेपाली व्यापारीका पसल तोडफोड र आगजनी गरिदिए । ८ लाख ३३ हजारभन्दा बढीको क्षति भएको विवरणसहितको पत्र पाएपछि आक्रोशित भएको नेपालको तत्कालीन सरकारले फेरि युद्धको योजना बनायो । नेपालको आक्रोशपछि तिब्बतले ९ लाख ४२ हजार सात वर्षको किस्तामा क्षतिपूर्ति उपलब्ध गराउने, तोडफोडमा संलग्नलाई कारबाही गर्ने र भत्काइएका पसललाई सोही ठाउँमा पुनर्स्थापनाका लागि पहल गर्ने सहमति भयो । त्यसैगरी, सन् १९२९ मा पनि तिब्बतमा रहेका नेपाली व्यापारी ग्याल्पोले प्रतिबन्धित मुद्रा र तम्बाकुको व्यापार गरेको थाहा पाएपछि उनलाई कारबाहीको तयारी भयो । ग्याल्पोले भने नेपालस्थित मिसनमा शरण लिए, हजारौं तिब्बती सेना र प्रहरीले उक्त स्थानमा घेरा हाले । दुई मुलुकबीच कूटनीतिक तनाव सिर्जना भए पनि पछि प्रतिबन्धित वस्तुको व्यापार नगर्ने सहमतिपछि उक्त मुद्दा समाधान गरियो ।

नेपाल-तिब्बत/चीनबीच युद्ध, विवाद र झडप मात्र नभएर निकै प्रिय सामाजिक बन्धन पनि थियो । भृकुटी र अरनिकोले नेपालको कला-संस्कृति र धर्मलाई विस्तार गर्दै सामाजिक सम्बन्ध बलियो बनाएका थिए विषयमा नेपाल-चीनबीच सन्धि भएपछि तिब्बतमा रहेका नेपालीहरूलाई कि त नेपालको अथवा चीनको नागरिकता लिन विकल्प दिइयो । सन् १९७२ देखि ७५ सम्म ल्हासाका लागि कन्सुलर जनरलको रूपमा तोकिएका विष्टका अनुसार अधिकांशले चिनियाँ नागरिकता लिने विकल्प रोजेका थिए ।



भृकुटी र अरनिकोले नेपालको कला-संस्कृतिलाई विस्तार गरी सामाजिक सम्बन्ध बलियो बनाए भने नेपालका व्यापारीले मुद्राको प्रचलन र वस्तु विनिमयलाई व्यापक बनाउँदै व्यापारिक सम्बन्ध सुदृढ बनाउन भूमिका खेले

भने नेपालका व्यापारीहरूले मुद्राको प्रचलन र वस्तु विनिमयलाई व्यापक बनाउँदै व्यापारिक सम्बन्धलाई सुदृढ बनाउन भूमिका खेले । नेपालविरुद्ध सहयोग गर्न तिब्बत आइपुगेको चीनले सन् १९५० मा तिब्बतमाथि नै कब्जा गरेपछि भने बिस्तारै तिब्बत र नेपालबीचको सामाजिक सम्बन्धको दूरी बढ्दै गएको मानवशास्त्री डोरबहादुर विष्टको पुस्तक नेप्लिज् इन तिब्बतमा उल्लेख छ । सन् १९५६ मा तिब्बतका

सन् १९५९ मा १४औं दलाई लामालाई नियन्त्रणमा लिन चिनियाँ सेनाले गरेको दमनपछि स्थिति थप खस्किँदै गयो । तिब्बतमा रहेका नेपाली, भारतीय, भुटानी र सिक्किमीका लागि बस्ने अथवा छोड्ने दुई विकल्पमध्ये छनोट गर्नुपर्ने स्थिति सिर्जना भयो । सन् १९५६ मा भएको सन्धिले नेपालीका लागि प्रदान गरिएका सम्पूर्ण 'एक्स्ट्रा टेरिटोरियल राइट' खारेज गरिए भने व्यापारीका लागि पासपोर्ट लागू गरियो । सन् १९५८ नोभेम्बरदेखि नेपालले चीनमा रहेका नेपाली व्यापारीहरूका लागि पनि पासपोर्ट उपलब्ध गराउन थाल्यो । त्यसैगरी, चिनियाँ कम्युनिस्ट सत्ताले तिब्बतमा रहेका नेपाली नेवार व्यापारीहरूलाई चुनौती दिन तिब्बतीय मुस्लिम व्यापारीहरूलाई अनुदान उपलब्ध गराउने घोषणा गऱ्यो भने चिनियाँ सेना, कर्मचारी तथा उनीहरूको परिवारलाई तिब्बतीहरूको पसलबाट मात्रै सामान खरिद गर्ने निर्देशनसमेत दिएको थियो ।

सन् १९५९ मा दलाई लामालाई नियन्त्रणमा लिनका लागि भएको गोलाबारीका क्रममा पनि तिब्बतमा रहेका नेपालीलाई घरबाहिर निस्किन बन्देज गरिएको थियो । तिब्बतीहरूले दलाई लामालाई पक्राउ गर्न नहुने भन्दै ठूलो आन्दोलन गरेका थिए । त्यस समय करिब १५ सय नेवार व्यापारीहरू तिब्बतमा रहेको उल्लेख भएको पाइन्छ । चिनियाँले नेपालीमाथि दमन गर्ने र उनीहरूको अधिकारमा रोक लगाउन थालेपछि व्यापारी नेपाल फर्किने क्रम बढ्यो ।

सन् १९६० मा चिनियाँ अधिकारीहरूले नेवारी व्यापारीका लागि भिसा लिनुपर्ने अनिवार्य गरेपछि त्यहाँको व्यापार-व्यवसायलाई छोडी नेपाल रोजे । र, अन्ततः हजारौं वर्ष पुरानो हिमालपारि नेपालको व्यापारिक सम्बन्धसँगसँगै सामाजिक सम्बन्धको दूरी बढ्दै गएको पाइन्छ । सन् १९६२ मा भारत-चीन युद्धको असर नेपालले पनि व्यहोर्नुपऱ्यो । नेपाली व्यापारीहरूलाई शंकाको दृष्टिले हेर्न थालिएको अमिसराज मुल्मीको पुस्तक 'अल रोड लिड नर्थ' पुस्तकमा उल्लेख छ ।

त्यसयता, नेपाल-चीनबीच औपचारिक कूटनीतिक संयन्त्रमार्फत काम गर्न थालियो भने परम्परागत रूपमा रहेको व्यापारलाई व्यावसायिक बनाउन थालियो । पछिल्लो एक दशकमा भने द्विपक्षीय व्यापारमा कहिले भूकम्प र कहिले कोभिडलाई देखाएर अवरोध सिर्जना भइरहेको छ । सामाजिक सम्बन्ध टाढिँदै गयो भने राज्यस्तरको सम्बन्ध बलियो हुँदै गयो । हाल पछिल्लो एक दशकको अवधिमा चीनले नेपालको राजनीतिक र आर्थिक क्षेत्रमा प्रभाव र लगानी बढाउँदै लगेको देखिन्छ ।

बिजनेस @

संसारका सबै ठूला सहरमा गरिब वा साना व्यवसायीले गरिखाने मेलो मिलाइएको हुन्छ । ठुल्ठूला विश्वविद्यालयका कम्पाउन्डमा साना व्यवसायीहरू आएर सस्तोमा सामान बिक्री गर्छन् । सहरमा लाखौं विद्यार्थी हुन्छन्, जसलाई सुपथ मुल्यका वस्तु चाहिन्छन् । लाखौं सहयोगी मानिस सहरमा बस्छन् । जस्तै, गार्डेनर, कुचीकार, कार्पेन्टर, आदि । उनीहरूको जीवनस्तर थोरै आर्थिक उपार्जनमा टिकेको हुन्छ । अर्थात्, सहर धनीका अलिसान महल र ठूला कारको केन्द्र मात्र होइन ।

१. संसारका ठूला सहरमा बिदाका दुई दिन विकइन्डमा नाइट बजार लाग्छन् । राज्यले सुरक्षा दिन्छ । साना व्यापारीले व्यापार गर्छन् ।

२. बैंककमा बिहान ८ र बेलुका ६ बजेपछि सडकपेटीमा खानाको बजार लाग्छ । मानिसले सस्तो खाना पाउँछन् । क्वालालम्पुर, सिउल, सिंगापुर, गुवान्जाओजस्ता मेट्रो सिटीमा रात्रि बजार लाग्छन् ।

३. काठमाडौंको न्युरोड, दरबारमार्ग, प्रदर्शनी मार्गमा शुक्रबार ४ देखि १० बजेसम्म र शनिबार १ देखि १० बजेसम्म रात्रि बजार लगाउन सकिन्छ । काठमाडौंका जमिन भएका कलेजमा ५ बजेपछि रात्रि बजार लगाउन सकिन्छ ।

४. भत्काएर होइन, बनाएर दुनियाँ परिवर्तन गर्न सकिन्छ । राजनीति जनताको सेवाका लागि हो, नेताको शक्तिशाली बन्ने महत्त्वाकांक्षा राजनीति होइन ।

५. काठमाडौं सहरलाई सार्वजनिक बस चाहिएको हो । सबै निजी बस कम्पनीलाई व्यवस्थापन गर्ने काठमाडौं यातायात संस्थान बनाऔं । काठमाडौंका केन्द्र छिर्ने सबै सहरी नाकामा प्रतिकिलोमिटरका दरले टोल (सवारी शुल्क) लगाऔं । निजी कार र मोटरसाइकलको संख्या आफैं घट्नेछ ।

अहिलेको समस्या गरिब गरीखाने दुकान होइन, सहर व्यवस्थापन हो । भत्काएर सबै बन्दैन । रचनात्मक कामले खराब कुरा भत्किन्छ । संसारमा राजधानीका मेयर राष्ट्रपति बनेका छन् । तर, उनीहरू राष्ट्रपति हुन मेयर भएनन् । मेयर भएर राम्रो काम गरे, तब राष्ट्रपति भए ।


■ डा. युवराज संग्रौला
पूर्वमहान्यायाधिवक्ता

सेयर बजार

१० असोज ०८०

नेप्से २,००४.३० ↓ -१८.६० -०.९१%

कारोबार रकम	जम्मा सेयर
१,८१,४३,५९,०२२.२	७०,६१,४०४



अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार ११ असोज ०८०

प्रत्यक्ष वैदेशिक लगानी जलविद्युत् र उत्पादन क्षेत्रकेन्द्रित

आर्थिक वर्ष ०७८/७९ सम्म कुल प्रत्यक्ष वैदेशिक लगानी दुई खर्ब ६४ अर्ब ३३ करोड

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपालमा भित्रिने वैदेशिक लगानीको ठूलो हिस्सा ऊर्जा र उत्पादनमूलक क्षेत्रमा केन्द्रित देखिएको छ। विशेषगरी जलविद्युत् का क्षेत्रमा बढी प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको नेपाल राष्ट्र बैंकको प्रत्यक्ष लगानी सर्वेक्षण प्रतिवेदनले देखाएको हो। केन्द्रीय बैंकले ०७९ असार मसान्तसम्म गरेको सर्वेक्षणअनुसार ०७९ असार मसान्तसम्ममा कुल वैदेशिक लगानीको ३२.८ प्रतिशत हिस्सा ऊर्जा क्षेत्रमा गएको छ। त्यस्तै, २९.५ प्रतिशत हिस्सा उत्पादनमूलक उद्योगमा गएको छ। ऊर्जामा हालसम्म ८६ अर्ब ८१ करोड ५० लाख प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ। आर्थिक वर्ष ०७८/७९ सम्म नेपालमा कुल प्रत्यक्ष वैदेशिक लगानी दुई खर्ब ६४ अर्ब ३३ करोड भित्रिएको तथ्यांक छ।

०७८ असार मसान्तसम्म कुल वैदेशिक लगानीमा ऊर्जा क्षेत्रले ३०.८ प्रतिशत ओगटेको थियो। अर्थात् त्यतिवेलासम्म यो क्षेत्रमा वैदेशिक लगानी ७० अर्ब १४ करोड थियो।

दोस्रो ठूलो वैदेशिक लगानी उत्पादनमूलक क्षेत्रमा परेको छ। जसमा सिमेन्ट उद्योगको वर्चस्व बढी रहेको सर्वेक्षणले देखाएको छ। उत्पादनमूलक उद्योगमा अघिल्लो आर्थिक वर्षको तुलनामा लगानी बढेको छ। तर, कुल वैदेशिक लगानीमा भने यसको हिस्सा यथावत् नै छ। उत्पादनमूलक क्षेत्रमा वैदेशिक लगानी ७७ अर्ब ९२ करोड ८७ लाख रुपैयाँ पुगेको छ। ०७८ असार मसान्तसम्म यसमा लगानी ६७ अर्ब ३५ करोड २० लाख रुपैयाँ थियो।

■ ऊर्जा क्षेत्रमा केन्द्रित छिमेकी देशको लगानी

लगानीका हिसाबले सबैभन्दा बढी हिस्सा ओगट्नेमा भारत र चीन छन्। कुल वैदेशिक लगानीमा भारतको हिस्सा ३३.५ प्रतिशत छ भने चीनको हिस्सा १२.७ प्रतिशत छ। जसको सबैभन्दा ठूलो चासोको क्षेत्र नै जलविद्युत् आयोजना र सिमेन्ट उद्योग परेका छन्।

ऊर्जा क्षेत्रमा लगानी गर्न दुई छिमेकी देशको प्रतिस्पर्धा नै देखिन्छ। भारत र चीनले नेपालमा गरेको कुल लगानीमा सबैभन्दा ठूलो हिस्सा जलविद्युत्मै केन्द्रित छन्। भारतको आफ्नो कुल लगानीमा ४२.९ प्रतिशत हिस्सा जलविद्युत्मा केन्द्रित गरेको छ भने चीनले नेपालको लगानी क्षेत्रमा आफ्नो पोर्टफोलियोको ठूलो अंश ६९.९ प्रतिशत यसै क्षेत्रमा छुट्याएको देखिन्छ।

जलविद्युत् क्षेत्रमा भएको लगानीको आकारमा भारतले सबैभन्दा बढी ३७ अर्ब ९६ करोड २१ लाख रुपैयाँ छुट् याएको छ। चीनले यस क्षेत्रमा २३ अर्ब ३७ करोड लगानी गरेको छ। सिमेन्टलगायतका उत्पादनमूलक क्षेत्रमा भारतको लगानी ३१ अर्ब ८२ करोड (आफ्नो पोर्टफोलियोको ३५.९ प्रतिशत) छ। त्यस्तै, चीनको १४ अर्ब ९८ करोड ८४ लाख (४४.८ प्रतिशत) यो क्षेत्रमा लगानी केन्द्रित छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ लाभांश फिर्ता लैजाने रकम घट्यो

सर्वेक्षणअनुसार लाभांश स्वीकृत गरेर विदेश फिर्ता लैजाने रकम घट्दो क्रममा छ। ०७८ असारसम्मको तथ्यांकअनुसार २६ अर्बको लाभांश फिर्ता स्वीकृत भएको थियो। तर, ०७९ असारसम्म आइपुग्दा १५ अर्ब ६७ करोड मात्रै फिर्ता लैजान स्वीकृति दिइएको छ। सबैभन्दा बढी लाभांश फिर्ता लैजान स्वीकृति पाउनेमा उत्पादनमूलक क्षेत्र छन्। ०७९ असार मसान्तसम्ममा सात अर्ब ३१ करोड ५५ लाख लाभांश फिर्ता लैजान स्वीकृति दिइएको छ। जब कि ०७८ असार मसान्तसम्ममा यस्तो रकम ६ अर्ब ७४ करोड ७७ लाख थियो। दोस्रोमा सूचना तथा सञ्चार क्षेत्र छ। यस क्षेत्रबाट पाँच अर्ब ४० करोड २८ लाखको लाभांश फिर्ता लैजान स्वीकृति दिइएको छ।

७५६ मेगावाटको तमोर जलविद्युत् चिनियाँ कम्पनीबाट खोस्ने तयारी

तीन वर्षसम्म कुनै काम नगरेपछि सोधिएको स्पष्टीकरणको आएन चित्तबुझ्दो जवाफ, लगानी बोर्डले बनायो उच्चस्तरीय समिति

मिलन विश्वकर्मा/नयाँ पत्रिका



सम्झौता गरेको तीन वर्ष बित्दा पनि कुनै काम नगरेपछि सरकारले सात सय ५६ मेगावाटको तमोर जलाशययुक्त विद्युत् आयोजना चिनियाँ कम्पनीबाट खोस्ने तयारी गरेको छ। समझदारीपत्र (एमओयू)मा हस्ताक्षर गरेको तीन वर्ष बितिसक्दा पनि पावर कन्स्ट्रक्सन कर्पोरेसन अफ चाइना लिमिटेड (पावर चाइना)ले कुनै पनि काम गरेको छैन।

बोर्डसँग भएको एमओयूअनुसार कम्पनीले दुई वर्षभित्र आयोजनालाई निर्माणको चरणमा लैजानुपर्ने थियो। साथै, त्यसअघि एमओयूको ४५ दिनभित्र लगानीको योजना पेस गर्नुपर्ने, ६ महिनाभित्र सर्वेक्षण लाइसेन्सको आवेदन दिनुपर्ने थियो। साथै, ६ महिनामा पावर चाइना र एचआइडिसिएलले संयुक्त कम्पनी स्थापना गर्नुपर्ने थियो। तर, तीन वर्ष बितिसक्दासमेत कम्पनीले कुनै पनि काम गरेको छैन। त्यसपछि बोर्डले गत २८ जेठमा पावर चाइनालाई ३० दिनभित्र स्पष्टीकण पठाउन पत्र पठाएको थियो। तर, पावर चाइनाले जवाफ नभएर केही इस्यु उठाएर बोर्डलाई जवाफी पत्र पठाएको थियो। त्यसमा सरकारले सहयोग नगरेको आरोप पावर चाइनाले लगाएको बताएको छ।

तर, पावर चाइनाको जवाफ लगानी बोर्डलाई चित्त बुझेको छैन। 'हामीले कन्डिस्नल (सर्तसहितको) लाइसेन्स दिने भनेका थियौं। तर, पनि पावर चाइनाले काम गरेको देखिएन,' बोर्डका एक अधिकारीले बताए।

पावर चाइनाको जफाफ चित्त नबुझेपछि बोर्डले गत ८ भदौमा तमोर आयोजनाको कार्यान्वयन अघि बढाउने विषयमा उच्चस्तरीय समिति गठन गरेको छ। समितिले आयोजनाको हालसम्मको विकासक्रमको समीक्षा गर्दै परियोजना निर्माणको भावी कार्यदिशासम्बन्धी सुझाव पेस गर्नेछ। सोहीअनुसार यो आयोजनाबारे थप निर्णय हुनेछ। तर, यो औपचारिक प्रक्रिया पूरा गर्न मात्रै गरेको स्रोतको भनाइ छ।

'हामीले सीधै कम्पनीबाट आयोजना खोस्न पाउँदैनौं। त्यसका लागि विभिन्न प्रक्रियाहरू पूरा गर्नुपर्छ। सोहीअनुसार अहिले समिति गठन गरेर अध्ययन गरिरहेका छौं। यो प्रक्रिया पूरा गर्न मात्रै हो,' उनले भने, 'यो आयोजना पावर चाइनाबाट खोसिने सम्भावना उच्च छ। र, अहिले अरुण-३ र तल्लो अरुण बनाइरहेको एसजेभिएनले नै यो आयोजना पाउने सम्भावना बढी छ।'

साथै, उक्त आयोजना काबली र हेवाखोला जलविद्युत् आयोजनाको बाउन्ड्रीमा परेको हुनाले लाइसेन्स पाउन कठिन भएको विषय पनि पावर चाइनाले उठाएको छ। नेपालको प्रचलित कानुनअनुसार दुईभन्दा बढी जलविद्युत् आयोजनाको बाउन्ड्री मिसम्यास हुन पाउँदैन। सोहीअनुसार लाइसेन्स नपाउने सम्भावना देखिएको पावर चाइनाको भनाइ छ।

हाल एसजेभिएनले संखुवासभामा नौ सय मेगावाटको अरुण-३ र ६ सय ६९ मेगावाटको तल्लो अरुण जलविद्युत् बनाइरहेको छ। तमोर आयोजना पनि संखुवासभासहित पाँचथर, ताप्लेजुङ, तेह्रथुम जिल्लामा नै पर्छ। त्यो अवस्थामा एसजेभिएनलाई उक्त आयोजना बनाउन प्राविधिक रूपमा सहज हुने देखिएको बोर्डका एक उच्च अधिकारीले बताए। साथै, एसजेभिएनले पनि उक्त आयोजनाको लाइसेन्स हात पार्न बोर्डमा पहल गरिरहेको छ।

चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणका क्रममा २६ असोज ०७६ मा पावर चाइना र हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल)बीच संयुक्त रूपमा उक्त आयोजना बनाउने समझदारी भएको थियो। त्यसपछि ५ माघ ०७६ (१९ जनवरी २०२०) मा बोर्डले एमओयू गरेको थियो। बोर्डका तत्कालीन प्रमुख कार्यकारी अधिकृत (सिइओ) महाप्रसाद अधिकारी र पावर चाइना युरो एसियाका भाइस प्रेसिडेन्ट पान डेन्युले हस्ताक्षर गरेका थिए।

सरकारले उक्त कम्पनीलाई प्रतिस्पर्धामार्फत नै उक्त आयोजना पावर चाइनालाई दिएको थियो। एचआइडिसिएल र पावर चाइनासहित कतारको नेब्रस पावर र जापानको फुजी इलेक्ट्रिक प्रतिपस्र्धामा थिए। पछिल्लो लगानी सम्मेलनमा बोर्डले यस आयोजनालाई सोकेस गरेको थियो। त्यसमा चीन, भारत, जापान र कतारका गरी पाँच कम्पनीले प्रस्ताव पेस गरेका थिए। तर, प्रतिस्पर्धाबाट छनोट भएको कम्पनीले समेत आयोजनालाई अलपत्र अवस्थामा पारेको छ। त्यसैले यो आयोजना पावर चाइनाबाट खोस्न लागेको स्रोतको भनाइ छ।

बोर्डका प्रवक्ता अमृत लम्सालले पनि आयोजना के-कसरी अघि बढाउने विषयमा अध्ययन गर्न समिति गठन भएको बताए। 'यसबारे अहिले सोही समितिले नै अध्ययन गरिरहेको छ। त्यो समितिको प्रतिवेदन तथा सुझाव कस्तो आउँछ, सोहीअनुसार यसबारे थप निर्णय हुने।

● **अमृत लम्साल**, प्रवक्ता लगानी बोर्ड

पर्यटन क्षेत्रमा नेवानिले भित्र्यायो सबैभन्दा धेरै विदेशी मुद्रा

साढे आठ करोड डलर भित्र्याएर नेवानि पहिलो, साढे ५० लाख डलर भित्र्याएर म्यारिएट होटेल दोस्रो



नवीन अर्याल/नयाँ पत्रिका

देशमा सबैभन्दा धेरै विदेशी मुद्रा भित्र्याउनेमा राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेवानि) पहिलो बनेर सम्मानित भएको छ। नेवानिले एक वर्षमा आठ करोड ४५ लाख १० हजार अमेरिकी डलर भित्र्याएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले राष्ट्रिय पर्यटन दिवसको अवसरमा १ अगस्ट २०२२ देखि ३१ अगस्टसम्म सबैभन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने व्यक्ति तथा संस्थालाई सम्मान गरेको हो। ५० लाख ४१ हजार अमेरिकी डलर भित्र्याई पाँचतारे होटेल म्यारिएट दोस्रो बनेको छ। होटेल तथा रिसोर्टतर्फ म्यारिएट सबैभन्दा धेरै विदेशी मुद्रा भित्र्याउने होटेल बनेर सम्मानित भएको हो। यो होटेल व्यावसायिक घराना एमएस ग्रुपअन्तर्गतको एभरेस्ट हस्पिटालिटी एन्ड होटेल लिमिटेडले सञ्चालन गरेको हो। यही ग्रुपले ठमेलमा तीनतारे फेयरफिल्ड म्यारिएट होटेल पनि सञ्चालनमा ल्याएको छ। कोभिडपछि अन्तर्राष्ट्रिय चेन होटेल र क्यासिनोको व्यापार राम्रो भइरहेको एमएस ग्रुपका प्रबन्ध निर्देशक शशीकान्त अग्रवालले बताए।

पर्वतारोहण र ट्रेकिङतर्फ सेभेन समिट ट्रेक्स प्रालि सबैभन्दा धेरै डलर भित्र्याउने कम्पनी बनेको छ। एक वर्षमा सेभेन समिटले ४३ लाख २२ हजार अमेरिकी डलर भित्र्याई पर्यटन मन्त्रालयबाट सम्मानित भएको हो। सेभेन समिट सर्वोच्च शिखर सगरमाथासहित अन्य हिमाल आरोहणका लागि विदेशबाट सबैभन्दा धेरै आरोही ल्याउने कम्पनी हो। ट्राभल तथा टुर्सतर्फ सीता वर्ल्ड ट्राभल नेपाल प्रालिले ३६ लाख ६१ हजार अमेरिकी डलर भित्र्याएर सम्मानित भएको छ। यस्तै, साहसिक मनोरञ्जनात्मक खेलतर्फ पोखरा अल्ट्रालाइट प्रालिले सबैभन्दा धेरै ४४ हजार तीन सय ८८ डलर आर्जन गरेको छ।

२२ बिघा क्षेत्रफलमा कृषि फार्म र तीन बिघामा रिसोर्ट सञ्चालन गरी स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने, आफ्नै रिसोर्ट परिसरमा उत्पादित माछा, तरकारी, सागपात, कुखुरापालन गरी एग्रो टुरिजमलाई समेत विकास तथा प्रवर्द्धन गरेको भन्दै कपिलवस्तुको लुम्बिनी ग्रिन रिसोर्टलाई पर्यटन मन्त्रालयले सम्मान गरेको छ। संस्कृति संरक्षण, पर्यापर्यटन ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्न योगदान गरेकोमा कावासोती-१५ नवलपरासीको अमलटारी मध्यवर्ती सामुदायिक होमस्टे सम्मानित भएको छ।

पर्वतारोहीतर्फ विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ हिमाल ९२ दिनमा आरोहण गरी कीर्तिमान कायम गर्न सफल नर्वेजियन क्रिस्टिन हरिला र नेपाली लामा तेन्जन शेर्पा सम्मानित भएका छन्।

सगरमाथाबाट पाराग्लाइडिङ गर्ने तयारी



काठमाडौं/ साहसिक पर्यटक आकर्षण गर्न सर्वोच्च शिखर सगरमाथाको आठ हजार मिटरमाथिबाट पाराग्लाइडिङ सुरु गरिने पर्यटनमन्त्री सुदन किराँतीले बताएका छन्। विश्व पर्यटन दिवसको अवसरमा आयोजित एक कार्यक्रममा बोल्दै उनले पाराग्लाइडिङ गराउन नियमावलीको काम अन्तिम चरणमा पुगेको बताए। 'हामीले पर्यटन प्रवर्द्धन गर्नुपर्छ भन्छौं, तर यसका लागि कस्तो नीति बनाएका छौं भन्नेतिर ध्यान दिन सकेका छैनौं,' मन्त्री किराँतीले भने, 'हामीले पर्यटक आकर्षण गर्न विभिन्न योजना बनाइरहेका छौं, आठ हजार मिटरमाथिबाट पाराग्लाइडिङ गराउन नियमावली अन्तिम चरणमा छ। अब क्याबिनेटबाट पारित हुनेबित्तिकै लागू हुन्छ।'

सरकारले छिट्टै जहाज किन्ने निर्णय गर्न लागेको पनि मन्त्री किराँतीले जानकारी दिए। 'हामी जहाज किन्ने निर्णय गर्दै छौं, सस्तोदरमा मानिसले आवतजावत गर्न सकेको अवस्थामा पनि हाम्रो पर्यटनमा ठूलो योगदान गर्नेछ,' उनले भने। सरकार बदलिरहने प्रवृत्तिले दीर्घकालीन योजनाका काम नहुँदा समस्या भएको उनको भनाइ थियो।

अन्तर्क्रिया कार्यक्रममा राज्यव्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले भने, 'हामीले जहाज ल्याउन सकेका छैनौं, चीन र भारतबाट मात्रै पर्यटक ल्याउन सक्यौं भने पनि हामी पर्यटन विकासलाई सार्थक बनाउन सक्छौं।' कार्यक्रम आयोजक संस्था 'साथसाथै'का अध्यक्ष प्रजिता कार्कीले जलवायु परिवर्तनको सबैभन्दा विनाशकारी असर पर्यटन व्यवसायमा परेको बताइन्। उनले भनिन् 'एकातिर पर्यटन क्षेत्रमा थुप्रै पूर्वाधार निर्माण गर्नुछ भने अर्कोतिर भएका पूर्वाधार जोगाउने चुनौती छ अनि अबका पूर्वाधार जलवायु परिवर्तनमैत्री बनाउनु छ।'

कोहलपुर-नेपालगन्ज १३२ केभी प्रसारण तथा सबस्टेसन शिलान्यास

बाँके/ कोहलपुर-नेपालगन्ज १३२ केभी प्रसारणलाइन तथा १३२/३३ केभी न्यु नेपालगन्ज सबस्टेसनको ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्ने तले शिलान्यास गरेका छन्। दुई वर्षभित्र पूर्ण विद्युतीकरण गर्ने सरकारको लक्ष्यअनुसार प्रसारणलाइन तथा सबस्टेसन शिलान्यास गरिएको मन्त्री बस्नेतले बताए। कार्यक्रममा कोहलपुर-नेपालगन्ज १३२ केभी प्रसारणलाइन आयोजना प्रमुख रञ्जनराज गुरुङले पावर चाइना सेप्को-१ इलेक्ट्रिक पावर कन्ट्रक्सन कम्पनी लिमिटेडलाई ठेक्का दिइएको बताए। उनले आयोजना सम्पन्न भए नेपालगन्ज र आसपास क्षेत्रमा विद्युत् समस्या समाधान हुने बताए।

नेपाल विद्युत् प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सांसदहरू रत्न खत्रीले आयोजना समयमै सम्पन्न गराउन निर्माणका लागि खबरदारी गर्न आग्रह गरे। उनले आयोजनाले बाँकेको मुहार फेर्न मद्दत पुग्ने बताए।

प्रदेश सांसद बादशाह कुर्मीले आयोजना आउने ठूलो कुरा नभई सम्पन्न गराउने ठूलो कुरा भएको बताए। उनले आयोजना बाँकेको मात्र नभई सिंगो पश्चिम नेपालको गौरवको आयोजना भएको बताए। जानकी गाउँपालिका- ५ बकसपुरमा निर्माण हुने प्रसारण लाइन तथा सबस्टेसनका लागि चार बिघा सात कट्ठा आठ धुर जग्गा लिइएको छ। उक्त आयोजनाका लागि दुई अर्ब बजेट लाग्ने अनुमान गरिएको छ।

सुन आयातको सीमा बढ्यो

काठमाडौं/ नेपाल राष्ट्र बैंकले दैनिक सुन आयात गर्न पाउने परिमाणको सीमा बढाएको छ। दैनिक १० किलो मात्रै सुन आयात गर्न दिइरहेको केन्द्रीय बैंकले अब २० किलोसम्म सुन ल्याउन दिने भएको हो। बैंकले बुधबार परिपत्र जारी गर्दै यस्तो निर्णय कार्यान्वयनमा ल्याएको हो।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले सुन आयातको सीमा बढाउने निर्णयसहित केन्द्रीय बैंकलाई पत्राचार गरेको थियो। सोहीअनुसार केन्द्रीय बैंकले सुन आयातको सीमा बढाएको हो। तर, बजारमा माग कमजोर भएको समयमा सुन आयातको सीमा बढाउनुको औचित्य नभएको सुन व्यवसायीको भनाइ छ। दसैंतिहार सुनको माग बढ्ने प्रमुख सिजन भए पनि यसपाली सुन बजार सुनसान रहेको व्यवसायीको गुनासो छ।

आधारभूत आवश्यकता पूर्ति भएपछि मानिसको चासो सुन र घरजग्गामा लगानी गर्न चाहना हुन्छ। तर, अहिले अरू व्यवसायमा नै मन्दी चलिरहेको समयमा सुनको माग बढ्न नसक्ने नेपाल सुनचाँदी व्यवसायी महासंघका पूर्वअध्यक्ष तेजरत्न शाक्यले बताए। उनले भने, 'बजारमा मौज्दात सुन नै बिक्ने अवस्था छैन। अहिलेको समयमा सुन आयातको सीमा बढाउनुपर्ने आवश्यकता थिएन। तर, यति भएपछि बजारमा सुनको माग बढिहाल्यो भने पनि अभाव हुने अवस्था रहँदैन।'

सामान्य अवस्थामा दसैं-तिहारमा सुनको दैनिक माग ४० किलोसम्म हुने गरेको उनको अनुभव छ। जसलाई धान्न सरकारले दिएको सीमा पर्याप्त नहुने अवस्था थियो। तर, अहिले त्यहीं १० किलोको कोटामा पनि सुनको माग बढ्न नसकेको उनले बताए।

सरकारले विगतमा विदेशी मुद्रा सञ्चिति खिइँदै गइरहेको समयमा सुन आयातमा कडाइ गर्दै दैनिक १० किलोको सीमा लगाएको थियो। अहिले विदेशी विनिमय सञ्चिति पर्याप्त रहेकाले सीमा बढाएको केन्द्रीय बैंकको भनाइ छ। दसैंका लागि बजारमा माग बढ्ने समयको एक साता बितिसकेको र दुई साता बाँकी रहेको शाक्यको भनाइ छ।

तोलाको लाख नाघेपछि माग घट्यो

सुनको मूल्यमा प्रतितोला एक लाख नाघेपछि नेपाली उपभोक्ताले सुन खरिदमा रुचि देखाउन छोडेको व्यवसायी शाक्यले बताए। महासंघका अनुसार हाल सुन प्रतितोला एक लाख ११ हजार रुपैयाँमा कारोबार भइरहेको छ। असोज लागेयता सुनको मूल्यमा एक हजार पाँच सय रुपैयाँले गिरावट आए पनि मूल्य एक लाखभन्दा माथि नै छ। गत साल पुस लागेपछि सुनको भाउ एक लाख रुपैयाँ नाघेको थियो। त्यसयता सुनको मूल्य यो सीमाभन्दा तल गएको छैन।

सुन आयातमा परिमाणात्मक सीमा बढाए पनि सुनको आयातका केही प्रावधान भने कसिएको छ। एउटा महिनामा सुन आयात नभएको साटोमा अर्को महिनामा सुन आयात गर्न नपाइने भएको छ। जस्तै, असोजमा कुनै दिन सुन आयात नभएमा सोही परिमाणभित्र रहेर अर्को महिना कात्तिकमा सुन आयात गर्न नपाइने उल्लेख छ। भन्सार विभागका अनुसार चालू आर्थिक वर्षको दुई महिनामा पाँच सय किलो सुन आयात भएको छ। जसबापत देशबाट चार अर्ब १२ करोड रुपैयाँभन्दा बढी विदेशी मुद्रा बाहिरिएको छ।

मल कारखानाको विस्तृत सम्भाव्यता अध्ययन गर्न मलेसियन कम्पनीसँग सम्झौता, दुई वर्षभित्र प्रतिवेदन पेस गर्नुपर्ने

तनहुँको आबुखैरेनीमा स्थापना हुने मल कारखानाको अनुमानित लागत २६० मिलियन अमेरिकी डलर

नयाँ पत्रिका



नेपालमा ग्रिन क्यालसियम एमोनियम नाइट्रेट मल कारखाना स्थापनाको विस्तृत सम्भाव्यता अध्ययन मलेसियन कम्पनीले गर्ने भएको छ। बुधबार लगानी बोर्ड नेपालका कार्यकारी अधिकृत सुशील भट्ट र मलेसियाको रेनिकोला एसडिएन बिएचडीका प्रबन्ध निर्देशक बौमहिदी अब्देलालीले हस्ताक्षर गरेका छन्। समझदारीपत्रअनुसार रेनिकोला एडिएन बिएचडीले अनुमतिपत्र पाएको २४ महिनाभित्र डिटेल फिजिबिलिटी स्टडी रिपोर्ट पेस गर्नुपर्नेछ।

निवर्तमान अर्थमन्त्री जनार्दन शर्माले गत आर्थिक वर्ष ०७९/८० को बजेटमार्फत ग्रिन हाइड्रोजन र ग्रिन एमोनियम प्रविधि प्रयोग गरेर रासायनिक मल उत्पादनका लागि कारखाना स्थापना गर्ने घोषणा गरेका थिए। बजेटको बुँदा नम्बर ३६ मा भनिएको छ- 'ग्रिन हाइड्रोजन र ग्रिन एमोनिया प्रविधि प्रयोग गरी रासायनिक मल कारखाना स्थापना गर्न लगानी बोर्ड नेपालमार्फत कार्य अगाडि बढाइनेछ।'

सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को व्यवस्थाअनुसार रेनिकोलाले वातावरणमैत्री प्रविधिमा आधारित भएर मल उत्पादन गर्न २४ पुस ०७९ मा पेस गरेको प्रस्तावका आधारमा लगानी बोर्डको ३० चैत ०७९ को बैठकले अध्ययन अनुमतिपत्र दिने निर्णय गरेको थियो। प्रस्तावकसँग गरिने समझदारीपत्र (एमओयू)को मस्यौदा ८ भदौ ०८० मा सम्पन्न बोर्डको ५५औं बैठकबाट स्वीकृत भएको थियो।

तनहुँको आबुखैरेनीमा स्थापना गर्ने प्रस्ताव गरिएको परियोजनाले इलेक्ट्रोलिसिस प्रविधि प्रयोग गरी ग्रिन एमोनिया र ग्रिन क्यालसियम एमोनियम नाइट्रेट मल तयार पार्ने आवधारणा बनाएको छ। आबुखैरेनीमा स्थापना हुने मल कारखानाको अनुमानित लागत २६० मिलियन अमेरिकी डलर रहेको लगानी बोर्डले जनाएको छ। यस कारखानाबाट वार्षिक ९५ हजार ६ सय मेट्रिकटन ग्रिन एमोनिया र दुई लाख ८६ हजार नौ सय ७५ मेट्रिकटन ग्रिन क्यालसियम एमोनियम नाइट्रेट मल उत्पादन गरिने प्रस्तावमा उल्लेख छ।

समझदारीपत्रमा हस्ताक्षर गर्दै लगानी बोर्डका सिइओ भट्टले नेपालमा हरित अवधारणामा मल उत्पादन गर्ने उद्देश्य राखेको यस परियोजनाले नेपालको विद्युत्लगायत आन्तरिक स्रोतको परिचालन गरी हरित अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे। विश्वसनीय अध्ययनले जोखिम न्यूनीकरणसहित परियोजनाको कार्यान्वयन र दिगो रूपमा सञ्चालन गर्ने मार्गचित्र प्रदान गर्ने बताउँदै उनले तोकिएको समयभित्र सम्भाव्यता अध्ययनसहितको प्रतिवेदन पेस गर्न प्रस्तावक मलेसियन कम्पनीलाई आग्रह गरे।

नेसनल लाइफको सम्मान कार्यक्रम

काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्ना अभिकर्ताहरूका चेयर पर्सन क्लब, तालिम तथा सम्मान कार्यक्रम गरेको छ। कम्पनीले काठमाडौंमा तीनदिने कार्यक्रम गरेको हो।

कार्यक्रममा आव ०७९/८० मा तोकिएको लक्ष्य पूरा गर्न सफल चार सय ५० भन्दा बढी अभिकर्तालाई चेयरपर्सन क्लबको सदस्यता वितरण तथा सम्मान प्रदान गरेको जनाइएको छ। साथै, नेपालभरिबाट आफ्नो कोड र सञ्जालको व्यवसायमा सर्वोत्कृष्ट व्यवसाय गरी प्रथम, द्वितीय र तृतीय हुने अभिकर्ता, समूहगत व्यवसायबाट प्रथम हुने र आफ्नो तथा सञ्जालमा अलग-अलग उत्कृष्ट काम गर्ने सातजना लिडर अभिकर्तालाई सम्मानपत्र तथा नगद पुरस्कारबाट सम्मानित गरिएको कम्पनीले जनाएको छ। समारोहमा सातवटै प्रदेशबाट आफ्नो कोडको व्यवसाय र सञ्जालको व्यवसायबाट अलग-अलग प्रथम, द्वितीय, तृतीय हुने लिडर अभिकर्तालाई पनि सम्मानित गरिएको उल्लेख छ।

समारोहमा कम्पनीकी अध्यक्ष प्रेमा राज्यलक्ष्मी सिंहले नेपालको जीवन बिमा क्षेत्रमा कम्पनीले आफ्नो अलगै पहिचान बनाई एक प्रमुख जीवन बिमा



कम्पनीको रूपमा आफूलाई स्थापित गरेको बताइन्। उनले कम्पनीले आउने दिनमा आफ्नो प्रतिस्पर्धात्मक धारलाई कायम राखी सबै सरोकारवालालाई उचित प्रतिफल उपलब्ध गराउन प्रयासरत रहेको र यी सबै अभिकर्ताहरूको योगदानबाट मात्र सम्भव हुने भएकाले कम्पनीलाई अग्रस्थानमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्ने अभिकर्ता समूहको वृत्ति विकासलाई उच्च प्राथमिकतामा राख्ने प्रतिबद्धता प्रकट गरेकी थिइन्।

प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले अभिकर्ताहरू कम्पनीका मेरुदण्ड रहेको र उनीहरूको परिश्रम तथा मिहिनेतका कारण नै कम्पनी सधैं अब्बल रहने भएकाले अभिकर्ता सञ्जाललाई अझ व्यावसायिक बनाउन थप लगानी गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

पोखरामा मनाइयो विश्व पर्यटन दिवस

कास्कीमा **रोहितराज पराजुली**

पोखरामा विश्व पर्यटन दिवस विभिन्न कार्यक्रम गरी बुधबार मनाइएको छ। पोखरेली पर्यटन व्यवसायीहरूको छाता संस्था पोखरा पर्यटन परिषद्को आयोजना तथा उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश, पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा विविध कार्यक्रमसहित पोखरामा ४४औं विश्व पर्यटन दिवस मनाइएको हो।

दिवसको अवसर पारेर पोखरामा मिनी सडक महोत्सव, पर्यटकको स्वागत, वृक्षरोपण, रक्तदानलगायतका कार्यक्रम गरिएको थियो। रेवान पोखराले लेकसाइड क्षेत्रको बाराही चोकदेखि खहरे चोकसम्म मिनी सडक महोत्सवको आयोजना गरेको हो। सडकमै खाऊ, सडकमै रमाऊ भन्ने उद्देश्यका साथ आयोजना गरिएको महोत्सवमा त्यस क्षेत्रमा सञ्चालित होटेल तथा रेस्टुरेन्टहरूले आफ्ना भान्छा सडकमै राखेर सडकबाटै पर्यटकलाई सेवा दिएका थिए। महोत्सवमा सडकमै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खानाको परिकार, नेपालका विभिन्न जातीय तथा धार्मिक संस्कृति झल्किने सांस्कृतिक कार्यक्रम, साहसिक खेलकुद तथा पर्यटकीय आकर्षण वृत्तचित्रको प्रदर्शनी, घरेलु एवं हस्तकलाका सामग्री, लाइभ ब्यान्ड, पञ्चेबाजा, गन्दर्भ गायनलगायतका गरी सडकमै



मनोरञ्जनात्मक कार्यक्रमको प्रस्तुति रहेको थियो। दिवसको अवसरमा भारतीय टुर अपरेटर र भारतीय मिडियाकर्मीसमेत पोखरा आएका छन्। कार्यक्रममा सहभागी हुन नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवसमेत पोखरा आएका थिए।

हवाई र सडकमार्गबाट पोखरा आएका पर्यटकलाई पञ्चेबाजासहित फूलमाला र उपहार दिएर स्वागत गरिएको थियो। पोखरास्थित पर्यटकीय संघ-संस्थाले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तथा पोखरा पर्यटन बसपार्कमा आएका पहिलो पर्यटकलाई स्वागत सम्मान गरेका थिए। कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्दराज पाण्डेले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानका लागि आवश्यक सहयोग गर्न भारतीय राजदूतलाई घुमाउरो पारामा आग्रह गरेका थिए। उनले नेपाल र भारतलाई हवाईसँगै सडकमार्गबाट सहज ढंगले जोड्न आवश्यक रहेकोमा जोड दिए। कोरला र त्रिवेणी नाका सञ्चालन गर्न सके प्रदेशको मात्र होइन, समग्र देशमा आर्थिक क्षेत्र चलायमान हुने भएकाले यसका लागि सबैले आ-आफ्नो क्षेत्रबाट पहल गर्न आवश्यक रहेको उनको भनाइ थियो।

कार्यक्रमका विशेष अतिथि भारतीय राजदूत नवीन श्रीवास्तवले दुई देशको सांस्कृतिक सम्बन्धबाट पर्यटकको संख्या बढाउन सक्ने, भातृत्वको सम्बन्धसमेत बढ्दै जाने बताए। नेपाल आउने भारतीय पर्यटकको संख्या बढाउनका लागि आफ्नोतर्फबाट आवश्यक पहल र सहयोग गर्ने उनले प्रतिबद्धता व्यक्त गरे।

जाउलाखेलमा जुत्ताचप्पल व्यापार मेला

काठमाडौं/ ललितपुरको जाउलाखेल मैदानमा बडादसैं जुत्ताचप्पल मेला सुरु भएको छ। तिन कात्तिकसम्म चल्ने मेला वडादसैं पर्वलक्षित भएकाले नयाँनयाँ डिजाइनका जुत्ताचप्पल आकर्षक मूल्यमा उपलब्ध गराउने उद्देश्यसहित मेला आयोजना गरिएको हो।

मेलामा नेपालका जुत्ताचप्पल ब्रान्डहरू रोयल सुज, बिएफ डियर हिल, बिएफ स्पोर्ट, क्रसरोड सुज, फर्स्टवाक सुज, सिल, हाईलाइफ, केटिएम, डिजे सुज, बेली सुज, उत्सव र कोसेली सुज गरी ११ कम्पनी र ब्रान्डको सहभागिता रहेको छ। मेलामा तीन हजारभन्दा बढी मोडेल र डिजाइनका जुत्ता उपलब्ध रहेको आयोजकले जनाएका छन्। नेपाली र गुणस्तरीय नेपाली उत्पादन मात्र रहेको मेलामा नयाँ उत्पादन पनि लन्च गरिएको जनाइएको छ। मेला अवधिभर न्यूनतम २० प्रतिशतदेखि कतिपय उत्पादनमा ५० प्रतिशतसम्म छुटको व्यवस्था मिलाइएको आयोजकको भनाइ छ। मेला अवधिभरमा तीन लाख अवलोकनकर्तालाई अवलोकन गराउने लक्ष्य राखिएकाले आयोजकले निःशुल्क प्रवेशको व्यवस्था गरेका छन्।

'फर्नेक्स २०२३' सुरु, एकै छानामुनि सयौं उत्पादन



काठमाडौं/ फर्निचर तथा फर्निसिङजन्य उत्पादनको बृहत् मेला फर्नेक्स २०२३ सुरु भएको छ। काठमाडौंको भृकुटीमण्डपमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले नवौं संस्करणको एक्स्पोको उद्घाटन गरेका हुन्।

एक्स्पोको उद्घाटनपछि उद्योगमन्त्री रिजालले देश फर्निचरजन्य उत्पादनमा आत्मनिर्भर हुँदै गए पनि पर्याप्त नभएको बताए। आयात देशका लागि सुखद विषय नभएको भन्दै उनले फर्निचरजन्य उत्पादनमा देशलाई आत्मनिर्भर बनाउनका लागि विद्यमान कानुनी व्यवस्था संशोधनका लागि सरकारले पहलकदमी लिने उनले आश्वासन दिए।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले स्वदेशमा बर्सेनि अर्बौंको काठ कुहिएर गइरहेको र फर्निचर तथा फर्निसिङका उत्पादन बनाउन विदेशी काठ आयात गर्नुपर्ने अवस्थालाई सुधार गर्न सरकारको ध्यानाकर्षण गराए। उद्योग व्यवसाय बन्द हुने अवस्थामा पुग्दा सरकार मुकदर्शक भएर बस्न नहुने उनको भनाइ थियो। नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष कमलेशकुमार अग्रवालले बैंक वित्तीय संस्थाले आफूखुसी तर्जुमा गर्ने नीति-नियमका कारण उद्योग व्यवसाय धराप्मा परेको भन्दै सरकार र नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण गराए।

नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघका अध्यक्ष सुजिल श्रेष्ठले फर्निचर व्यवसायीलाई स्वदेशी काठ खरिदका लागि लिलामीमा सहभागी हुन नपाउने व्यवस्था अव्यावहारिक भएको भन्दै विभेदकारी नीतिको अन्त्य गर्न माग गरे। बैंकको मोनोपोली, उद्योग सञ्चालन गर्ने स्थानको अभाव, तयारी वस्तुमा भन्दा कच्चा पदार्थमा लगाइएको अधिक भन्सारले उद्योग सञ्चालन गर्न असहज भएको उनको भनाइ थियो।

एक्स्पोको आयोजक संस्था नेपाल फर्निचर तथा फर्निसिङ संघका अध्यक्ष दिनेशकुमार अग्रवालले अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको फर्निचर तथा फर्निसिङ उद्योग र व्यवसायलाई सरकारले संरक्षण गर्न नसकेको बताएका थिए। नेपाल फर्निचर तथा फर्निसिङ संघ (एनएफएफए)को आयोजनामा 'के हामी आत्मनिर्भर छौं' ? भन्ने थिममा सुरु भएको एक्स्पो पाँच दिनसम्म चल्नेछ।

मंगलदीप अगरबत्तीको ब्रान्ड एम्बेस्डरमा सिवाकोटी

काठमाडौं/ सूर्य नेपाल प्रालिको उत्पादन मंगलदीप पूजा अगरबत्तीले नेपाली चलचित्र उद्योगकी अभिनेत्री वर्षा सिवाकोटीलाई आफ्नो ब्रान्ड एम्बेस्डरमा नियुक्त गरेको छ।

आफ्ना उत्पादनलाई सशक्त रूपमा ग्राहकमाझ पुऱ्याउन तथा आफ्नो उत्पादनको प्रवर्द्धन गर्न सिवाकोटीसँगको सहकार्य सफल हुने कम्पनीले विश्वास व्यक्त गरेको छ। नेपाली सिने जगत्मा विभिन्न चलचित्रमा आफ्नो अभिनय देखाएकी वर्षा सिवाकोटीको साथमा कम्पनीले विभिन्न प्रचारमुखी योजना गर्ने अभिप्रायको साथ मंगलदीप सयपत्रीको नयाँ टेलिभिजन विज्ञापन पनि सार्वजनिक गरेको जनाएको छ।

कम्पनीले मंगलदीप पूजा अगरबत्ती ग्राहकको आवश्यकतालाई आत्मसात् गरी विभिन्न सुगन्ध तथा प्याक साइजमा उपलब्ध रहेको जनाएको छ। यसअन्तर्गत चम्पा, अर्पण, चन्दन ल्यावेन्डर, ज्यासमिन, पुष्पाञ्जली, त्रेया, त्रिसारा, इन्द्रेणी, सयपत्रीलगायतका उत्पादन बजारमा उपलब्ध छ।

सनराइज क्यापिटलको ३० प्रतिशत लाभांश पारित

काठमाडौं/ लक्ष्मी सनराइज बैंकको पूर्ण स्वामित्वमा रहेको सनराइज क्यापिटल लिमिटेडले आव ०७९/८० को नाफाबाट ३० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित भएको छ। क्यापिटलको १३औं वार्षिक साधारणसभाले लाभांश वितरणको प्रस्ताव पारित गरेको हो।

क्यापिटलले विगत ६ वर्षमा एक सय ५० प्रतिशत नगद लाभांश वितरण गर्न सफल भएको जनाएको छ। साधारणसभामा आव ०७९/८० को वार्षिक प्रतिवेदन, सोही अवधिको आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण पनि पारित भएको जनाइएको छ।

कम्पनीले वर्तमान आफ्नो इन्भेस्टमेन्ट बैंकिङअन्तर्गत सेवा विस्तार लाई बलियो र गुणस्तर बनाउँदै हालसम्म तीन अर्ब ११ करोड रुपै याँबराबरको तीनवटा म्युचुअल फन्ड सञ्चालन गर्दै आइरहेको जनाएको छ। जसमध्ये सनराइज फर्स्ट म्युचुअलले आफ्नो चौथौ सञ्चालन वर्षसम्ममा ८५ प्रतिशत नगद लाभांश लगानीकर्तालाई वितरण गरिसकेको जनाएको छ। त्यस्तै, पोर्टफोलियो व्यवस्थापन सेवाअन्तर्गत दुई सयभन्दा बढी ग्राहकको ५० करोड रुपैयाँभन्दा बढीको पोर्टफोलियो व्यवस्थापन गर्दै आएको जनाइएको छ।

गरिमाका ग्राहकलाई विदेशबाट पनि मोबाइल बैंकिङ लिने सुविधा

काठमाडौं/ गरिमा विकास बैंकले आफ्ना विदेशमा रहेका ग्राहकको पहुँच हुने गरी मोबाइल बैकिङ सेवालाई स्तरोन्नति गरेको छ। विदेशमा रहेका नेपालीले नेपालको आफ्नो बैंक खातामा कारोबार विवरण हेर्न एवं ससाना कारोबार गर्नसमेत असहज परिस्थिति रहेको अवस्थालाई ध्यानमा राख्दै बैंकले सेवालाई स्तरोन्नति गरेको हो।

विदेशमा बसी गरिमा विकास बैंकमार्फत मोबाइल बैकिङ सेवा लिन चाहने ग्राहकले बैंकले तोकेबमोजिमका कागजात पूरा गरी यो सेवा लिन सक्ने व्यवस्था गरेको जनाएको छ। साथै, यो सुविधा लिने ग्राहकले गरिमा डिजी बटुवाकै युजरनेम र पासवर्ड प्रयोग गरी वेब बैकिङ पनि सजिलै चलाउन सक्ने जनाइएको छ।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०६/११ गते

यस माछापुच्छ्रे बैंक लि. पुल्चोक शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटर तथा जमानी दिनेको नाम समेत कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न/गराउनुहुन विशेष अनुरोध गरिएको छ।

तपसिल

ऋणीको नाम, ठेगाना	
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, पुल्चोकमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम दर्ता कायम भएको **डा. साथी हेल्थकेयर प्रा.लि.**। दर्ता नं. १९७०७४/०७५/०७६, दर्ता मिति : २०७५/०५/०८, पान नं. ६०६६१५४४६, दर्ता मिति : २०७५/०५/२० ठेगाना : ललितपुर जिल्ला, पुल्चोक वडा नं. ३ **शेयरधनी : सन्तोष बर्तौला**	
व्यक्तिगत जमानतकर्ताहरु	
१. सन्तोष बर्तौला ना.प्र.नं. ५४/३५८५८, जि.प्र.का. मकवानपुर जारी मिति : २०६३/०३/०९ बाबु : केदार नाथ बर्तौला, बाजे : रमालाल बर्तौला ठेगाना : मकवानपुर जिल्ला, दामन न.पा. वडा नं. २ हाल : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ९	**२. लक्ष्मी थपलिया** ना.प्र.नं. २५१०५८/५०, जि.प्र.का. नुवाकोट जारी मिति : २०६५/०३/२३ बाबु : भैरव बहादुर थपलिया पति : सन्तोष बर्तौला, ससुरा : केदार नाथ बर्तौला ठेगाना : नुवाकोट जिल्ला, थानापति गा.वि.स. वडा नं. ६
धितोमा रहेको सम्पतिको विवरण	
१. रमालाल बर्तौलाको नाती, केदार नाथ बर्तौलाको छोरा, मकवानपुर जिल्ला, दामन न.पा. २ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ९ बस्ने सन्तोष बर्तौलाको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, सुनाकोठी गा.वि.स. वडा नं. ९ क स्थित कि.नं. २७० को क्षेत्रफल ०-९-२-० रोपनीको घर/जग्गा आदि सम्पूर्ण लिगलगापत समेत। २. रमालाल बर्तौलाको नाती, केदार नाथ बर्तौलाको छोरा, मकवानपुर जिल्ला, दामन न.पा. २ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ९ बस्ने सन्तोष बर्तौलाको नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता कायम भएको झापा जिल्ला, तोपगाछी न.पा. वडा नं. ६ स्थित कि.नं. ३८५७ को क्षेत्रफल ०-२-०-० (वि.क.धु.).को घर/जग्गा आदि सम्पूर्ण लिगलगापत समेत। ३. डा. साथी हेल्थकेयर प्रा.लि. ले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।	

माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

शाखा कार्यालय, पुल्चोक

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जीतपरु, कपिलवस्तुको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०६/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंम कदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकममात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

संयुक्त ऋणीको विवरण	
१. मोतीराज उपाध्यायको नाति, गोविन्द प्रसाद सापकोटाको छोरा, कपिलवस्तु जिल्ला, साविक गजेहडा गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं. ३, गंगौलिया बस्ने **शसिन्द्र सापकोटा** (ना.प्र.नं.३८१००२/२५८९, जारी मिति २०६४/११/२०, जि.प्र.का. कपिलवस्तु)।	२. मोतीराज उपाध्यायको बुहारी, गोविन्द प्रसाद सापकोटाको पत्नी, कपिलवस्तु जिल्ला, साविक गजेहडा गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं. ३, गंगौलिया बस्ने **हिरा कुमारी सापकोटा** (ना.प्र.नं. २४३, जारी मिति २०४६/०२/१५, जि.प्र.का. कपिलवस्तु)।
व्यक्तिगत जमानतकर्ताको विवरण	
१. मोतीराज उपाध्यायको नाति, गोविन्द प्रसाद सापकोटाको छोरा, कपिलवस्तु जिल्ला, साविक गजेहडा गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं. ३, गंगौलिया बस्ने **दिपेन्द्र सापकोटा** (ना.प्र.नं. ३८१००२/३५५७२, जारी मिति २०७०/०३/३१, जि.प्र.का. कपिलवस्तु)।	२. मोतीराज उपाध्यायको नाति, गोविन्द प्रसाद सापकोटाको छोरा, कपिलवस्तु जिल्ला, साविक गजेहडा गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं. ३, गंगौलिया बस्ने **रवि सापकोटा** (ना.प्र.नं. ३५५७६, जारी मिति २०५८/०४/०९, जि.प्र.का. कपिलवस्तु)।
३. गोविन्द प्रसाद सापकोटाको बुहारी, रवि सापकोटाको पत्नी, रुपन्देही जिल्ला, साविक रुद्रपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा वडा नं. ३, गंगौलिया बस्ने **सुनिता ढकाल** (ना.प्र.नं. ३७२०३७/४९७२८ जारी मिति २०६५/०७/०६, जि.प्र.का. रुपन्देही)।	
धितोको विवरण	
मोतीराज उपाध्यायको बुहारी, गोविन्द प्रसाद सापकोटाको पत्नी, कपिलवस्तु जिल्ला, साविक गजेहडा गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं. ३, गंगौलिया बस्ने हिरा कुमारी सापकोटा (ना.प्र.नं. २४३, जारी मिति २०४६/०२/१५, जि.प्र.का. कपिलवस्तु) को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कपिलवस्तु जिल्ला, साविक गजेहडा गा.वि.स. वडा नं. ३ क हाल पिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं. ३, गजेहडा स्थित कित्ता नं. ४६५ र ५७४ को क्षेत्रफल क्रमशः ०-१०-०-० र ०-०-१७-० (विगाह) बमोजिमको जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।	

Siddhartha Bank

शाखा कार्यालय : जीतपरु, कपिलवस्तु

फोन नं. ०७६-५५०४२५

Website : www.siddharthabank.com

सनराईज होम्स वेलफेयर सोसाईटीको १८ औं बार्षिक साधारण-सभा बस्ने सम्बन्धि सूचना

यस सोसाईटीको मिति २०८० भाद्र १६ गते शनिवार बसेको कार्यसमितिको बैठकले सोसाईटीको १८ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गर्न बस्ने निर्णय गरेकोले सोसाईटीको बिधानको दफा ११(३) बमोजिम सम्बन्धित सबै सदस्य महानुभावहरुको उपस्थितिको लागि अनुरोध गरिन्छ।

साधारण सभा हुने मिति, समय र स्थान :

मिति : २०८० साल असोज २८ गते आइतवार (15th October 2023)

स्थान : सनराईज होम्स प्राङ्गण, बालकुमारी ललितपुर।

समय : बिहान १० :३० बजे देखि

छलफलका विषयहरु :

१. कार्य समितिको तर्फबाट अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत र सो उपर छलफल गरी पारित गर्ने।
२. कोषाध्यक्षज्यूबाट सोसाईटीको आ.व.२०७९/०८० को लेखापरीक्षण सहितको प्रतिवेदन प्रस्तुत र सो उपर छलफल गरि पारित गर्ने।
३. आ.व.२०८०/०८१ को लेखा परिक्षण गर्न लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने।
४. संस्थाको बिधानमा संशोधन गर्ने।
५. कार्यसमितिको निर्वाचन गर्ने।
६. विविध।

Sunrise Homes Welfare Society BALKUMARI, LALITPUR

सचिव

सनराईज होम्स वेलफेयर सोसाईटी

बालकुमारी, ललितपुर।

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

कान्ति बाल अस्पताल

महाराजगञ्ज, काठमाडौं

वोलपत्र स्वीकृत गर्ने आशय को सूचना।

सूचना प्रकाशित मिति २०८०/०६/११

यस अस्पतालबाट प्रकाशित सूचना अनुसार तपशिलमा उल्लेखित वोलपत्रदाताको प्रस्ताव न्युन मुल्यांकित र सारभुतरुपमा प्रभावग्राहि देखिइ स्वीकृतीका लागि छनौट तथा सिफारिस गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

तपशिल

सि. नं.	कामको विवरण	ठेक्का नम्बर	छनौट भएको बोलपत्रदाताको नाम	कैफियत
१	सेक्युरीटी गार्ड आपूर्ति	KCH/ NCB/02	Guna surakshya guard supply sewa pvt ltd	
२	सरसफाइ कर्मी आपूर्ति	KCH/ NCB/03	Shrestha sarsafai sewa sagarmatha multi service JV	

निर्देशक

कुमारी बैंक लिमिटेड शाखा कार्यालय वीरगंज, पर्साको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०६/११ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सि.सि बैंक लि.) शाखा कार्यालय वीरगंज, पर्साबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

साझेदारी फर्म एन २०२०, बमोजीम नेपाल सरकार उद्योग मन्त्रालय, उद्योग कार्यालयमा मिति २०४१/०२/३० मा दर्ता नं. १०१७ कायम भई बारा जिल्ला चैनपुर गा.वि.स/न.पा. वडा नं. ३ स्थित रजिष्टर कार्यालय रहेको **नारायणी लेदर म्यानुफ्याक्चरिङ्ग

एउटै खेलमा...

पृष्ठ १ बाट क्रमशः

१३.१ ओभरमा ४१ रनमै समेटियो । नेपालले एसियाडको नवप्रवेशी टोलीमाथि दुई सय ७८ रनको फराकिलो जित दर्ता गऱ्यो । अन्तर्राष्ट्रिय टी-२०मा यो जित अन्तर अहिलेसम्मकै कीर्तिमानी हो । यसअघि ३० अगस्ट २०१९ मा चेक रिपब्लिकले टर्कीलाई दुई सय ५७ रनको अन्तरले हराएको थियो ।

नेपालले मंगोलियाविरुद्ध बनाएको तीन सय १४ रनको योगफल पनि टी-२० फर्म्याटमा विपक्षी टोलीविरुद्ध बनेको अहिलेसम्मकै सर्वाधिक हो । यसअघि २३ फेब्रुअरी २०१९ मा अफगानिस्तानले आयरल्यान्डविरुद्ध २७८/३ को रेकर्ड राखेको थियो । त्यस्तै, सन् २०१९ मै चेक रिपब्लिकले टर्कीविरुद्ध २७८/४ को रेकर्ड बनाएको थियो ।

यही खेलमा नेपालले सर्वाधिक छक्का प्रहार गर्ने रेकर्ड पनि बनाएको छ । नेपाली खेलाडीले आक्रामक ब्याटिङ गर्दै २६ छक्का र १४ चौका प्रहार गरे । यसअघि चेक रिपब्लिकको नाममा धेरै छक्काको रेकर्ड थियो । ३० अगस्ट २०१९ मा टर्कीविरुद्ध २७८ रन बनाउने क्रममा चेक रिपब्लिकका ब्याट्सम्यानले २२ छक्का हानेका थिए । अफगानिस्तानले २०१९ मा आयरल्यान्ड तथा वेस्टइन्डिजले दक्षिण अफ्रिकाविरुद्ध समान २२ छक्का प्रहार गरेको थियो ।

बायाँहाते ब्याट्सम्यान कुशल मल्लले कम बलमा शतक र दीपेन्द्रसिंह ऐरीले कम बलमै अर्धशतकीय इनिङ्सको विश्व कीर्तिमान पनि यही खेलबाट बनाए । कुशलले ३४ बलमा शतकीय इनिङ्स खेलेका थिए । उनले ५० बल सामना गरी १२ छक्का र आठ चौका प्रहार गरी एक सय ३७ रनको नटआउट योगदान दिए । यसअघि यो रेकर्ड संयुक्त रूपमा भारतका कप्तान रोहित शर्मा, दक्षिण अफ्रिकाका डेभिड मिलर र चेक रिपब्लिकनका सुदेश विक्रमसेखरको नाममा थियो । उनीहरूले समान ३५ बलमा शतक बनाएका थिए ।

त्यस्तै, दीपेन्द्रले ९ बलमै अर्धशतक बनाए । उनले १० बलमा आठ छक्काको सहयोगमा ५२ रनको योगदान गरे । यसअघि अन्तर्राष्ट्रिय टी-२० मा भारतका युवराज सिंहले इंग्ल्यान्डविरुद्ध १२ बलमा ५० रनको रेकर्ड राखेका थिए । अस्ट्रियाका मिर्जा अहसनले १३ बलमा ५० रन जोडेका थिए ।

दीपेन्द्रले टी-२० मा अहिलेसम्मकै उच्चतम स्ट्राइक रेटको रेकर्ड पनि राखेका छन् । उनले ५२०.०० स्ट्राइक रेटमा ब्याटिङ गरे । यसअघि वेस्ट इन्डिजका डवेन स्मिथले १३ सेप्टेम्बर २००७ मा बंगलादेशविरुद्ध ४१४.२८ को स्ट्राइकमा ब्याटिङ गरेका थिए । उनले सात बलमा २९ रन बनाएका थिए ।

नेपालले टी-२० मा सर्वाधिक रन रेटको रेकर्ड पनि राखेको छ । मंगोलियाविरुद्ध नेपालले प्रतिओभर रन रेट १५.७ मा ब्याटिङ गरेको थियो । यसअघि २३ फेब्रअरी ०१९ मा अफगानिस्तानले आयरल्यान्डविरुद्ध २७८/३ को योगफल जोड्दा १३.९ को रन रेटको रेकर्ड राखेको थियो ।

नेपाली ब्याट्सम्यानले मंगोलियाको कमजोर बलिङको भरपुर फाइदा उठाए । ओपनर कुशल भुर्तेल र आसिफ सेखले पहिलो विकेटका लागि ४.५ ओभरमा ४२ रन जोडे । भुर्तेलले २३ बलमा १९ रन र सेखले १७ बलमा १६ रन बनाए । त्यसपछि कुशल मल्ल र कप्तान रोहितकुमार पौडेलले तेस्रो विकेटका लागि एक सय ९३ रनको कीर्तिमानी साझेदारी गरे । रोहितले २७ बलमा ६ छक्का र दुई चौकाको मद्दतमा ६१ रन बनाए । मंगोलियाले नेपाललाई २९ अतिरिक्त रन दिएको थियो । रोहित र कुशलबीचको साझेदारी टी-२० फर्म्याटमा कुनै पनि जोडीले तेस्रो विकेटका लागि गरेको उच्च साझेदारी पनि हो । यसअघि सन् २०२० मा न्युजिल्यान्डका डेभन कन्वे र ग्लेन फिलिप्सले तेस्रो विकेटका लागि वेस्टइन्डिजविरुद्ध १ सय ८४ रनको साझेदारी गरेका थिए । रोहित र कुशलको साझेदारी नेपाली टोलीका लागि कुनै पनि विकेटका लागि भएको अहिलेसम्मकै सर्वाधिक साझेदारी पनि हो ।

नेपालले अन्तर्राष्ट्रिय टी-२० खेलको डेथ ओभरमा सर्वाधिक रन बनाउने रेकर्ड पनि आफ्नो नाममा लेखाएको छ । नेपाली ब्याट्सम्यानले डेथ ओभरमा ८९ रन बटुलेका हुन् । यसअघि सन् २०१९ मा इंग्ल्यान्डले न्युजिल्यान्ड र नर्वेले जर्मनीविरुद्ध डेथ ओभरमा समान ७६ रन बनाएका थिए ।

त्यस्तै, नेपालले अन्तिम १० ओभरमा सर्वाधिक रनको रेकर्डसमेत बनायो । नेपाली ब्याट्सम्यानले अन्तिम १० ओभरमा एक सय ९२ रन बनाए । यसअघि टी-२० फर्म्याटमा आइपिएलअन्तर्गत बेंग्लोरले गुजरात लायन्सविरुद्ध एक सय ७२ रन बनाएको थियो ।

समूह 'ए' मा रहेको नेपालले अब दोस्रो खेल माल्दिभ्ससँग खेल्नेछ । वरीयताको ८६औँ स्थानमा रहेको माल्दिभ्सलाई पराजित गरे नेपाल समूह विजेता बन्नेछ । क्वार्टरफाइनलमा टेस्ट राष्ट्रहरू भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशले सीधा स्थान बनाएका छन् । नेपालले सेमिफाइनल प्रवेशको खेलमा टेस्ट राष्ट्रमध्ये कुनै एक टोलीविरुद्ध खेल्नेछ ।

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) को टी-२० वरीयतामा नेपाल १७औँ स्थानमा छ । मंगोलियाले वरीयता नै प्राप्त गरेको छैन । सन् २००७ मा मात्रै मंगोलिया क्रिकेट एसोसिएसनको स्थापना भएको थियो । सन् २०२१ मा आइसिसीको सदस्य बन्यो । मंगोलियाको पहिलो टी-२० अन्तर्राष्ट्रिय खेल नै नेपालविरुद्ध हो ।

'सबै परम्परागत...

पृष्ठ १ बाट क्रमशः

सहमतिअनुसार चीन नेपालका लागि संखुवासभाको किमाथांका र ताप्लेजुङको ओलाङचुङगोला नाका खोल्न तयार भएको छ ।

आफ्नो चीन भ्रमणबारे विगतमा भन्दा धेरै अन्तर्राष्ट्रिय चासो भएको प्रधानमन्त्री प्रचण्डले सुनाए । 'संयुक्त राष्ट्रसंघको महासभामा जाने क्रममा अमेरिकी अधिकारीहरूसँग भएको कुराकानी र अन्य छलफलका सन्दर्भमा पनि चीनमा के होला भन्ने चासो देखिन्थ्यो,' प्रधानमन्त्रीले भने, 'चीन भ्रमण सफलतापूर्वक सम्पन्न भएको छ । आउने दिनमा थप प्रगति हुँदै जानेछ, चीनसँग विश्वासको नयाँ आधार बनेको छ ।'

चिनियाँ राष्ट्रपतिसँग शनिबार भएको कुराकानीबारे प्रधानमन्त्री प्रचण्ड बढी नै उत्साही देखिए । चिनियाँ राष्ट्रपति सीले आफूलाई एसियाली खेलमा सहभागी अन्य देशका प्रतिनिधिमण्डललाई भन्दा बढी महत्त्व दिएको प्रचण्डको भनाइ थियो । 'हामीसँगको भेट आउट अफ द वे हो । राष्ट्रपति सीले एउटा देशको प्रतिनिधिमण्डललाई यति लामो समय दिनु भनेको चीनले नेपाललाई महत्त्वका साथ हेर्न खोजेको छ भन्ने देखियो,' प्रधानमन्त्री प्रचण्डले भने ।

एसियाली खेल उद्घाटनमा राष्ट्रपति सीको बडी ल्यांग्वेज नेपालप्रति विशिष्ट रहेको अनुभूति पनि प्रधानमन्त्रीले सुनाए । 'नेपाली खेलाडीहरूले मार्चपास गर्दैगर्दा मतिर हेरेर राष्ट्रपतिले हात हल्लाएको संकेत सकारात्मक थियो,' प्रचण्डले थपे । आफू ल्हासामा आउँदा राष्ट्रपति सी जिनपिङले आफ्नो र प्रतिनिधिमण्डलको स्वास्थबारे विशेष चासो राख्न चिनियाँ अधिकारीलाई निर्देशन दिएको जानकारी पाएको पनि प्रचण्डको भनाइ थियो । नेपाल-चीन सम्बन्धको सबैभन्दा रणनीतिक र संवेदनशील बिन्दु तिब्बत रहेको र नेपाल-चीन सम्बन्धको महत्त्वपूर्ण भूभाग नै तिब्बत भएको उनको भनाइ थियो ।

ल्हासामा प्रधानमन्त्री प्रचण्ड र चिनियाँ कम्युनिस्ट पार्टीको तिब्बत स्वायत्त क्षेत्रका सचिव वाङ छुङछेङबीच भेटवार्ता भएको छ । प्रधानमन्त्री प्रचण्डसँग करिब डेढ घन्टा भएको छलफलमा तिब्बत पार्टी सचिव वाङले बेइजिङमा भएका सहमति कार्यान्वयन गर्न तिब्बत स्वशासित सरकार प्रतिबद्ध रहेको बताए । उनले भूकम्प र कोरोनापछि बन्द भएका सबै परम्परागत नाका पूर्वाधार बनाएर क्रमशः खुलाउन तिब्बत सरकार प्रतिबद्ध रहेको जवाफ दिए । 'पार्टी सचिव वाङ सरोकारवाला टिम सबैलाई साथमा लिएर बस्नुभएको थियो । हवाई सेवा सञ्चालन गर्ने, सीमावर्ती नेपाली जिल्लामा सडक, पूर्वाधारसहित विभिन्न क्षेत्रमा सहयोग गर्छौं भन्ने प्रतिबद्धता जनाउनुभएको छ,' प्रधानमन्त्रीका प्रेस सल्लाहकार आचार्यले ल्हासाबाट टेलिफोनमा भने, 'तिब्बत विकासको गतिमा छ । तर, तिब्बतमा मात्र विकास भएर हुँदैन, छिमेकमा पनि विकास हुनुपर्छ र यसका लागि हाम्रो क्षमतालेे भ्याएसम्म सहयोग गर्छौं भन्नुभएको छ ।' तिब्बत सरकारले बेइजिङमा भएका सहमतिलाई चाँडै परिणाम दिने गरी कार्यान्वयन गर्ने वाङले बताए ।

भेटमा प्रधानमन्त्री प्रचण्डले ल्हासा-काठमाडौं हवाई सेवा सुचारु हुनुपर्ने बताएका थिए । वाङले हवाई उडान चाँडै सुचारु हुने विश्वास दिलाएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले बताए । तिब्बत सचिव छुङछेङलाई चीन सरकारले नेपाल-चीन सम्बन्धको इन्चार्ज तोकेकोमा प्रधानमन्त्री प्रचण्डले बधाई दिएका थिए । प्रधानमन्त्री प्रचण्डले सोमबार चिनियाँ समकक्षी ली छियाङ र शनिबार राष्ट्रपति सीसँग भेटवार्ता गरेका थिए ।

● चीन-नेपाल सीमाको संयुक्त निरीक्षण

त्यसैबीच चीन-नेपाल सीमाको संयुक्त निरीक्षण गर्न दुवै पक्ष सहमत भएका छन् । 'दुवै पक्ष विगतमा भएको सीमा व्यवस्थापन प्रणालीसम्बन्धी सम्झौतालाई यथाशीघ्र कार्यान्वयनमा ल्याउन सहमत भएका छन्,' वक्तव्यमा छ, 'सीमा व्यवस्थापन थप सुदृढ बनाउन चीनको सार्वजनिक सुरक्षा मन्त्रालय र नेपालको गृह मन्त्रालयबीच तीन तहमा सीमा सम्पर्क प्रणाली स्थापना गर्ने प्रोटोकलमा छलफल जारी राख्न उनीहरू सहमत भएका छन् ।'

दुवै पक्षले दुई देशको सुरक्षाका लागि कानुन कार्यान्वयन गर्ने निकायबीचको सहयोग महत्त्वपूर्ण रहेको उल्लेख गरेका छन् । 'यसका लागि दुवै निकायबीच सूचना आदान-प्रदान, क्षमता अभिवृद्धि र आ-आफ्ना कानुन कार्यान्वयन गर्ने सुरक्षा निकायबीच तालिम थप सुदृढ गर्न सहमत भएका छन् । दुवै पक्षले आपराधिक मामिलामा पारस्परिक कानुनी सहायतासम्बन्धी चीन-नेपाल सन्धिको अनुमोदनका लागि छलफललाई तीव्रता दिन सहमत भएका छन्,' वक्तव्यमा उल्लेख छ ।

लिजी-नेचुङ (मुस्ताङको सीमावर्ती ठाउँ) बन्दरगाह खुला तथा फाङ्मु-खासा बन्दरगाहलाई यात्रुहरूको ओहोरदोहोर गर्ने गरी पुनः खुला भएकोमा दुवै पक्षले स्वागत गरेका छन् । पुलान (यारी) र जिलोङ (केरुङ) बन्दरगाहमा यात्रु र कार्गो सेवाको सहज र व्यवस्थित सञ्चालन भएकोमा दुवै पक्षले प्रशंसा गरेका छन् । चीन पक्षले लिजी-नेचुङ बन्दरगाहमा नेपाली पक्षको सुविधाका लागि यथाशीघ्र काम गर्ने वचन दिएको छ ।

अरनिको राजमार्ग मर्मत परियोजनाको चौथो चरणको काम सुरु गर्न चीन पक्ष तयार छ । नेपाली पक्षले तयारीका काम सक्नासाथ स्याफ्रुबेंसी-रसुवागढी राजमार्ग मर्मत कार्य चिनियाँ पक्षले यथाशीघ्र सुरु गर्नेछ । दुई देशबीच कनेक्टिभिटी सहज बनाउन टोखा-छहरे सुरुङ परियोजनाको सम्भाव्यता अध्ययन तीव्र पार्न दुवै पक्ष सहमत छन् ।

● पोखरा जोड्ने गरी उडान थप्ने सहमति

दुई देशका नागरिक उड्डयन अधिकारीबीच हवाई सेवा विस्तारसम्बन्धी सहमति भएकोमा दुवै पक्षले स्वागत गरेका छन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भएर सञ्चालनमा आएकोमा पनि दुवै पक्षले सन्तोष व्यक्त गरेका छन् । बजारको आवश्यकता तथा दुई देशबीच द्विपक्षीय हवाईसम्बन्धी प्रबन्धका आधारमा पोखरालाई जोड्दै दुई देशबीच थप उडान भर्न, थप हवाई रुट विस्तार गर्न दुवै पक्षले सम्बद्ध एयरलाइन्सलाई सहयोग र प्रोत्साहित गरेका छन् ।

● विद्युतीय ऊर्जा सहकार्य योजना बनाइने

ऊर्जा, जलविद्युत् विकास, सीमापार विद्युत् प्रसारण लाइन तथा सबस्टेसन निर्माणमा दुवै पक्षले थप प्रवर्द्धन गर्नेछन् । संयुक्त कार्यान्वयन संयन्त्रको दोस्रो बैठक छिट्टै राखेर दुवै पक्षले नेपाल-चीन विद्युतीय ऊर्जा सहकार्य योजनालाई अन्तिम रूप दिन निरन्तर कार्य गर्नेछन् ।

● जिडिआईमा नेपाल प्रवेश

नेपाल र चीनबीच बेल्ट एन्ड रोड (बिआरआई) कार्यान्वयन योजनामा चाँडै हस्ताक्षर गर्ने तथा नेपाल ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडिआई)मा प्रवेश गर्ने सहमति भएको छ । प्रधानमन्त्रीस्तरीय औपचारिक वार्ताको भोलिपल्ट नेपाल र चीनले मंगलबार जारी संयुक्त वक्तव्यमा बिआरआई कार्यान्वयन र जिडिआईमा प्रवेशबारे उल्लेख छ ।

२०२१ मा संयुक्त राष्ट्रसंघको मञ्चबाट चिनियाँ राष्ट्रपति सी जिनपिङले प्रस्ताव गरेको जिडिआईमा चीनले पछिल्ला केही वर्षमा नेपालको साझेदारी खोजेको थियो । वक्तव्यअनुसार चीनले प्रयास गरेको जिडिआईलाई नेपालले समर्थन गरेको छ । 'नेपाल जिडिआई मित्रहरूको समूहमा प्रवेश गर्न तयार छ,' प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमणका क्रममा मंगलबार जारी वक्तव्यमा छ ।

जिडिआईमा चीनले गरिबी निवारण, खाद्य सुरक्षा, महामारी व्यवस्थापन, विकासका निम्ति वित्तीय सहयोग, जलवायु परिवर्तन र हरित विकास, औद्योगिकीकरण, डिजिटल अर्थतन्त्र र डिजिटल युगमा सम्पर्क सञ्जाल विकास गरी आठ क्षेत्रमा विश्वव्यापी सहयोगको प्रस्ताव गरेको छ । गरिबी निवारणको एजेन्डा लागू गर्ने चिनियाँ नयाँ पहलअन्तर्गत चीनले १० अर्ब डलर बजेट विनियोजन गरेको छ ।

जिडिआईअन्तर्गत विश्वभर ६ हजार परियोजना छनोट भएका छन् । र, एक सय ६० मुलुकका दुई करोड मानिसलाई तालिम दिइएको यसको संयोजन गरिरहेको एजेन्सी चाइना इन्टरनेसनल कोपरेसन डेभलपमेन्टले जनाएको छ ।

प्रधानमन्त्री प्रचण्ड बेइजिङबाट छोडछिड प्रस्थान गर्नुअघि १३ बुँदे संयुक्त वक्तव्य जारी भएको हो । दुई देशका नेताहरूबीच भएको सहमति र हस्ताक्षर भएका सम्झौताको कार्यान्वयनलाई थप गति दिन दुवै पक्ष सहमत छन् । विभिन्न क्षेत्रमा पारस्परिक लाभकारी सहयोग विस्तार गर्ने उनीहरूको सहमति छ ।

● बिआरआई कार्यान्वयन योजनामा चाँडै हस्ताक्षर हुने

दुई देशबीच बिआरआई परियोजना कार्यान्वयन योजनामा चाँडै हस्ताक्षर गर्ने सहमति छ । २०१७ मे १२ मा बिआरआईमा हस्ताक्षर भइसकेको विषय आत्मसात् गर्दै नेपाल र चीनले यसको कार्यान्वयन योजनाको मस्यौदालाई छिट्टै अन्तिम रूप दिने गरी छलफल तीव्र बनाउने सहमति गरेका छन् । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको हालै चीन भ्रमणका वेला बिआरआई कार्यान्वयन योजनामा हस्ताक्षर गर्न दुई देश सैद्धान्तिक रूपमा सहमत भएका थिए ।

अदालती सम्बन्धविच्छेद मात्र मान्य

नयाँ पत्रिका

सर्वोच्च अदालतले परम्परा वा संस्कृतिलाई आधार मानी गरेको सम्बन्धविच्छेदलाई मान्यता दिन नमिल्ने उल्लेख गरेको छ । सम्बन्धविच्छेदसम्बन्धी मुद्दाको फैसलाको पूर्णपाठमा 'तलाक'लाई वैधता दिन नसकिने उल्लेख छ । मनौवर हसनसमेत प्रतिवादी रहेका मुद्दाको गत २६ चैतमा संयुक्त इजलासबाट फैसला आए पनि पूर्णपाठ भने हालै मात्र सार्वजनिक भएको हो ।

न्यायाधीशद्वय टंकप्रसाद मोक्तान र हरिप्रसाद फुँयालको इजलासले परम्परा वा संस्कृतिका आधारमा सम्बन्धविच्छेद गर्न नमिल्ने फैसला दिएको हो । भारतको सर्वोच्च अदालतले समेत एक मुद्दामा तीन तलाकलाई स्वेच्छाचारी भन्दै असंवैधानिक मानेको विषयलाई समेत आधार मान्दै सर्वोच्चको फैसला आएको हो । '..इस्लाम सम्प्रदायमा प्रचलनमा रहेको सम्बन्धविच्छेदको सम्बन्धमा प्रचलित नेपाल कानुनले मान्यता प्रदान नगरी सबै समुदाय र सम्प्रदायलाई लागू हुने एकीकृत कानुन प्रचलनमा रहेकाले तथा स्वेच्छाचारी प्रकृतिका सम्बन्धविच्छेदजस्तै तीन तलाकलाई अन्य देशहरूमा कसुरजन्य कार्य बनाइँदै गरेको अवस्थामा छरछिमेक वा समाजमा इस्लाम परम्परा र संस्कृतिअनुसार गरेको तलाक वा सम्बन्धविच्छेदलाई कानुनले मान्यता नगरेको अवस्थामा दोस्रो विवाह गर्न छुट दिएको भन्न मिल्ने देखिँदैन,' फैसलामा छ ।

पहिली श्रीमती सबियाले राम्रो व्यवहार नगरेका कारण इस्लामिक धर्मअनुसार तलाक अर्थात् सम्बन्धविच्छेद गरेर मीनासँग विवाह गरेको बताएका मनौवरले अदालतमा भने मीना चिनजानकी बहिनी रहेको बताएका थिए । अर्कोतिर मीनाले सुरुमा मनौवरको सम्बन्धविच्छेद भइसकेको जानकारी पाएपछि मात्र आफूले विवाह गरेको बताए पनि अदालतमा आफू काठमाडौं आएपछि चिनजानको भएका कारण मनौवरसँग बसेको र अनाहकमा उनीसँग विवाह गरेको भनी आरोप लगाइएको बताएकी थिइन् ।

मनौवरकी पहिली श्रीमती साबियाले बहुविवाहको मुद्दा हाल्दै तत्कालीन मुलुकी ऐन बिहेवारीको महलअनुसार सजाय गर्न माग गरेकी थिइन् । जसमा जिल्ला अदालत काठमाडौंले सफाइ दिएको थियो । तर, उच्च अदालत पाटनले भने चैत २०६९ मा मनौवरलाई एक वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना हुने फैसला गऱ्यो । साथै, मीनासँग नाता कायम गरिदियो । यसविरुद्ध मीना र मनौवर दुवैजना 'दोहोऱ्याई पाऊँ'को निवेदनसहित सर्वोच्च पुगेका थिए । मुद्दा दर्ता भएको झन्डै दशकपछि सर्वोच्चबाट फैसला आएको हो ।

एसबिआई बैंकले...

पृष्ठ १ बाट क्रमशः

ठगीमा अन्तर्राष्ट्रिय गिरोहको पनि संलग्नता रहेको आशंका गरिए पनि पत्ता लागेको छैन ।

● कसरी फस्यो एसबिआईको रकम ?

अन्तर्राष्ट्रिय भिसा तथा मास्टर कार्ड कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाले ती कम्पनीको नेटवर्कमा आबद्ध हुन नोस्ट्रो खाता खोलेका हुन्छन् । नेपाल एसबिआई बैंकको यस्तो खाता अमेरिकास्थित स्ट्यान्डर्ड चार्टर्ड बैंकमा छ । यसरी भिसा तथा मास्टर कार्डमार्फत भुक्तानी हुँदा सोही नोस्ट्रो खातामार्फत सम्बन्धित बैंकले रकम पाउँछ । सोही आधारमा सो कारोबारबापतको रकम प्राप्त गरी एसबिआईले आफैँ ग्राहक रहेका सिंहको व्यक्तिगत खातामा सो रकम जम्मा गरिदियो ।

त्यसरी म्यानुअल पिओएस मेसिनबाट भुक्तानी भएको कार्ड युरोपियन बैंकका ग्राहकहरूको थियो । आफूहरूको खाताबाट पैसा चोरी भएको भन्दै उनीहरूले आफ्नो बैंकमा उजुरी गरे । मास्टर कार्डका ७० तथा भिसा कार्डका २४ ग्राहकले उजुरी गरेका थिए ।

उजुरीपछि बैंकले भिसा तथा मास्टर कार्ड कम्पनीलाई त्यसबारे जानकारी गरायो । भिसा र मास्टर कार्डले उजुरीबारे जानकारी गराउँदै यसबारे नेपालको एसबिआई बैंकसँग विवरण माग गऱ्यो । तर, बैंकले त्यसरी भुक्तानी गर्ने व्यक्तिको पासपोर्ट, सिसिक्यामेरा फुटेजलगायत नियमअनुसारको विस्तृत विवरण उपलब्ध गराउन नसकेपछि उसको नोस्ट्रो एकाउन्टबाट एक लाख १५ हजार डलर कटाएर कार्डधनीको रकम चोरिएको ग्राहकको खाता भएका युरोपियन बैंकलाई दिएको थियो । यसबाट नेपालको एसबिआई बैंक पीडित बन्यो ।

सिंहले सम्झौताअनुसार विस्तृत विवरण नराखी भुक्तानी लिएका कारण आफ्नो बैंकलाई समस्या भएको भन्दै एसबिआई सिआइबी पुगेको थियो । गत ७ असारमै उजुरी दर्ता भएकोमा २७ भदौमा सिंहलाई पक्राउ गरी ब्युरोले अनुसन्धान अघि बढाएको थियो । सुरुमा बैंकले उनीसँग सो रकम माग गरेको थियो उनले फिर्ता गर्न नसकेपछि जाहेरी दिएको हो । सिंहले भने यसबारे आफूलाई बैंकले ढिलो गरी मात्र जानकारी गराएकाले पैसा फिर्ता गर्न नसकेको बताएका छन् ।

आफूलाई कार्डमार्फत भुक्तानी दिने व्यक्तिको विस्तृत विवरण खुलाउन नसक्दा आरोपी सिंह पक्राउ परेका हुन् । उनले दैनिकजसो ती विदेशी आफ्नो पसलमा आउने र म्यानुअल पिओएसमार्फत भुक्तानी दिने गरेको बताएका छन् । यसरी म्यानुअल पिओएसमार्फत कारोबार हुनुभन्दा ११ दिनअघि मात्र उनले नेपाल एसबिआई बैंकको ठमेल शाखाबाट सो मेसिन लिनु र पछि कारोबार बन्द गर्नुले पनि यसमा उनकै संलग्नता रहेको सिआइबी निष्कर्ष छ ।

कुनै अन्तर्राष्ट्रिय गिरोहसँग मिलेर उनले ठगी गरेको हुन सक्ने सिआइबी अधिकारी बताउँछन् । यो घटनाले एटिएम कार्डको विवरण सुरक्षामा पनि प्रश्न उठेको छ । कसरी सयौँ ग्राहकको एटिएमको विवरण सो समूहले पायो भन्ने विषयमा प्रस्ट हुन सकेको छैन । नक्कली एटिएम कार्डमार्फत नेपालमा बैंक ठगीका घटना नयाँ होइनन् । तर, म्यानुअल पिओएस मेसिनबाट हुने ठगीका घटना भने पहिलोपटक देखिएको सिआइबीका अधिकारी बताउँछन् । एटिएममार्फत ठगीमा विगतमा चिनियाँ तथा पूर्वी युरोपियन देशका नागरिकहरू ठूलो संख्यामा पक्राउ परेका थिए ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाण्डौ ।

पशुपति सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.को बचतको अनलाईन मागदावी आवेदन पेश गर्ने बारेको सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०६/११ गते

उपर्युक्त सम्बन्धमा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको माननीय मन्त्रीस्तरको मिति २०८०/०४/०१ को निर्णयानुसार पशुपति सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, मानभवन, ललितपुरलाई सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा गरी सोही ऐनको दफा १०५ बमोजिम उक्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि यस समिति समक्ष लेखी आएकोले सहकारी ऐन, २०७४ को दफा ११२ बमोजिम समस्याग्रस्त संस्था वा संघका सदस्य बचतकर्ता तथा साहुहरुलाई आफुले पाउनु पर्ने रकमको सप्रमाण सहित यस समितिको वेवसाइट www.coopmc.gov.np मा गई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र अनलाईन मागदावी आवेदन मार्फत सप्रमाण दावी पेश गर्नु हुन सम्बन्धित सरोकारवालहरुको नाममा यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस समितिको वेवसाइटमा हेर्नु हुन समेत अनुरोध गरिन्छ ।

नेपाललाई...

पृष्ठ १ बाट क्रमशः

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत असार मसान्तसम्मको तथ्यांकअनुसार विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संघ (आइडिए)लाई नेपाल सरकारले बुझाउन बाँकी ऋण पाँच खर्ब ८० अर्ब ३० करोड पुगेको छ, जुन नेपालको कुल वैदेशिक ऋणको ४९.६ प्रतिशतबराबर हो ।

नेपालको ऋण दायित्व सबैभन्दा धेरै भएको दोस्रो विकास साझेदार एडिबी हो । नेपालले एडिबीलाई तीन खर्ब ७० अर्ब पाँच करोड ऋण भुक्तान गर्न बाँकी छ, जुन कुल वैदेशिक ऋणको ३१.६ प्रतिशतबराबर हुन आउँछ ।

आइडिए र एडिबी दुवै बहुपक्षीय विकास साझेदार हुन् । दुवै नेपालका सबैभन्दा ठूला विकास साझेदार हुन् । यी विकास साझेदारले नेपाललाई ऋणका साथै अनुदान र प्राविधिक सहयोगसमेत गर्दै आएका छन् । यी दुई विकास साझेदारले खासगरी भूकम्पपछिको पुनर्निर्माण तथा कोभिडको रोकथाम, नियन्त्रण र पुनरुत्थानका क्रममा ऋण दात्यिव बढाएको कार्यालयले जनाएको छ ।

● कुल ऋणमा बहुपक्षीय दाताको हिस्सा अझै बढ्यो

नेपालको वैदेशिक ऋण ११ खर्ब ७० अर्ब २४ करोडबराबर पुगेको छ । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ११.०३ प्रतिशत अर्थात् एक खर्ब ४४ अर्ब ४० करोडले बढी हो । अघिल्लो आर्थिक वर्षमा कुल वैदेशिक ऋण १० खर्ब २५ अर्ब ८४ करोडबराबर थियो । नेपालको कुल ऋणमा बहुपक्षीय दाताको हिस्सा ८८ प्रतिशत र द्विपक्षीय दाताको हिस्सा १२ प्रतिशत छ । अघिल्लो आर्थिक वर्षमा कुल ऋणमा बहुपक्षीय दाताको हिस्सा ८७.१९ प्रतिशत र द्विपक्षीय दाताको हिसा १२.८७ प्रतिशत थियो ।

गत असार मसान्तसम्ममा बहुपक्षीय ऋण १० खर्ब २ ९ अर्ब ७६ करोड पुगेको छ । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १५.१३ प्रतिशत अर्थात् एक खर्ब ३५ अर्ब ३० करोडले बढी हो । त्यस्तै, द्विपक्षीय ऋण एक खर्ब ४० अर्ब ४८ करोड पुगेको छ । जुन अघिल्लो आवको तुलनामा ६.९३ प्रतिशत अर्थात् नौ अर्ब १० करोडले बढी हो ।

किन बढिरहेको छ वैदेशिक ऋण ?

वैदेशिक ऋण दायित्व घटबढ हुनुमा साँवा भुक्तानी र ऋण प्राप्तिका अतिरिक्त विनिमय दरमा हुने परिवर्तन पनि प्रमुख कारकको रूपमा रहेको कार्यालयले जनाएको छ । ऋण भार बढ्नुमा ०७२ मा गएको भूकम्पपश्चात् पुनर्निर्माणमा बाह्य ऋण प्राप्ति बढ्नुका साथै ०७६/७७ देखि सुरु भएको कोभिड- १९ को महामारीको सामना गर्न लिइएको बाह्य ऋणमा भएको वृद्धि मूल कारक मानिएको छ ।

आर्थिक वर्ष ०७९/८० को अन्त्यसम्ममा नेपाल सरकारको कुल ऋण दात्यिव २२ खर्ब ९९ अर्ब ३५ करोड पुगेको छ । कुल दायित्वमा आन्तरिक ऋण ११ खर्ब २ ९ अर्ब १० करोड ३७ लाख रुपैयाँ र वैदेशिक ऋण ११ खर्ब ७० अर्ब २४ करोड ८७ लाखबराबर छ । गत आर्थिक वर्ष ०७८/७९ सम्ममा नेपालको कुल ऋण २० खर्ब १३ अर्ब २९ करोडबराबर थियो ।

आर्थिक वर्ष ०७९/८० को कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ५३ खर्ब ८१ अर्ब ३३ करोडको अनुपातमा ऋण दायित्व ४२.७३ प्रतिशत पुगेको छ । कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ लाई आधार मान्दा आर्थिक वर्ष ०७९/८० सम्ममा प्रतिव्यक्ति कुल ऋण दात्यिव ७८ हजार ८ सय ४० पुगेको छ ।

दुई महिनामै साढे १० अर्ब ऋण थपियो

चालू आर्थिक वर्षको पहिलो दुई महिनामै नेपालको सार्वजनिक ऋण साढे १० अर्बले बढेको छ । भदौ मसान्तसम्ममा नेपालको कुल तिर्न बाँकी ऋण २३ खर्ब नौ अर्ब ८६ करोड पुगेको छ । असार मसान्तसम्म कुल ऋण २२ खर्ब ९९ अर्ब ३५ करोड रहेको थियो । यो दुई महिनामा सरकारले कुल ४९ अर्ब २३ करोड ऋण प्राप्ति गरेको छ भने ३८ अर्ब ७१ करोड ऋण भुक्तानी गरेको छ ।



द्विपक्षीयभन्दा बहुपक्षीय ऋण बढी हुनु राम्रो हो

● डा. चन्द्रमणि अधिकारी, अर्थशास्त्री

अहिलेसम्म हाम्रो ऋणको प्रकृति नराम्रो छैन । कुल वैदेशिक ऋणमा ८० प्रतिशतभन्दा बढी हिस्सा बहुपक्षीय साझेदार (विश्व बैंक र एडिबी)को छ । संस्थागत ऋणको ब्याजदर कम हुन्छ, सेवा शुल्क कम हुन्छ, त्यस्तै म्याद अवधि पनि लामो हुन्छ । त्यसैले कुनै देशको भन्दा संस्थाको ऋण बढी हुनु राम्रो हो । देशको निज

बिहीबार ११ असोज ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

१९औँ एसियाड

बक्सिङ र तेक्वान्दोमा पनि निराशा

एसियाली खेलकुदमा तेक्वान्दोको गर्विलो इतिहास बिस्तारै धमिलो हुँदै

हाङझाउमा **श्रीलोचन राजोपाध्याय**
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका


एसियाडको इतिहास हेर्दा तेक्वान्दो मात्र नेपाल सहभागीमध्ये सर्वाधिक सफल खेल हो । यस खेलले नेपाललाई अहिलेसम्म एक रजतसँगै १५ पदक दिलाएको छ । अहिले तेक्वान्दोले एसियाडमा राखेको गर्विलो इतिहास बिस्तारै धमिलो हुँदै गइहेको छ । चीनको हाङझाउमा चलिरहेको १९औँ एसियाडमा तेक्वान्दोबाट लगातार खराब नतिजा निस्किरहेको छ । सर्घैको जस्तो नेपाली अधिकारीहरूले तेक्वान्दोबाट पदकको अपेक्षा राख्दै आइरहेका छन् । यसपटक पनि चीनको भूमिमा सम्बन्धित निकायका पदाधिकारीले तेक्वान्दोलाई पदक जित्न सक्ने खेलकै रूपमा राखे । यस खेलका खेलाडीलाई हाई परफर्मेन्स विधामा राखी तयारी गरिएको थियो ।

बुधबारसम्म तेक्वान्दोका १० खेलाडी बाहिरिइसकेका छन् । यी १० खेलाडी कुनै पनि क्वार्टरफाइनलभन्दा माथि पुग्न सकेनन् । प्रतियोगिताको पाँचौँ दिन तीन खेलाडीले प्रतिस्पर्धा गरेका थिए । उनीहरू पहिलो चरणबाटै बाहिरिए । वीरबहादुर महरा, इन्दिरा बस्नेत र अभिषेक बराल आ-आफ्नो स्पर्धामा बाहिरिए । पुरुष ८० केजी तौलसमूहमा अभिषेक अन्तिम ३२ मा अफगानिस्तानका ओमिद साहाकसँग २-० ले पराजित भए । उनले साहकविरुद्ध पहिलो चरणमा ११-१ को प्रदर्शन गरेका थिए । दोस्रो चरणमा उनी १५-२ ले पछि परे ।

सागसँगै अन्तर्राष्ट्रिय खेलको अनुभव प्राप्त वीरबहादुर पुरुष ६८ केजीमुनि प्रिक्वार्टरफाइनलबाटै बाहिरिए । उनी अन्तिम १६ मा चाइनिज ताइपेईका यी जुई चिउबाट २-० ले नै पराजित भए । वीरबहादुर यी जुईविरुद्ध पहिलो चरणमा १०-० ले पछि परे । दोस्रो चरणमा केही सुधारिएको खेल प्रदर्शन गरेका उनी १२-८ ले पराजित हुँदै प्रतियोगिताबाट बाहिरिए । महिला ६७ केजीमुनिको तौलसमूहमा इन्दिरा अन्तिम १६ मा इरानका मेलिका मिरहोसेनी भाकिलीबाट २-० ले पराजित भइन् । उनले दुवै चरणमा इरानका खेलाडीविरुद्ध गतिलो प्रदर्शन गर्न नसक्दा १४-१ र ९-० ले हारेकी थिइन् । अब तेक्वान्दोमा नेपालबाट पुरुष ८० केजीमा ज्याकी यादवको मात्र खेल बाँकी छ । उनले बिहीबार जोर्डनी खेलाडीसँग प्रतिस्पर्धा गर्नेछन् ।पुम्सेका प्रेमबहादुर लिम्बू, ग्योरोगीका अन्जली तामाङ र गोविन्दबहादुर आलेले चालू प्रतियोगितामा एक-एक खेल जितेका थिए । अन्य खेलाडीले एक खेल पनि आफ्नो पक्षमा पार्न सकेनन् ।



उसुमा नेपालको यात्रा समाप्त



एसियाडको उसुमा नेपालको यात्रा समाप्त भएको छ । साओसन गुआली स्पोर्टस् सेन्टरमा कविता थापाले थाउलोको महिला जिआनसुमा आठौँ स्थान हासिल गरेसँगै नेपालका सम्पूर्ण खेल सकिएको हो । ११ खेलाडी सम्मिलित यो स्पर्धामा कविताले ९.६३३ अंक जोडिन् । नानछ्वानमा पुरुषतर्फ मंगलबार नेपालका दीपक हमालले १३औँ स्थान हासिल गरेका थिए । दीपकले ९.६३३ स्कोर गरेका थिए । यो स्पर्धामा २० खेलाडीको सहभागिता थियो ।

महिला नानाछ्वानमा निमा घर्तीमगर पुछारमा रहिन् । १० खेलाडी सहभागी यो स्पर्धामा निमाले ९.१४० स्कोर गरेकी हुन् । महिला नानदाओमा भने निमाले आठौँ स्थान हासिल गरिन् । १० खेलाडी सहभागी यो स्पर्धामा निमाले ९.५६६ स्कोर गरेकी थिइन् । यसैगरी सोमबार महिला छाडछ्वानमा सुस्मिता तामाङ आठौँ स्थानमा रहिन् । ११ खेलाडी सहभागी यो स्पार्धामा उनले ९.४१० स्कोर गरेकी थिइन् ।

पौडीमा डुवाना र नासिर हिट चरणबाटै बाहिर

नेपालका दुई स्विमर डुवाना लामा र नासिर हुसैन हिट चरणबाटै बाहिरिएका छन् । महिला सय मिटर ब्रेस्टस्ट्रोकमा पहिलो हिटमा प्रतिस्पर्धा गरेकी डुवाना सातौँ स्थानमा रहिन् । उनले निर्धारित दूरी एक मिनेट २०.१५ सेकेन्ड समयमा पूरा गरेकी थिइन् । डुवानाको स्पर्धामा सात खेलाडी मात्रै थिए । डुवाना यसअघि महिला दुई सय मिटर फ्रिस्टाइलको हिट चरणबाटै बाहिरिएकी थिइन् । यसैगरी, पुरुष दुई सय मिटर फ्रिस्टाइलको दोस्रो हिटमा नासिरले निर्धारित दूरी २ मिनेट ००.१४ सेकेन्डमा पार गरे । उनको स्पर्धामा आठ खेलाडी समावेश थिए । उनी हिटमा सातौँ भएका छन् ।

बास्केटबलमा लगातार दोस्रो हार

महिला थ्री बाई थ्री बास्केटबलमा नेपालले लगातार दोस्रो खेलमा हारको सामना गरेको छ । प्रतियोतिगाको समूह 'बी'को लिग खेलमा नेपाल कजाखस्थानसँग १७-१० ले हारेको हो । नेपालका लागि कप्तान श्रेया खड्का र मीना गुरुङले समान चार स्कोर गरेका थिए । नेपालको स्कोरबोर्डमा गरिसा सिलवाल र रिन्छेन मोक्तानले समान एक स्कोर गर्न सफल भए । समूह चरणको पहिलो खेलमा जापानले नेपाललाई २२-४ ले हराएको थियो । नेपालले समूहको अन्तिम खेलमा शुक्रबार चाइनिज ताइपेईको सामना गर्नेछ ।

पदक आशा गरेका सुष्मा र भूपेन्द्र पराजित



परिषद्को हाई परफर्मेन्स खेलको तयारीमा बक्सिङ पनि थियो । एसियाडमा बक्सिङबाट पदक जित्न सक्ने सम्भावना भएका कारणलाई यस खेललाई विशेष प्राथमिकतामा राखिएको थियो । विशेषगरी, महिला खेलाडीमा सुष्मा तामाङबाट ठूलो अपेक्षा थियो । नेपालको बक्सिङ इतिहासमा सुष्माले एसियन लेभलमा रजत पदक जितेकी छिन् । गत माघमा थाइल्यान्डको बैंककमा भएको एसियन बक्सिङ कन्फेडरेसनको आयोजनामा भएको एएसबिसी यू-२२ पुरुष र महिला च्याम्पियनसिपमा उनले ऐतिहासिक प्रदर्शन गरी रजत पदक जितेकी थिइन् ।

नेपालले एसियनस्तरको बक्सिङमा प्राप्त गरेको यो रजत नै अहिलेसम्मकै सर्वाधिक बृहत् हो ।

त्यसयता उनले अन्य विभिन्न अन्तर्राष्ट्रिय बक्सिङमा सहभागिता जनाइन् । यसैक्रममा उनले विश्व च्याम्पियसिपमा समेत भाग लिइन् । यिनै सफलताका कारण सुष्माबाट १९औँ एसियाडमा पदकको आशा गरिएको हो । तर, बुधबार सुष्मा आफूभन्दा अनुभवी खेलाडीसँग प्रतिस्पर्धा गर्न पुगिन् । ड्रू निकालिँदा उनले महिला ५० केजीको अन्तिम १६ को भिडन्तमा कजाखस्थानकी नाजम काइजाईविरुद्ध खेल्ने तय भयो । सो स्पर्धामा उनी ५-० ले पराजित भइन् । बक्सिङका पाँचै जुरी अफिसियलले पहिलो र दोस्रो बाउटमा नाजमलाई समान ३० स्कोर प्रदान गरेका थिए ।

सुष्माले अपेक्षित रूपमा स्कोर प्राप्त गर्न सकिनन् । सुरुवातमा आक्रामक खेल प्रस्तुत गरेकी सुष्मा दोस्रो चरणमा थाकेकी देखिइन् । अन्तिमतिर उनी डिफेन्समा देखिइन् । १३औँ दक्षिण एसियाली खेलकुदका स्वर्ण विजेता भूपेन्द्र थापा पुरुष ६३.५ केजीको प्रिक्वार्टरफाइनल खेलमा ताइपेईका एन चु लाईसँग ४-० ले पराजित भए । पहिलो चरणमा बाई पाएर भूपेन्द्र सोझै प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका थिए ।



जुडोको चुनौती समाप्त

एसियाडमा निरन्तर रूपमा सहभागिता जनाइरहेको जुडो यसपटक पनि खाली हात फर्केको छ । बुधबारको खेलसँगै जुडोका सबै खेलाडी पराजित हुँदै घर फर्किएका छन् । प्रतियोगितामा नेपाली जुडो मिक्स टिमले जापानसँग अन्तिम खेल खेल्यो । जिओसान लिन्पु जिम्न्यासियममा नेपाल क्वार्टरफाइनलमा जापानसँग ४-० ले पराजित भयो । टिम इभेन्टमा प्रतिस्पर्धा गरेका नेपालका जंगबहादुर सारू जापानका गोकी ताजिमासँग पराजित भए । आकृति जोशी रुरी ताकाहासीसँग, रन्जेश गोले ह्योगा ओतासँग र मनिता श्रेष्ठ प्रधान मोमो तामाओकीसँग सहजै पाखा लागे । मिक्स टिमको पराजित टिमहरूबीच हुने रिपेच फाइनल कन्टेस्टमा पनि नेपाल कजाखस्तानसँग ४-० ले नै पछि पर्‍यो ।

ह्यान्डबलमा जापानसँग पराजित

महिला ह्यान्डबलमा नेपाल जापानसँग पराजित भएको छ । समूह 'बी'अन्तर्गत जेजियाङ नर्मल युनिभर्सिटी जिओसान जिम्न्यासियममा भएको खेलमा नेपाल जापानसँग ६२-१० ले पराजित भएको हो । एकपक्षीय खेलमा नेपालले मध्यान्तरअघि ६ गोल गरेको थियो । दोस्रो हाफमा नेपालले चार गोल मात्र गर्न सक्यो । समूह चरणको पहिलो खेलमा नेपाल आयोजक चीनसँग ५७-१० ले पराजित भएको थियो । एसियाडको महिला ह्यान्डबलमा नेपालको यो पहिलो सहभागिता हो ।

ई-स्पोर्टस् : दुवै खेलमा हार

१९औँ एसियाडअन्तर्गत ई-स्पोर्टस्को ड्रिम थ्री किङडम्स २ (डिटिके)मा नेपाल दुवै खेलमा पराजित भएको छ । ड्रिम्स थ्री किङडम्स २ को समूह 'सी'मा नेपाल किर्गिस्तान र भियतनामसँग समान १-० ले पराजित भयो । यसपटक ई-स्पोर्टस्मा पाँच फरक इभेन्ट्समा नेपालका २३ खेलाडीले भाग लिएका छन् । जसमा फिफा अनलाइन फोरमा समीर गुरुङ पराजित भइसकेका छन् । एरिना अफ भेलोर (एओभी) एसियन गेम्स भर्सनमा पनि नेपाल पराजित भइसकेको छ ।

सात वर्षपछि भारतमा पाकिस्तानी क्रिकेट टिम



एजेन्सी/ बाबर आजमको नेतृत्वमा रहेको पाकिस्तानी क्रिकेट टोली बुधबार भारत आइपुग्यो । पाकिस्तानी टोलीको स्वागतका लागि हैदराबादस्थित राजीव गान्धी अन्तर्राष्ट्रिय रंगशालामा क्रिकेट समर्थक तथा सुरक्षा अधिकारीहरूको भिड थियो । ५ अक्टोबरबाट भारतमा सुरु हुने एकदिवसीय क्रिकेट खेल्नका लागि दुबई हुँदै पाकिस्तानी टिम हैदराबाद आएको हो ।

यसअघि २०१६ मा टी-२० विश्वकप खेल्नका लागि पाकिस्तानी टिम भारत आएको थियो । एकदिवसीय विश्वकपको उद्घाटन खेलमा अहमदाबादस्थित नरेन्द्र मोदी रंगशालामा इंग्ल्यान्ड र न्युजिल्यान्ड भिड्नेछन् । पाकिस्तानले आफ्नो पहिलो खेल ६ अक्टोबरमा नेदरल्यान्ड्सविरुद्ध खेल्नेछ । त्यस्तै, दोस्रो खेल हैदराबादमा श्रीलंकाविरुद्ध खेल्नेछ । ४६ दिनसम्म चल्ने एकदिवसीय विश्वकपमा ४८ खेल हुनेछन् । १२ नोभेम्बरसम्म लिग चरणका ४५ खेल चल्नेछन् । त्यसपछि १५ र १६ नोभेम्बरमा सेमिफाइनल तथा १९ नोभेम्बरमा अहमदाबादमा फाइनल खेल हुनेछ ।

पछिल्लोपटक सन् २०१६ मा टी-२० विश्वकप खेल्नका लागि पाकिस्तानी टोली भारत आएको थियो

हाम्रो लक्ष्य च्याम्पियन बन्ने हो : बाबर

पाकिस्तानका कप्तान बाबर आजमले विश्वकप जित्ने लक्ष्य राखेको बताएका छन् । 'हामी विश्वकप जित्न चाहन्छौँ । विश्वकपअघि हामीले धेरै समय क्याम्पमा बिताउन पाएनौँ, किनकि हामी लामो समयदेखि निरन्तर खेलिरहेका छौँ । त्यसैले हामीले खेलाडीलाई ब्रेक दियौँ । ताकि, उनीहरू रिफ्रेस हुन सकून् र जित्ने भोकसहित आऊन् ।

जब तपाईंसँग त्यस्तो भोक हुन्छ, तब उत्कृष्ट खेल्नुहुन्छ,' उनले भने । उनले एसिया कपमा गरेका गल्तीलाई विश्वकपमा नदोहोऱ्याउने बताए । 'एसिया कपका अन्तिम दुई खेलअघि हामीले साँच्चै राम्रो गरिरहेका थियौँ । एसिया कप फरक प्रतियोगिता थियो र विश्वकप पूरै फरक छ । हामीले त्यहाँ गरेका गल्तीबाट सिकेका छौँ । त्यसलाई दोहोरिन दिनेछैनौँ,' उनले भने । एसिया कपको सुपर सिक्समा भारत र श्रीलंकासँग पराजित भएपछि पाकिस्तान फाइनल पुग्न असफल भएको थियो ।

साफ यू-१९ च्याम्पियनसिप

नेपालको यात्रा सेमिफाइनलमै समाप्त

भारतसँग पेनाल्टी सुटआउटमा पराजित हुँदा नेपाल लगातार तेस्रोपटक फाइनल खेल्नबाट वञ्चित, उपाधिका लागि शनिबार भारत र पाकिस्तान भिड्ने

रमेश सुवेदी/नयाँ पत्रिका

घरेलु टोली नेपालको यात्रा सेमिफाइनलमा समाप्त हुँदा भारत र पाकिस्तानले साफ यू-१९ च्याम्पियनसिपको फाइनलमा स्थान बनाएका छन् । बुधबार दशरथ रंगशालामा भएको सेमिफाइनलमा नेपाल भारतसँग पेनाल्टी सुटआउटमा ३-२ ले पराजित भयो । पाकिस्तानले सडनडेथमा भुटानलाई हराउँदै पहिलोपटक फाइनलमा स्थान बनाएको हो । फाइनल खेल शनिबार हुनेछ ।

पेनाल्टीमा भारतलाई जित दिलाउन अर्जुन सिंह, ग्वाम्सर गोरारी र अन्तिम पेनाल्टी प्रहार गरेका मानडलेनथाङ किप्गेनले गोल गरे । नेपालका गोलकिपर तथा कप्तान जियारथ शेखले भारतका दिनेश सिंह सौबम र रिकी मित्तलको पेनाल्टी रोकेका थिए । नेपालको तर्फबाट पेनाल्टीमा आश्विन घोडासैनी र कुशल देउवाले मात्रै गोल गरे । दोस्रो नम्बरमा पेनाल्टी प्रहार गर्न गएका प्रशान्त लक्ष्मको प्रहार भारतीय गोलकिपर लियोनल डारियलले रोकेका थिए । चौथो नम्बरमा आएका लक्षु थापाको प्रहार बारमा लाग्दा विक्रम तामाङको प्रहार अकासिएको थियो ।

पाँचौँ संस्करण जारी रहँदा नेपाल र भारत समान दुईपटकका च्याम्पियन हुन् । नेपालले सुरुवाती दुई संस्करणको उपाधि जितेको छ । भारतले त्यसपछिका दुई उपाधि जितेको हो । यसपटक भारत उपाधिमा ह्याट्रिक गर्ने लक्ष्यमा छ । नेपाल भने लगातार तेस्रोपटक फाइनल पुग्नबाट असफल भएको छ ।

नेपालका प्रशिक्षक सुनिल श्रेष्ठले मिहिनेत गर्दागर्दै पेनाल्टीमा असफल भएको बताए । 'खेलाडीले मिहिनेत गर्दागर्दै सफल भएनौँ । खेलमा यस्तो भइहाल्छ । पेनाल्टी अभ्यास कम भएको हैन, सबै घाइते हुँदा समस्या भयो,' श्रेष्ठले भने, 'भारतविरुद्ध बल पोसेसन राख्न खोजेका थियौँ । अन्तिम मिनेटमा गोल हुन सकेन,' उनले भने ।

भारतका प्रशिक्षक सुभेन्दु पांडाले खेल निकै रोमाञ्चक भएको र घरेलु समर्थकबीच नेपाललाई दबाब दिन सफल भएको बताए । 'खेल निकै उत्साहपूर्ण थियो । समर्थकले गर्दा खेलाडीलाई दबाब भयो । पहिलोपटक यत्रो समर्थकबीच खेलेका थियौँ,' पांडाले भने । 'नेपाल निकै राम्रो टोली हो । हामी पेनाल्टीमा सफल भयौँ,' उनले भने । पांडाले फाइनलमा पाकिस्तानसँग राम्रो प्रतिस्पर्धा हुने बताएका छन् ।



तस्बिर : **दिपेन्द्र ढुंगाना**/ नयाँ पत्रिका

आक्रामक खेल

पहिलो हाफमा भारत नेपालविरुद्ध आक्रामक भएको थियो । नेपालले समेत आक्रामक खेल प्रस्तुत गर्‍यो । तर, भारत पहिलो हाफ फिनिसिङमा सफल देखियो । लगातार आक्रमणका बाबजुद नेपाल दोस्रो हाफमा गोल गर्न सफल भएको हो । खेलको ३२औँ मिनेटमा नेपालले पहिलो सशक्त प्रहार गरेको थियो ।

कुशल देउवाले ३० यार्डबाट हानेको लामो प्रहार भारतीय गोलकिपर लियोनल डारियलले सीधै आफ्नो पन्जामा पारेका थिए । पहिलो हाफको इन्जुरी समयमा कुशलले नै हानेको कर्नरमा समीर तामाङले हानेको हेडर पोस्टमाथिबाट बाहिरिएको थियो । ४७औँ मिनेटमै नेपालले खतरनाक मुभ बनायो । लक्षु थापाको थ्रु बललाई नीराजन धामीले बक्सभित्रबाट प्रहार गर्दा पोस्टमा लागेर बाहिरियो ।

खेलको ५४औँ मिनेटमा राजा हरिजानले हातले बल छोएपछि पाएको फ्रिकिकलाई २५ यार्डबाट प्रशान्तले प्रहार गरे पनि सटिक रहन सकेन । ग्वाम्सर गोयरीले पहिलो हाफको इन्जुरी समयमा हानेको प्रहार नेपालका गोलकिपर जियारथ शेखले बचाएका थिए ।

भारतको अग्रता

खेलको २७औँ मिनेटमा पहिलो गोल भयो । भारतका साहिल खुर्सिदले गोल गरे । अर्जुन सिंहले बक्सभित्रबाट मिलाएको बललाई साहिलले भली गोल गरेका थिए । १२ हजार ६ सय ५६ समर्थकमाझ खेलको ७३औँ मिनेटमा नेपालका समीर तामाङले बराबरी गोल गरेका हुन् । दीपक थापामगरले बक्सबाहिरबाट मिलाएको पासलाई सदुपयोग गर्दै समिरले बक्सभित्रबाट हेड गोल गरेका हुन् ।

उत्तेजित समर्थक

दोस्रो हाफको आठौँ मिनेटमा आक्रामक बनेका दर्शकले मैदानमा पानीको बोतल फालेका थिए । समीर तामाङलाई मध्यभागमा भारतका रिकी मित्तलले कुइनाले प्रहार गरेपछि घरेलु दर्शक आक्रामक बन्दै बोतल मैदानमा फ्यालेका हुन् ।

घरेलु समर्थकको दबाब भयो

शुभेन्दु पांडा, प्रशिक्षक, भारत

खेल निकै उत्साहपूर्ण रह्यो । समर्थकले खेल राम्रो माने । दुवै टोलीलाई प्रेसर भयो । हाम्रा खेलाडीले पहिलोपटक यति धेरै दर्शकबीच खेल खेलेका हुन् । दबाबलाई धान्न सके । नेपाल राम्रो टोली हो । हामीलाई दबाबमा राख्यो । सुरुवातमै गोल गरे पनि खेल पेनाल्टीमा पुग्यो । फाइनलमा पाकिस्तान राम्रो प्रतिद्वन्द्वी हो । फाइनल खेल्न तयार छौँ ।

मिहिनेत गर्दागर्दै सफल भएनौँ

सुनिल श्रेष्ठ, प्रशिक्षक, नेपाल

खेलाडीले मिहिनेत गर्दागर्दै सफल भएनन् । खेलमा यस्तो भइहाल्छ । पेनाल्टी अभ्यास कम भएको हैन, सबै घाइते हुँदा समस्या भयो । किपरले राम्रो गर्‍यो । बल पोसेसन राख्न खोजेका थियौँ । तर पनि भारतले अग्रता बनायो । भारत राम्रो टोली हो । एक गोल खाएर पनि पुनरागमन गर्‍यौँ । अन्तिम मिनेटमा गोल सफल भएन । लगातार फाइनल पुग्न सकेनौँ । फाइनलभन्दा पनि प्रदर्शन याद गर्नुपर्छ । रिजल्टमा चुकेका छौँ ।

पाकिस्तान पहिलोपटक फाइनलमा

भुटानलाई सडनडेथमा ५-६ ले पराजित गर्दै पाकिस्तान साफ यू-१९ च्याम्पियनसिपको फाइनलमा प्रवेश गरेको छ । निर्धारित समयमा दुवै टोलीबाट गोल हुन नसकेपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट लिइएको हो । पेनाल्टीमा पाकिस्तानका लागि मोहम्मद आदिल युनस, शाह जहन, अलिज अफर, फुर्सिद आलम, मोहम्मद सदाम र कमिल अहमद खानले गोल गरेका थिए । भुटानका लागि किन्जाङ तेन्जिङ, जिग्मे नाम्गेल, रिन्जिन दोर्जे, युगेन दोर्जे र पेमा जाङ्पोले गोल गरेका हुन् । प्रतियोगिताको पाँचौँ संस्करण आइपुग्दा पाकिस्तान पहिलोपटक प्रतियोगितामा सहभागी भएको हो ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com